# स्थानीय तहमा लघु, घरेलु तथा साना उद्योग व्यवस्थापन र नियमन सम्बन्धी











# स्रोत पुस्तिका

प्रकाशक

नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

# स्थानीय तहमा लघु, घरेलु तथा
# साना उद्योग व्यवस्थापन र नियमन सम्बन्धी
# स्रोत पुस्तिका

नेपाल सरकार

**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**

सिंहदरबार, काठमाडौं

नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोन { ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:-

चलानी नं.:-

## शुभकामना

मुलुकको आर्थिक विकासको मूल आधार नै औद्योगिक क्षेत्रको बढोत्तरी विकास हो । यस क्षेत्रको विकासमा लघु, घरेलु तथा साना उद्योगहरुको महत्वपूर्ण योगदान रहेको हुन्छ । अर्थतन्त्रलाई आत्मनिर्भर, दिगो एवं सुदृढ बनाई देशमा रहेको बेरोजगारी, अर्धबेरोजगारी र गरिबीको समस्यालाई समाधान गर्न पनि लघु, घरेलु तथा साना उद्योगले महत्वपूर्ण भूमिका खेलेका हुन्छन् ।स्थानीय कच्चा पदार्थ, सीप र प्रविधिको अधिकतम उपयोग गर्दै तुलनात्मक र प्रतिस्पर्धात्मक लाभका क्षेत्रको पहिचान गरी उद्यमशीलता र सीप विकासको माध्यमबाट रोजगारीका अवसरहरुको श्रृजना, गरिबी न्यूनीकरण, आयात व्यवस्थापन र निर्यात प्रवर्द्धनबाट देशको अर्थतन्त्रलाई आत्मनिर्भर र सुदृढ गर्न सकिन्छ ।

भौगोलिक, सामाजिक एवं सांस्कृतिक विविधताले भरिपूर्ण नेपालमा ठूला र मझौला प्रकृतिका उद्योगको तुलनामा लघु, घरेलु तथा साना उद्योगहरुको विकास गर्न सहज हुने र यसबाट समुदाय छिटो र प्रत्यक्ष लाभान्वित हुने पनि देखिन्छ । एकातर्फ यस्ता उद्योगहरुले ठूला एवं मझौला उद्योगहरुलाई कच्चा सामाग्री उपलब्ध गराई सहयोग पुर्याउन सक्दछन् भने अर्कोतर्फ स्थानीय तहमा रोजगारीका अवसरहरु श्रृजना गर्दछन् । यसको लागि लघु, घरेलु तथा साना उद्योग सम्बन्धी नीतिगत एवं कानूनी व्यवस्थालाई एकीकृत रुपमा उपलब्ध गराउदा सेवा प्रवाह प्रभावकारी हुन मद्दत पुर्याउछ ।

स्थानीय तहमा लघु, घरेलु तथा साना उद्योग सम्बन्धी सेवा प्रवाहलाई सरल, सहज, एवं पारदर्शी बनाउन लघु, घरेलु तथा साना उद्योगसँग सम्बन्धित सैद्धान्तिक, नीतिगत एवं कानूनी व्यवस्था लगायतका विषयहरु समावेश गरी श्रोत पुस्तिका तयार गरिएको हुनाले स्थानीय तहमा लघु, घरेलु तथा साना उद्योग स्थापना गर्न चाहने उद्यमी, व्यवसायी, नियमनकारी निकाय एवं सम्बद्ध सबैलाई यो श्रोत पुस्तिका उपयोगी हुनेछ भन्ने विश्वास मैले लिएको छु ।

अन्तमा, लघु, घरेलु तथा साना उद्योग सम्बन्धी श्रोत पुस्तिका तर्जुमामा सहयोग पुर्याउनु हुने उपभोक्ता हित संरक्षण मंच र स्थानीय सरकार सवलीकरण कार्यक्रम लगायत सम्बद्ध सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

मिति: २०७८।०७।०२

.......................

(एकनारायण अर्याल)

सचिव

# दुई शब्द

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ उपदफा ५ खण्ड घ मा स्थानीय तहको काम, कर्तव्य र अधिकार अन्तर्गत स्थानीय तहले लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी, नियमन, विकास प्रवर्द्धन र व्यवस्थापन गर्ने अधिकार रहने व्यवस्था छ । सो भन्दा अघि लघु, घरेलु तथा साना उद्योगहरू संघीय सरकार र प्रदेश सरकारका कार्यालयबाट दर्ता, अनुगमन नियमन गर्ने कानूनी व्यवस्था रहेको थियो ।

स्थानीय तहले लघु, घरेलु तथा साना उद्योग नियमन व्यवस्थापन प्रबर्द्धन सम्बन्धी काम गर्दा स्थानीय सरकार सञ्चालन २०७४ को दफा १०२ अन्तर्गत स्थानीय उद्योग व्यवथापन तथा अनुगमन सम्बन्धी ऐन र नियम जारी गर्नुपर्छ । स्थानीय तहमा सो कानून कार्यान्वयन गर्न स्थानीय उद्योग प्रबर्द्धन समिति र शाखा स्थापना गर्नुपर्छ । त्यस्ता उद्योगहरूलाई दर्ता प्रबर्द्धन अनुगमन गर्ने संयन्त्र, जनशक्ति र आर्थिक स्रोतको व्यवस्था गर्नुपर्छ । स्थानीय उद्योगहरूलाई लैंगिक समानता अपाङ्गता तथा सामाजिक समाबेशिता सिद्धान्तको आधारमा प्रबर्द्धन, विकास गर्नुपर्छ । स्थानीय उद्योगबाट उत्पादित वस्तुको बजारीकरण गर्नु उद्योग प्रबर्द्धन र विकास गर्नु स्थानीय तहको दायित्व हो । यस स्थानीय तहको यो कानूनी दायित्व पूरा गर्न उद्योग प्रशासन सञ्चालन गर्दा आवश्यक पर्ने सामाग्रीहरू समेटेर यो स्रोत पुस्तिका तयार गरिएको छ ।

यो पुस्तकको मस्यौदामा संलग्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका उपसचिव तुलसीराम अर्याल, उद्योग विज्ञ डा. नारायण बहादुर थापा, अधिवक्ताहरू श्रङ्गऋषि काफ्ले, कुमारी खरेल, नेपाल नगरपालिका संघको कानून अधिकृत सरिता सापकोटा, राष्ट्रिय गाउँपालिका महासंघ नेपालको कानून अधिकृत गीता श्रीसप्रति मञ्च आभार प्रकट गर्दछ । स्रोत पुस्तिकामा राय सुझाव दिने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सह-सचिव वसन्त अधिकारी, स्थानीय सरकार सवलीकरण कार्यक्रमका कार्यक्रम निर्देशक बिष्णु अधिकारी र बरिष्ठ शासन सल्लाहकार परशुराम उपाध्यायलाई विशेष धन्यवाद ज्ञापन गर्दछौं । त्यस्तै स्थानीय सरकार सवलीकरण कार्यक्रमका बरिष्ठ कार्यक्रम अधिकृत अमोल आचार्य र कार्यक्रम अधिकृत पुष्पा पौडेल, उपभोक्ता हित संरक्षण मञ्चका कार्यक्रम अधिकृत अनुज कार्की, जेडसी अधिकृत पुजा कट्टेल र उपभोक्ताकर्मी सुविन पाण्डेलाई विशेष आभार ज्ञापन गर्दछौं ।

पुस्तिकामा अत्यन्तै महत्वपूर्ण शुभकामनासहित मन्तव्य दिनु हुने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका श्रीमान् सचिव एकनारायण अर्याललाई हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

.........................................

**ज्योति बानियाँ**

अध्यक्ष

उपभोक्ता हित संरक्षण मञ्च नेपाल

# विषयसूची


| | | |
|---|---|---|
| १. | भाग - १ पृष्ठभूमि | १ |
| २. | भाग - २ उद्योग व्यवसायको लागि व्यावसायिक योजना | ९ |
| ३. | भाग - ३ स्थानीय तहमा उद्योग व्यवस्थापनका लागि नीतिगत तथा कानूनी व्यवस्था | १६ |
| ४. | भाग - ४ उद्योग दर्ता, नवीकरण, प्रोत्साहन र खारेजी सम्बन्धी व्यवस्था | ४० |
| ५. | भाग - ५ अनुगमन र मूल्याङ्कन सम्बन्धी व्यवस्था | ४३ |
| ६. | भाग - ६ सामुदायिक लघु उद्यम विकास | ४६ |
| ७. | भाग - ७ जोखिम व्यवस्थापन | ४८ |
| ८. | भाग - ८ बजार व्यवस्थापन | ५० |
| ९. | भाग - ९ नवप्रवर्द्धन र उद्यमशीलता | ५४ |
| १०. | भाग - १० स्वाधीन अर्थतन्त्रको प्रवर्द्धन | ६६ |
| ११. | भाग - ११ संस्थागत सामाजिक उत्तरदायित्व | ६८ |
| १२. | भाग - १२ स्थानीय उद्योगको व्यवस्थापन र लैङ्गिक समानता, अपाङ्गता तथा समाजिक समावेशीकरण | ७५ |
| १३. | भाग - १३ स्थानीय उद्योगको व्यवस्थापन र विज्ञापन | ७८ |
| | अनुसूची १ | ७९ |
| | अनुसूची २ | ८३ |
| | अनुसूची ३ | ८५ |
| | अनुसूची ४ | ८७ |
| | अनसूची ५ | ९१ |
| | अनसूची ६ - स्थानीय उद्योग दर्ता, सञ्चालन, व्यवस्थापन र नियमन सम्बन्धी ऐनको ढाँचा | ९४ |
| | अनसूची ७ - स्थानीय उद्योग दर्ता, सञ्चालन, व्यवस्थापन र नियमन नियमावलीको ढाँचा | १२० |
| १४. | उद्योग दर्ता, अभिलेखीकरण र नवीकरणको लागि दिइने निवेदनको ढाँचा | १२४ |
| १५. | सन्दर्भ सूची | १४० |

# स्थानीय तहमा लघु, घरेलु तथा साना उद्योग व्यवस्थापन र नियमन सम्बन्धी स्रोत पुस्तिका सारांश

लघु, घरेलु तथा साना उद्योगको माध्यमबाट स्थानीय साधन र स्रोतको उपयोग गरी देशमा रोजगारी सृजना गर्नु आजको आवश्यकता रहेको छ। उद्यमशीलताबाट स्थानीय साधन र श्रोतको उपयोग हुने र ठूला उद्योगलाई कच्चा पदार्थ साथै अर्ध प्रशोधित कच्चा पदार्थको आपूर्ति हुने हुँदा औद्योगिक उत्पादन अभिवृद्धि हुन सक्दछ । त्यसैले लघु, घरेलु तथा साना उद्योग सञ्चालनमा स्थानीय तहले तदारुकताका साथ कार्य गर्नुपर्ने देखिएको छ ।

स्थानीय तहको रूपमा रहेका गाउँपालिका र नगरपालिकाले स्थानीय स्तरमा उद्योगहरूको स्थापना गरी जराधार तह (Grassroots Level) देखि नै आर्थिक रूपले सुदृढ घरपरिवार र समुदाय निर्माण गर्न सकिन्छ। त्यसैले स्थानीय तहमा लघु, घरेलु तथा साना उद्योग सम्बन्धी सेवा प्रवाहलाई सरल, सहज, एवं पारदर्शी बनाइ स्थानीय उद्योगहरू र स्थानीय तहलाई उपयोगी होस् भनेर यो स्रोत पुस्तिका तयार गरिएको छ । यसको मुख्य उद्देश्य **स्थानीय तहमा लघु, घरेलु तथा साना उद्योग स्थापना, सञ्चालन र नियमनमा सहयोग पुऱ्याउनु** रहेको छ ।

यो स्रोत पुस्तिका तयार गर्दा मुख्य कानूनी आधार नेपालको संविधान, औद्योगिक नीति, २०६७, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, औद्योगिक व्यवसाय ऐन, २०७६ लगायत अन्य प्रचलित नीति तथा कानूनलाई लिइएको छ। नेपालको संविधान बमोजिम उद्योगको विकास र विस्तारद्वारा  निर्यात प्रवर्द्धन गर्दै वस्तु र सेवाको बजार विविधिकरण गर्ने, राष्ट्रिय उद्योगधन्दा र साधन स्रोतको संरक्षण र प्रवर्द्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता प्रदान गर्ने भन्ने व्यवस्था छ । त्यस्तै विभिन्न नीतिहरूमा विशेषत लघु उद्यम तथा घरेलु तथा साना उद्योग व्यवसाय सञ्चालन गर्नको लागि स्थानीय तहलाई समेत पर्याप्त रूपमा मार्गदर्शन भएको देखिन्छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारको दफा ११ (२) अन्तर्गत व्यवस्था गरिएका स्थानीय उद्योगसँग सम्बन्धित धेरै विषयहरू लगायत लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी, नियमन, विकास प्रवर्द्धन र व्यवस्थापन सम्बन्धी विषय, उद्यमशीलताको विकास र व्यवस्थापन सम्बन्धी विषयहरू स्पष्ट रूपले प्रस्तुत गरिएको छ । यस्तै औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ११ ले कुनै एक ठाउँमा सञ्चालन गर्ने गरी दर्ता भएको उद्योग कुनै कारणले अन्यत्र स्थानान्तरण गर्नुपर्ने भएमा सोको कारण खुलाई उद्योग

दर्ता गर्ने समक्ष तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ भन्ने व्यवस्था छ । स्थानान्तरणका लागि सो बमोजिम निवेदन प्राप्त हुन आएमा उद्योग दर्ता गर्ने निकायले सम्बन्धित स्थानीयतहको सिफारिसमा उद्योग स्थानान्तरणको स्वीकृति प्रदान गर्न सक्नेछ भन्ने व्यवस्था गरिएको छ । यस ऐनको विभिन्न दफामा उद्योग दर्ता नगरेमा हुने जरिबानाबारे पनि उल्लेख गरेको पाइन्छ । औद्योगिक व्यवसाय नियमावली, २०७६ को नियम ३ अनुसार उद्योग दर्ता गर्ने चाहने व्यक्तिले नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, उद्योग रहने ठाउँको नक्साङ्कन सहितको विवरण, साझेदारीमा गर्ने भए साझेदारबीचको सम्झौताको प्रतिलिपि, उद्योग सञ्चालन गर्ने क्षेत्रको गाउँपालिका वा नगरपालिकाको सिफारिस जस्ता कागजातहरू पेस गर्नुपर्ने भनी व्यवस्था गरेको छ । साथै एकल विन्दु सेवा केन्द्र, छुट, सुविधा वा सहुलियतबारे पनि स्पष्ट गरेको छ ।

प्रदेश तहमा बनेका केही ऐनले स्थानीय तहको उद्योग सम्बन्धी जिम्मेवारीको केही मात्रामा व्यवस्था गरी जिम्मेवार बनाउन गरेको प्रयासलाई सकारात्मक नै मान्नु पर्दछ । त्यस्तै केही स्थानीय तहहरूले औद्योगिक ऐन तर्जुमा गरी कार्यान्वयनमा ल्याएको अवस्था छ । यसरी पहल गर्ने स्थानीय तहहरू मध्ये गुल्मीको मुसिकोट नगरपालिका, सुर्खेतको वीरेन्द्रनगर नगरपालिका, कास्कीको पोखरा महानगरपालिकाको पर्यटन विकास ऐन, २०७७ मा व्यवस्था गरिएका महत्वपूर्ण प्रावधानहरू स्रोत पुस्तिकामा समावेश गरिएको छ ।

यस पुस्तिकामा उद्योग सञ्चालनका लागि सहयोगी आधारहरू प्रस्तुत गरिएका छन् । सूचना, ऋण सुविधा, बीउपूँजी, लगानी, तालिम, प्रविधि, स्थानीय वातावरण, लेबल निर्धारण जस्ता आधारहरूबारे चर्चा गरिएको छ । त्यस्तै उद्योग व्यवसायलाई प्रत्यक्ष प्रभाव पार्ने तत्त्वहरूमा सरकारी नीति, लगानी, प्रविधि भौतिकपूर्वाधार, कच्चा पदार्थ, जनशक्ति, बजार व्यवस्था जस्ता विषयहरूबारे पनि प्रष्ट्याइएको छ । उद्योगीले उद्योग व्यवसाय छनौट गर्दा मानवीय तथा प्राकृतिक स्रोत र कच्चा पदार्थको उपलब्धताको अवस्था, बजारको अवस्था, वस्तु वा सेवाको माग, आपूर्ति तथा मूल्यको स्थिति, प्रतिस्पर्धा गर्न सक्ने क्षमताको आंकलन, बजार व्यवस्थापन र गाउँ-नगर अन्तर सम्बन्ध आदि विषयहरूलाई ध्यान दिनुपर्ने कुरामा पनि व्यवस्था गरिएको छ । साथै यसमा समावेश गरिएका असल अभ्यासका वास्तविक कथाहरूले यस पुस्तिकालाई व्यवहारिक बनाउन सहयोग पुग्ने छ ।

यस पुस्तिकामा राखिएको “व्यावसायिक योजना” उद्योग स्थापना र सञ्चालनका लागि महत्वपूर्ण पक्ष हो । उद्योगीले व्यवस्थित रूपमा उद्योग व्यवसाय स्थापना र सञ्चालनका लागि व्यावसायिक योजनाको आवश्यकता पर्दछ । व्यावसायिक योजना तयार गर्दा उद्योग व्यवसायको छोटो परिचय, वित्तीय योजना, पूँजीको श्रोत, उत्पादन

गरिएको वस्तुको साइज, रङ, आकार, तौल, विशेषता खुलाई हाल बजारमा भइरहेको प्रतिस्पर्धीको वस्तु र सेवा भन्दा के फरक छ, सो पनि खुलाउने बारेमा व्याख्या गरिएको छ । साथै वस्तु वा सेवाको उत्पादन कसरी गरिन्छ वा कुन विधि र तरिकाबाट उत्पादन गर्ने भन्ने बारे ज्ञान, उद्योग व्यवसायमा काम गर्ने प्रत्यक्ष कामदार र अप्रत्यक्ष कामदारको उपलब्धता बारेमा जानकारी, बिक्री मूल्य निर्धारण, कस्तो प्रविधिको प्रयोग हुने भन्ने सम्बन्धमा खाका प्रस्तुत, प्रतिस्पर्धा विश्लेषण, व्यवसायमा सामाजिक उत्तरदायित्वको विषय, जोखिमको पहिचान तथा व्यवस्थापनका विषयहरू यस पुस्तिकामा “व्यावसायिक मार्गदर्शन” को रूपमा उल्लेख गरिएको छ ।

उद्योग दर्ता, नवीकरण, प्रोत्साहन र खारेजी सम्बन्धी व्यवस्था उद्योग स्थापना र सञ्चालनका लागि मुटु हुन् । स्थानीय स्तरमा उद्योगको स्थापना वा सञ्चालन गर्नका लागि सम्बन्धित स्थानीय तहमा दर्ता गराउनु पर्दछ । पहिलेदेखि दर्ता भई सञ्चालनमा रहेका उद्योगले भने स्थानीय तहको कानून प्रारम्भ भएको निश्चित अवधि भित्र सम्बन्धित स्थानीय तहमा अभिलेख गरी अद्यावधिक गर्नुपर्ने हुन्छ । साथै स्थानीय उद्योग बाहेक अन्य उद्योग स्थानीय तह भित्र दर्ता र सञ्चालन गर्न चाहेमा त्यस्तो उद्योगले उद्योग दर्ता गर्ने निकायले तोकेको कागजात सहित स्थानीयतहमा सिफारिसका लागि कानून बमोजिम निवेदन दिनुपर्ने व्यवस्था गरिएको छ ।

कानून बमोजिम दर्ता भएको उद्योग व्यवसाय उद्योगी व्यवसायीले कुनै कारणले बन्द गरेमा वा अन्य कुनै कारणले उद्योगको उत्पादन वा कारोबारमा अवरोध भएमा वा उद्योगको व्यावसायिक उत्पादन वा कारोबार बन्द गरेमा त्यसको जानकारी कारण खुलाई सम्बन्धित स्थानीय तहलाई दिनुपर्ने हुन्छ । सो जानकारी प्राप्त भए पछि सम्बन्धित स्थानीय तहले बन्द गर्नुपर्ने कारणहरूको पहिचान र विश्लेषण गरी समस्याहरू निराकरणका लागि आवश्यक पहल तथा सहजीकरण गर्न सक्ने व्यवस्था गर्नुपर्दछ । उद्योग सञ्चालन गर्न नसकिने भई दर्ता खारेज गर्नुपर्ने भएमा उद्योगको दर्ता खारेजीको लागि स्थानीय तह समक्ष दर्ता खारेज गर्नुपर्ने कारणसहित निवेदन दिनुपर्ने हुन्छ । उद्योगको दर्ता खारेज गर्नुअघि कार्यालयले दर्ता खारेज गर्न निवेदन दिएको उद्योगसँग कसैको कुनै प्रकारको लेनदेन बाँकी भएको भए पैंतीस दिन भित्र सोको प्रमाण सहितको लिखित दाबी स्थानीय तह समक्ष पेस गर्न सम्बन्धित उद्योगले राष्ट्रिय स्तरको वा स्थनीय स्तरको पत्रिकामा सूचना प्रकाशन गर्नुपर्दछ । उद्योग दर्ता खारेज वा लगतकट्टा गर्न नसकिने देखिएमा उद्योग दर्ता खारेज गर्न नसकिएको आधार र कारण सहित निर्णय गरी त्यस्तो निर्णय भएको जानकारी सम्बन्धित निवेदकलाई दिनुपर्ने विषयमा समेत पुस्तिकामा स्पष्ट गरिएको छ ।

उल्लिखित व्यवस्थाका अतिरिक्त लघु उद्योग दर्ता गर्न दस्तुर नलाग्ने व्यवस्था गर्ने, उद्योगीलाई जग्गा खरिद वा जग्गा उपलब्ध गराई दिन आवश्यक समन्वय वा सहजीकरण, औद्योगिक सुरक्षा, विपद जस्ता आपतकालीन अवस्थामा उद्योगले अकल्पनीय क्षति भएमा सहयोग, एकल विन्दु सेवा केन्द्र, रूग्ण उद्योग पुनरुत्थान, सफल र अनुशासित तथा उत्कृष्ट उद्योगलाई पुरस्कृत व्यवस्था हुने सहयोग र प्रोत्साहन जस्ता विषयमा पनि प्रस्तुत गरिएको छ ।

उद्योग व्यवसाय स्थापनादेखि सञ्चालन र उत्पादन तथा बजारीकरणको सम्बन्धमा स्थानीय तह लगायत सम्बद्ध निकायले निरन्तर निरीक्षण, जाँचबुझ, निगरानी र सुझाव समेत दिई कार्य सम्पादनलाई प्रभावकारी बनाउन सहयोग पुऱ्याउन र उद्योग व्यवसायको लक्ष्य र प्रगतिबारे निरन्तर सूचना सङ्कलन गरी सो को आवश्यक निर्णयहरू लिन अनुगमन र मूल्याङ्कन सम्बन्धी व्यवस्था गरिएको छ । साथै उद्योग व्यवसाय मूल्याङ्कन गर्दा उद्योग व्यवसाय सञ्चालन गर्नुभन्दा पहिले गर्ने मूल्याङ्कन, सञ्चालन भइरहेको अवस्थामा गर्ने मूल्याङ्कन, सञ्चालनको पहिलो चरण पूरा भएपछि गर्ने मूल्याङ्कन र अन्तमा जनतामा पारेको प्रभाव मूल्याङ्कन सम्बन्धी चरणहरू अवलम्बन गर्ने भन्ने सम्बन्धमा पनि स्पष्ट गरिएको छ ।

लघु उद्यम गरिबी निवारणका लागि महत्वपूर्ण रहेको छ । खासगरी गरिबीको रेखामुनि रहेका समुदाय, वैदेशिक रोजगारीबाट फर्किएका वा स्वदेशमा रोजगारी गुमाएका बेरोजगार व्यक्ति, विगतमा स्थापना गरिएको तर सञ्चालनमा नआएका तर सञ्चालन हुन सक्ने सम्भावित लघु उद्यमी, भविष्यमा सञ्चालन गर्न सम्भावना भएको लघु उद्यमलाई सहयोग गर्ने गरी नेपाल सरकारले नीति लिएको छ । स्थानीय तहले नयाँ लघु उद्यमीको सिर्जना सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा बजार, श्रोत तथा सम्भाव्यता अध्ययन, उद्यमी समूह निर्माण र क्षमता वृद्धि, उद्यमशीलता विकास तालिम, कर्जा प्रवाह गर्न सहयोग र सहजीकरण, उपयुक्त प्रविधिमा पहुँचका लागि सहयोग र सहजीकरण, गर्ने कार्यमा ध्यान दिनु पर्दछ ।

उद्योग व्यवसाय सञ्चालन गर्दा जोखिमहरू सामना गर्नुपर्ने हुन सक्दछ । जोखिमको कारणबाट संस्थाको लक्ष्य र उद्देश्य पूरा हुन कठिनाई हुने हुँदा जोखिमका कारक तत्त्वहरूलाई थाहा पाउनु पर्दछ । कमजोर आन्तरिक व्यवस्थापकीय प्रणाली, अपर्याप्त र कमजोर संगठन क्षमता, कर्मचारी र कामदारमा कार्यकुशलता र अनुशासनकाको कमी, आन्तरिक र वाहय सरोकारवालाहरूको सहभागिता र सहकार्यमा समस्या जस्ता कारणहरू हुन सक्दछन् । त्यसैले यी कारक तत्वहरूको समयमा नै व्यवस्थापन गर्नुपर्ने विषयमा पनि पुस्तिकामा व्यवस्था गरिएको छ ।

उद्योग व्यवसायका लागि बजार पनि प्रमुख विषय हो । वर्तमान प्रतिस्पर्धात्मक प्रणालीमा बजार व्यवस्थापनको पूरानो एवं संकुचित अवधारणाले मात्र उत्पादनलाई उपभोक्तासम्म पुऱ्याउन कठिन हुन सक्दछ। उद्यमी व्यवसायीद्वारा उत्पादित वस्तु वा सेवाप्रति ग्राहकले चाहना, इच्छा एवं त्यस वस्तु वा सेवाको मूल्य तिर्न सक्ने क्षमता भएका एवं वस्तु वा सेवाको मूल्य तिर्न तत्पर ग्राहकहरू नै बजार हो भन्ने सोंचको आधारमा मात्र दिगो रूपमा टिक्न सकिन्छ। त्यसैले स्थानीय स्तरका उद्योगीले बजार कस्तो प्रकारको हो भन्ने सम्बन्धमा पनि जानकारी पाउन सकुन् भन्ने हेतुले बजारको वर्गीकरण गरी भौगोलिक क्षेत्रको आधारमा, खरिद/बिक्रीको उद्देश्यको आधारमा, वस्तुको प्रकृतिको आधारमा, उपभोगको आधारमा, प्रतियोगिताको आधारमा वर्गीकरण गरी स्पष्ट गरिएको छ।

उद्यमशीलताको लागि नवप्रवर्तन महत्वपूर्ण मानिन्छ। नवप्रवर्तनबारे सामान्य जानकारी प्राप्त होस् भन्ने उद्देश्यले यस्को सैद्धान्तिक पक्ष र नेपालको सन्दर्भमा व्यवहारिक पक्ष समेत समेटिएको छ। विदेशी वस्तु र प्रविधिको एकोहोरो प्रयोगकर्ता बनिरहनुको साटो नयाँ ज्ञान र सूचना प्रविधिमा आधारित स–साना सुरुवाती (स्टार्ट अप) व्यवसायहरूको प्रवर्द्धन गरेमा नेपालमै सफलता हासिल गर्न सकिन्छ भन्ने मान्यता सहित यस विषयमा केही प्रष्टता ल्याउने प्रयास गरिएको छ।

नेपालमा सर्वप्रथम वि.सं. १९९३ मा प्रधानमन्त्री जुद्ध शम्शेरले नेपाल पेटेन्ट डिजाइन र ट्रेडमार्क कानून बनाई लागू गरेर नवप्रवर्तनको प्रवर्द्धनको लागि कानूनी आधार खडा गरेका थिए भन्ने इतिहासको कुरादेखि लिएर विद्यमान कानूनी व्यवस्था बारे संक्षेपमा प्रस्तुत गरिएको छ । नेपालमा नवप्रवर्तनका प्रयासहरू भए पनि खासै प्रगति हुन सकेको छैन । सुधारका लागि व्यावसायिक विज्ञता हासिल गरेको रणनीतिक साझेदार छनौट गर्नुपर्ने, जोखिम लिने संस्कृतिको विकास गर्ने, अनुसन्धान र परीक्षणमा लगानी बढाउने, प्रशिक्षक आदानप्रदान गर्ने, विचार, प्रविधि र मागको प्रभावकारी संयोजन गर्ने, प्रतिभाहरूलाई प्रोत्साहन गर्ने, नवप्रवर्तनमुखी मानव स्रोत व्यवस्थापन गर्नेजस्ता कार्यहरूलाई बढावा दिनुपर्दछ।

राष्ट्रिय योजना आयोगबाट गत आर्थिक वर्षदेखि स्टार्टअप व्यवसायहरूलाई सरल कर्जा उपलब्ध गराई प्रोत्साहन गर्ने कार्यक्रम पनि सञ्चालन गर्नु, नास्टले वैज्ञानिकहरूको सूचीकरण तथा विदेशमा रहेका नेपाली वैज्ञानिकहरूलाई स्वदेश फर्काउन प्रयास गर्नु सकरात्मक पक्षहरू हुन्। त्यसैले यस अवसरलाई उपयोग गर्न स्थानीय तह र स्थानीय स्तरका उद्योगले योजना, सङ्गठन, नेतृत्व, समन्वय, नियन्त्रणजस्ता व्यवस्थापकीय कार्यहरूको साथै भर्ना, छनौट, नियुक्ति, पदस्थापना, तालिम, उत्प्रेरणा, जस्ता जनशक्ति व्यवस्थापनका हरेक पक्षहरूलाई नवप्रवर्तनमैत्री बनाउन सकेमा सफलता हासिल गर्न

सकिन्छ भन्ने विषयलाई पनि समावेश गरिएको छ ।

महिला, विपन्न र समाजमा पछाडि परेको तथा अपाङ्गता भएका व्यक्ति लगायत सिमान्तकृत समूहका मानिसहरूको जीवनस्तर उकास्ने प्रयोजनका लागि त्यस्ता व्यक्तिहरूलाई प्रोत्साहन गर्न स्थानीय सरकारको विशेष ध्यान जानुपर्दछ । विभिन्न सिपमुलक तालिमको व्यवस्था, सुरु लगानीमा सहयोग, विभिन्न शुल्क, कर आदिमा सहुलियत दिने तथा बजार प्रबर्द्धनमा सहयोग जस्ता कार्य गरी स्थानीय उद्योगले लैङ्गिक समानता र समाजिक समावेशीकरणमा ध्यान दिनुपर्ने विषयमा पनि व्यवस्था गरिएको छ ।

उद्योगी व्यवसायीले सामाजिक उत्तरदायित्वको विषयलाई पनि ध्यान दिनुपर्ने हुन्छ । उद्योगी व्यवसायीले आर्थिक, सामाजिक र वातावरणीय पक्षहरूलाई उचित ढङ्गले आफ्नो व्यावसायिक नीति एवम् कार्यक्रममा समाविष्ट गरी समुचित तवरले समेट्नु पर्ने विषयमा स्पष्ट व्यवस्था गरिएको छ । सामाजिक उत्तरदायित्व मुनाफा कमाएपछि मात्र गरिने परोपकारमुलक कार्य हो भन्ने आम बुझाइ मात्र यो होइन उद्योग व्यवसायको सुरूदेखि नै आम नागरिक र सरोकारवालासँगको सम्बन्ध सुमधुर गराउने, संस्थाको ख्याति बढाउने, थप लगानी आकर्षित गर्न सघाउने, कर्मचारी र कामदारको मनोबल एवम् कार्यकुशलता बढाउने, आपूर्ति सञ्जाल अझ बढी सशक्त गराउने र अन्तर्राष्ट्रिय बजारमा प्रवेश एवम् विस्तार गर्नसमेत सहज बनाउन सहयोगी समेत हुने विषय सामाजिक उत्तरदायित्व हो भन्ने सम्बन्धमा पनि स्पष्ट गरिएको छ ।

स्रोत पुस्तिकामा रहेका विभिन्न विषयहरू समेट्ने प्रयास गरी सारांश तयार गरिएको छ । यो पुस्तिकाको विषयलाई सारसंक्षेपमा प्रस्तुत गर्दा कतिपय विषयहरू छुटेको वा समावेश गर्न नसकिएको अवस्था पनि छ । तथापि यसले स्थानीय स्तरमा उद्योग व्यवसाय स्थापना र सञ्चालन गर्न सघाउ पुऱ्याउने अपेक्षा गरिएको छ ।

# स्थानीय तहमा लघु, घरेलु तथा साना उद्योग व्यवस्थापन र नियमन सम्बन्धी स्रोत पुस्तिका

## भाग - १
## पृष्ठभूमि

### १.१ पृष्ठभूमि

देशको समग्र विकासको लागि औद्योगिक क्षेत्रको विकास अनिवार्य आवश्यकता हो । नेपालको अर्थतन्त्रको मूल आधारको रूपमा रहेको यस क्षेत्रमा घरेलु तथा साना उद्योगको महत्वपूर्ण योगदान रही आएको छ । देशमा विद्यमान बेरोजगारी, अर्धबेरोजगारी र गरिबीको समस्या न्यूनीकरणका लागि लघु, घरेलु तथा साना उद्योगहरूको महत्वपूर्ण भूमिका रहन्छ। घरेलु तथा साना उद्योगको माध्यमबाट देशमा रोजगारी अवसर सृजना हुनुका साथै उत्पादित वस्तु तथा सेवाबाट आन्तरिक मागलाई पूर्ति गर्दै बाह्य निकासीमा समेत योगदान भई थप आय आर्जन हुन सक्दछ। उद्यमशीलता र सीप विकासको माध्यमबाट उद्यमी निर्माण, रोजगारी सृजना, स्थानीय साधन र श्रोतको उपयोग गर्न सकिन्छ। यसबाट ठूला उद्योगलाई कच्चा पदार्थ उपलब्ध हुनुका साथै अर्ध प्रशोधित कच्चा पदार्थको आपूर्तिमा योगदान पुगी औद्योगिक उत्पादन अभिवृद्धि हुन सक्दछ। स्थानीय कच्चा पदार्थ, श्रम, सीप र प्रविधिको उच्चतम् उपयोग गर्दै उपलब्ध कच्चा पदार्थबाट उद्योग व्यवसाय सञ्चालन गरी गुणस्तरीय वस्तु तथा सेवाको उत्पादन बढाउँदै जानु आवश्यक छ।

संघीय प्रणालीको कार्यान्वयनसँगै जराधारदेखि (Grassroots) देशको अर्थतन्त्रलाई बलियो बनाउन आवश्यक छ । गाउँपालिका र नगरपालिकाले स्थानीय स्तरमा स-साना उद्योगहरूको स्थापनाको लागि प्राथमिकताका साथ पहल गरेमा जराधार तह (Grassroots Level) देखिनै आर्थिक रूपले सुदृढ घरपरिवार र समुदायको सफलताले समग्र देशको आर्थिक विकासमा सकरात्मक असर र प्रभाव पर्न जाने सम्भावना रहन्छ। त्यसैले भौगोलिक, सामाजिक एवं साँस्कृतिक विविधताले भरिपूर्ण नेपालमा ठूला र मझौला प्रकृतिका उद्योगको तुलनामा लघु, घरेलु तथा साना उद्योगहरूको विकास गर्न सहज हुने र यसबाट समुदाय छिटो र प्रत्यक्ष लाभान्वित हुने पनि देखिन्छ।

## १.२ श्रोत पुस्तिकाको उपयोगिता र उद्देश्य

स्थानीय तहमा लघु, घरेलु तथा साना उद्योग सम्बन्धी सेवा प्रवाहलाई सरल, सहज, एवं पारदर्शी बनाउन लघु, घरेलु तथा साना उद्योगसँग सम्बन्धित सैद्धान्तिक, नीतिगत एवं कानूनी व्यवस्था लगायतका विषयहरू समावेश गरी श्रोत पुस्तिका तयार गरिएको हो । स्थानीय तहमा लघु, घरेलु तथा साना उद्योग स्थापना गर्न चाहने उद्यमी, व्यवसायी, नियमनकारी निकाय एवं सम्बद्ध सबैलाई यो श्रोत पुस्तिका उपयोगी हुने विश्वास लिइएको छ । यस श्रोत पुस्तिकाको मुख्य उद्देश्य स्थानीय तहमा लघु, घरेलु तथा साना उद्योग स्थापना, सञ्चालन र नियमनमा सहयोग पुऱ्याउनु हो । मुख्य उद्देश्यको अतिरिक्त निम्नानुसार अन्य उद्देश्यहरू प्रस्तुत गरिएको छ ।

क) स्थानीय तहमा लघु, घरेलु र साना उद्योगको विकास र प्रवर्द्धनको लागि आवश्यक पर्ने नीतिगत र कानूनी व्यवस्था सम्बन्धी जानकारी उपलब्ध गराउने,

ख) स्थानीय तहमा लघु, घरेलु तथा साना उद्योग मार्फत सीप, श्रम र प्रविधिको पहिचान र परिचालन गरी उद्यमशीलताको विकास गर्ने,

ग) स्थानीय कच्चा पदार्थको समुचित परिचालन गरी मझौला र ठूला उद्योगहरूलाई टेवा पुऱ्याउने,

घ) स्थानीय श्रम र सीपको विकास मार्फत स्वरोजगार र रोजगारीका अवसर सृजना गरी उद्यमशीलता मार्फत बेरोजगारी एवं गरिबी न्यूनीकरण गर्ने,

ङ) स्थानीय युवाहरूलाई स्थानीय तहमै नवप्रर्वतन (Innovation) का अवसर उपलब्ध गराई विकासमा सहयोग पुऱ्याउने ।

## १.३ उद्योग व्यवस्थापनको सैद्धान्तिक पक्ष

### १.३.१ लघु, घरेलु तथा साना उद्योगको सैद्धान्तिक पक्ष

यो श्रोत पुस्तिका तयार गर्दा नेपालको संविधान, औद्योगिक नीति, २०६७, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, औद्योगिक व्यवसाय ऐन २०७६ लगायत अन्य प्रचलित नीति तथा कानूनलाई मुलभूत आधारको रूपमा लिइएको छ । स्थानीय तहमा लघु, घरेलु र साना उद्योगसम्बन्धी कतिपय कानूनहरू बन्ने क्रममा रहेकोले यस सम्बन्धमा विस्तृत जानकारी नेपालको संविधान, सम्बन्धित नीति, प्रादेशिक ऐन र अन्य कानूनबाट लिन सुझाव गरिएको छ ।

### १.३.२ उद्योग सञ्चालनका लागि सहयोगी आधारहरू

उद्योग सञ्चालनका लागि सहयोगी आधारहरू देहाय बमोजिम छन्-

**क)** **सूचना:** उद्यम, व्यवसाय गर्न स्थानीय सम्भावना तथा अवसर सम्बन्धी आवश्यक सूचना स्थानीय स्तरमा प्रवाह गर्ने ।

**ख)** **ऋण सुविधा:** नाफा आर्जन गर्ने खालका व्यापारिक त्रियाकलापहरू सञ्चालन गर्न उद्यमीहरूलाई ऋण उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाउने ।

**ग)** **बिउपुँजी लगानी:** लघु उद्यमको क्रियाकलापहरूलाई बिउपुँजी लगानी गरी प्रोत्साहित गर्ने ।

**घ)** **तालिम:** उद्यम व्यवसाय विकासका लागि आवश्यक बजार व्यवस्थापन, उद्यम सञ्चालन र सिपमूलक तालिमहरू प्रदान गर्ने ।

**ड.)** **लगानी प्रविधि:** उद्यम व्यवसाय विकासका लागि उपयुक्त प्रविधिहरू उपलब्ध गराउने ।

**च)** **स्थानीय वातावरण:** उद्योग स्थापना हुने स्थान र स्थानीय परिवेशमा विशेष खालको सामाजिक रहनसहन र चलनचल्ती हुन सक्दछन् । त्यस अवस्थामा सामाजिक तथा साँस्कृतिक रूपमा स्वीकार हुनको लागि अनुकूल वातावरण सिर्जना गर्ने ।

**छ)** **लेबल निर्धारण:** उत्पादन गरेको वस्तुमा उत्पादकको नाम, ठेगाना र उद्योगको दर्ता नम्बर, वस्तुको गुणस्तर, उपयोग गर्ने तरिका, उपभोगको अवधि जस्ता कुराहरू उल्लेख गरी उपभोक्ता संरक्षण ऐन २०७५ बमोजिम लेवल टास्नु पर्ने ।

### १.३.३ उद्योग व्यवसायलाई प्रत्यक्ष प्रभाव पार्ने तत्त्वहरू

उद्योग व्यवसायको छनौट गर्नका लागि सम्भाव्यता अध्ययन गर्नुपर्ने हुन्छ । व्यवसाय छनौट गर्नका लागि व्यवसायलाई प्रत्यक्ष रूपमा प्रभाव पार्ने कुराहरू जस्तैः बजार, प्रविधि, कच्चापदार्थ, जनशक्ति, भौतिक पूर्वाधार, लगानी तथा सरकारी नीति आदिको सरल तरिकाबाट राम्रोसँग अध्ययन गरी उद्योग व्यवसाय सुरु गर्नु पर्दछ । सामान्यतया उद्योग व्यवसायलाई प्रत्यक्ष प्रभाव पार्ने कुराहरूको व्यवस्थापन गर्नुपर्ने विषयमा देहाय अनुसार प्रस्तुत गरिएको छ ।

**क) सरकारी नीति**

- उद्योग व्यवसाय स्थापना गर्न कानूनी व्यवस्था के कस्तो रहेको छ, बाधाहरू छन् कि छैनन् ? के यी बाधा अड्चनलाई सामना गर्न सकिन्छ,
- वातावरणीय अनुकूलता तथा वातावरणमैत्री छ वा छैन,

- समाजले स्वीकार हुन सक्छ वा सक्दैन, सामाजिक मान्यताभित्र पर्छ वा पर्दैन,

**ख) लगानी**

- उद्योग व्यवसायमा लगानी गर्न कति पुँजी चाहिन्छ ?
- के यो व्यवसाय फाइदाजनक हुन सक्ला ?
- पुँजीको व्यवस्था कसरी गर्ने ? के पुँजीको व्यवस्था गर्न क्षमता छ ?

**ग) प्रविधि**

- के कति साधन, कारखाना घर, मेसिन औजारहरूको आवश्यकता पर्दछ, जानकारी लिने,
- मेसिन औजारहरू कहाँ पाइन्छ, कहिले पाइन्छ, यी कसरी प्राप्त गर्ने ? जानकारी लिने,
- डिजिटल सामग्री तथा सफ्टवेयर (Digital Content and Software) को प्रयोग के कुन रूपमा गर्ने,

**घ) भौतिक पूर्वाधार**

- आवश्यक भौतिक पूर्वाधारहरूको उपलब्धता के कस्तो छ ?
- भौतिक पूर्वाधारहरूको उपलब्धता कसरी उपलब्ध गराउन सकिन्छ ?
- भौतिक पूर्वाधारहरूको उपलब्धता के कति समयको लागि व्यवस्था गर्न सकिन्छ ?

**ङ) कच्चा पदार्थ**

- उद्यम व्यवसायका लागि कच्चा पदार्थ स्थानीय रूपमा उपलब्ध हुन सक्छ सक्दैन,
- उद्यम व्यवसायका लागि आवश्यक कच्चा पदार्थ आंकलन,
- कच्चा पदार्थको स्रोत कहाँ प्राप्त छ ? यकिन गर्ने,
- कच्चा पदार्थको मूल्य,
- यातायात तथा ढुवानी खर्च कम गर्न उत्पादन स्थलको नजिक भएको हुनु पर्ने,
- वर्षैभरि पाइन्छ, पाइँदैन वा आपूर्ति के कति भरपर्दो छ,
- कच्चा पदार्थ प्राप्त गर्न के गर्नु पर्दछ र भण्डारणको व्यवस्था मिलाउन सकिन्छ वा सकिँदैन,

**च) जनशक्ति**

- उद्योग व्यवसायमा मुख्य कामदार को हुन सक्छन् र कुन तहको वा दक्षताको कामदार आवश्यकता पर्दछ यकिन गर्ने,

- जनशक्तिको व्यवस्था गर्न आवश्यक व्यवस्था मिलाउने,
- महिला, दलित, आदिवासी, अपाङ्गता भएका तथा सिमान्तकृत वर्गका लागि उद्यम व्यवसायमा संलग्न गराउने,

**छ) बजार**

- उद्यम, व्यवसाय कहाँ स्थापना गर्ने र बजारको प्रबन्धबारे ध्यान पुऱ्याउने,
- उद्यम व्यवसायको उत्पादन र सेवा बिक्री गर्न सकिन्छ वा सकिदैन,
- उत्पादित वस्तु वा सेवाको मागको अवस्था बारे विश्लेषण गर्ने,
- माग र आपूर्तिको अन्तर–सम्बन्ध कसरी बढाउन सकिन्छ, यसबारे आंकलन गर्ने,
- उद्योग व्यवसायले प्रदान गर्ने वस्तु वा सेवा वातावरणीयमैत्री हुन सक्छ वा सक्दैन ?
- उत्पादन मूल्य तुलनात्मक रूपमा कम र प्रतिस्पर्धात्म हुन सक्छ वा सक्दैन ? प्रतिस्पर्धी कति छन् र तिनीहरूको बिक्री कस्तो छ ? प्रतिस्पर्धाका तौरतरिका निर्धारण गर्ने,
- वस्तु वा सेवा बिक्री प्रक्रियाबारे यकिन गर्ने,
- जोखिम बारे आंकलन गर्ने र जोखिम न्यूनीकरणको रणकौशलता (Strategy) तयार गर्ने ।

### १.३.४ उद्योग व्यवसाय छनौट गर्दा ध्यान दिनुपर्ने विषय

उद्योग, व्यवसाय छनौटको विषयबारे स्पष्ट गर्ने सन्दर्भमा गहिरो रूपमा विचार गर्नु पर्दछ । किनकि मानिसको भविष्यको लक्ष्य फरक फरक हुन्छ र इच्छा, क्षमता पनि फरक हुन्छ । त्यसरी नै उद्यम तथा व्यवसायको सम्बन्धमा पनि भिन्दाभिन्दै किसिमको चाहना र क्षमता हुन्छ । उद्योग व्यवसायको लागि आवश्यक पर्ने सूचनाहरू फरक-फरक तरिकाले प्राप्त गर्नुपर्ने हुन्छ । व्यक्ति विशेषले सञ्चालन गर्ने उद्योग व्यवसायलाई त्यो व्यक्तिको इच्छा, सामाजिक प्रतिष्ठा एवं पारिवारिक सम्बन्धका साथै आफ्नो भविष्यको लक्ष्यलाई समेत लेखाजोखा गर्नुपर्ने हुन्छ। तसर्थ, उद्योग व्यवसाय छनौट गर्दा निम्न कुराहरूलाई ध्यान दिनुपर्छ ।

- उद्योगको लागि चाहिने मानवीय तथा प्राकृतिक स्रोत र कच्चा पदार्थको उपलब्धताको अवस्था,
- उत्पादित वस्तुको थोक तथा खुद्रा बजारको अवस्था,
- संघ, प्रदेश र स्थानीय सरकारबाट के कस्तो सहुलियतको व्यवस्था हुन सक्ने

हो त्यसको आंकलन,

- वस्तु वा सेवाको माग, आपूर्ति तथा मूल्यको स्थिति,
- सम्भव भएसम्म अनुभव भएको उद्यम व्यवसाय,
- स्वेच्छाले गर्न चाहेको उद्यम व्यवसाय,
- उद्यम व्यवसायबारे ज्ञान, सीप, र अनुभव,
- प्रतिस्पर्धा गर्न सक्ने क्षमताको आंकलन र प्रतिस्पर्धा हुन सक्ने अवस्थाबारे जानकारी,
- व्यवसायमा लगानीको आंकलन र नाफाबारे अनुमान गर्ने र सोको सामान्य जानकारी,
- लगानीको स्रोत, ऋण लिने भए धितोको अवस्था,
- उद्योग व्यवसायको अन्य व्यवसायसँगको अन्तरसम्बन्ध सम्बन्ध जानकारी र अवसर,
- पारिवारिक पृष्ठभूमि र उद्यम व्यवसायमा पारिवारिक सहयोगको अवस्था विश्लेषण,
- बजार व्यवस्थापन र गाउँ-नगर अन्तर सम्बन्ध गर्ने खालको उद्यम व्यवसाय,
- वातावरण संरक्षण तथा दिगो विकासलाई योगदान गर्न सक्ने विषय ।

### १.३.५ उद्योग व्यवसाय सफलताका केही उदाहरणहरू

नेपाल नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघले स्थानीय तहमा भए गरेका असल अभ्यासहरूको पुस्तिका प्रकाशन गरेका छन् । ती असल अभ्यासहरू मध्ये उद्योग व्यवसाय सफलताका केही वास्तविक प्रयासका कथाहरू उदाहरणको रूपमा निम्नानुसार प्रस्तुत गरिएका छन् ।

**क) आर्थिक सशक्तिकरणका लागि महिला उद्यमशीलताको थलो बन्दै महिला उद्यम केन्द्र**

सधैंजसो घरधन्दा र चुलोचौकोमा सीमित रहने सुनवल नगरपालिकाका महिला आजभोलि उद्यमी बन्न थालेका छन् । आफ्ना लागि घरपरिवारका स-साना खर्च धान्न पनि अरूको भर पर्ने बानी यहाँका महिलामा लगभग अन्त्य भएको छ । नगरपालिकाको प्रथम नगरसभाले आफ्ना नीति तथा कार्यक्रममार्फत 'एक वडा एक महिला उद्यम केन्द्र' को अवधारणा ल्याएसँगै यहाँका महिलाको आय आर्जनको बाटो खुलेको हो ।

हरेक महिला उद्यम केन्द्र मार्फत आयमूलक तथा सीपमूलक तालिम सञ्चालन गर्न प्रतिकेन्द्र पाँच लाख बजेट विनियोजन गरिएको छ । केन्द्रको व्यवस्थापकीय प्रबन्ध गर्ने, महिला उद्यम केन्द्रहरू मार्फत वडा स्तरमा

सञ्चालन हुने आयमूलक तथा सीपमूलक तालिम तथा क्षमता विकासका कार्यक्रममा एकद्वार प्रणाली स्थापना गर्ने, वडा स्तरमा विभिन्न निकायबाट सञ्चालन हुने आयमूलक, सीपमूलक तथा क्षमता विकासका क्रियाकलापमा आवश्यक समन्वय गरी सम्भावित दोहोरोपना हटाउने उद्देश्यका साथ महिला उद्यम केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्न नगरपालिकाले कार्यविधि ल्याएको छ ।

सबै केन्द्रमा बाह्रै महिना सिलाई-कटाइ तालिम लगायत अन्य आय आर्जन तालिम सञ्चालन हुँदै आएको छ । केन्द्र स्थापनाबाट महिलाको आयआर्जनमा मात्र परिर्वतन नभई महिलाको नेतृत्व क्षमताको समेत विकास भएको छ । सामूहिक निर्णय गर्न सक्ने, समूहमा आफ्ना कुरा भन्न सक्ने र आय आर्जनका अन्य विकल्पका बारेमा समेत खोजी गर्न सक्ने क्षमता यहाँका महिलामा बढ्दै गएको छ ।

**ख) ढाकामा आत्मनिर्भर र पहिचान बनाउँदै गोदावरी**

सुदूरपश्चिम प्रदेश, गोदावरी नगरपालिका वडा नं. ४, कैलालीमा पर्ने बुढीतोला गाउँमा रहेका बेरोजगार महिला तथा पुरुषलाई सीपमूलक तालिम सिकाइबाट आत्मनिर्भर बनाउने काम सुरु भएको छ । आफ्नै गाउँ, ठाउँमा ढाकाबाट उत्पादन गर्न सकिने सामग्री तयार गरी आय आर्जन वृद्धि गरी पाँच वर्षभित्रै यस गाउँलाई आत्मनिर्भर बनाउने योजना छ । प्रदेशमा ढाकाको आयातीत वस्तुलाई न्यूनीकरण गरी आवश्यकतालाई पूर्ति गर्न ढाका तालिम सञ्चालनका लागि बुढीतोला गाउँ सुधार समितिसँग सम्झौता भएको छ । तालिमबाट तयार भएका बुढीतोला ढाका बुनाइ कार्यमा सहभागी भएका महिला निरन्तर लागिपरको छन् । ढाका बुनाइबाट तयार गरिएको सामग्री ग्राहकको मागअनुसार पुऱ्याउन भ्याइनभ्याइ भइरहेको छ । 'हाल हाते तानबाट बुनिरहेका छौं,' धनसरी लामा भन्नुहुन्छ । उत्पादन बढाउनका छिटोछरितो तरिकाले ढाका बुन्न सकिने टेष्टल तालिम दिने तयारी भएको उहाँको भनाइ छ ।

उल्लिखित अनुकरणीय कार्यहरू गर्नका लागि स्थानीय तहले नेतृत्व गरी नीतिगत र कार्यक्रमगत वातावरण तयार गरी सहजीकरण र प्रोत्साहित गर्नुपर्ने भएकोले स्थानीय तहको भूमिका महत्वपूर्ण रहेको छ । खासगरी उद्योगी व्यवसायी पनि स्वयं सक्रिय र गतिशील हुन आवश्य छ । सोको लागि उद्यमी व्यवसायीमा विशेष गुण र विशेषता आवश्यक पर्ने भएकोले असल तथा सफल उद्यमी व्यवसायीमा हुनुपर्ने गुण एवं विशेषताहरू अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

# भाग - २
# उद्योग व्यवसायको लागि व्यावसायिक योजना

## २.१ व्यावसायिक योजना

सामान्यतया कुनै पनि व्यावसायिक योजनामा सो सञ्चालन गर्नका लागि उत्पादन, बजार, खर्च तथा वित्तीय व्यवस्था सम्बन्धी आवश्यक सम्पूर्ण पक्षहरू महत्वपूर्ण हुन्छन् । वास्तविक रूपमा व्यावसायिक योजना भनेको व्यवसायको एउटा दर्पण पनि हो । व्यावसायिक योजनाले कुन वस्तु सेवा उत्पादन गर्ने हो, कस्तो गुणस्तरको वस्तु सेवा उत्पादन गर्ने हो, उत्पादनको बजार क्षेत्र कहाँ हो, बजार माग कस्तो छ, कति परिमाणमा उत्पादन गर्ने हो, मेसिन उपकरण के कति चाहिन्छ, के कस्तो कच्चा पदार्थ आवश्यक पर्छ, के कस्ता दक्षताका कामदारहरू चाहिन्छ, कति पुँजी आवश्यक पर्दछ, व्यवसायले कति मुनाफा दिन सक्दछ आदि विषयमा स्पष्ट पार्दछ ।

### २.१.१ व्यावसायिक योजनाको आवश्यकता

- उद्यमीले व्यवस्थित रूपमा उद्योग व्यवसाय स्थापना र सञ्चालनका लागि,
- उद्योग व्यवसाय नियमानुसार दर्ता गर्नको लागि,
- बैंक वा वित्तीय संस्थाबाट ऋण लिनुपर्ने प्रयोजनका लागि,
- साझेदारीमा सञ्चालन गर्ने भएमा साझेदारहरूको सुनिश्चितताका लागि,

### २.१.२ व्यावसायिक योजना तयार गर्नको लागि मार्गदर्शन

**क) परिचय**

परिचयमा उद्योग व्यवसायको छोटो परिचय लेख्ने र उद्यमीको पनि छोटो परिचय दिने । उद्यमीको शैक्षिक योग्यता तथा अनुभवलाई खुलाउँदै सञ्चालन गर्ने उद्योग व्यवसायमा कसरी प्रभावकारी ढङ्गबाट आफ्नो क्षमताको प्रयोग गर्न सकिन्छ भन्ने पनि उल्लेख गर्नु पर्दछ ।

**ख) वित्तीय योजना**

उद्योग व्यवसायका लागि वित्तीय योजनामा कूलपुँजी के कति आवश्यकता पर्दछ त्यसको आंकलन गर्नु पर्दछ । कूलपुँजीको निर्धारण गर्दा स्थिर पुँजी, उत्पादन अघिको लगानी खर्च र चालु पुँजीको भिन्दाभिन्दै आंकलन गर्नुपर्ने हुन्छ । सामान्य अर्थमा यी तीन किसिमको पुँजीको जोडलाई नै कूलपुँजी मान्ने गरिन्छ ।

**१) स्थिर पुँजी**

घर कारखाना, मेसिन, औजार, फर्निचर आदि स्थिर सम्पत्ति खरिद गर्न

आवश्यक लगानी वा रकमलाई स्थिर पुँजीको रूपमा लिनु पर्दछ ।

२) **उत्पादन अघिको लगानी खर्च:**
उत्पादन सुरु गर्नुअघि लाग्ने विविध खर्चहरूको रूपमा तालिम खर्च, अनुसन्धान खर्च, दर्ता खर्च, नमूना उत्पादन खर्च, बजार अध्ययन खर्च आदिलाई उत्पादन अघिको खर्च भनिन्छ ।

३) **चालु पुँजी:**
व्यवसायलाई सुचारु रूपले सञ्चालन गर्न निरन्तर रूपमा आवश्यक पर्ने नगद वा अन्य वस्तुगत पुँजीलाई चालु पुँजी भनिन्छ। यो पुँजीको अभावमा व्यवसाय सञ्चालन गर्न सम्भव नहुने भएकोले यसलाई सञ्चालन पुँजी पनि भनिन्छ ।

**ग ) पुँजीको श्रोत**

उद्योगको लागि कूल पुँजी कति आवश्यक पर्छ, आंकलन निकाले पछि उक्त पुँजी कसरी जुटाउने भन्ने सोंच बनाउनु पर्दछ। आवश्यक कूल पुँजी आफैँले मात्र लगानी गर्ने हो वा बैंक, सहकारी, कोही व्यक्तिबाट ऋण लिने हो, लिने भए कति लिने हो सो विषयमा यकिन गरी निर्णय लिनुपर्दछ। ऋण लिने अवस्था भए के धितो राख्ने भन्ने विषयमा पनि सुनिश्चित गर्नुपर्दछ ।

**घ) बजार योजना**

उत्पादन गरिएको वस्तुको साइज, रङ, आकार, तौल, विशेषता खुलाई के कति प्रकारका वस्तु उत्पादन गर्ने हो सो को विवरण दिनुपर्ने हुन्छ । उत्पादित वस्तु हाल बजारमा भइरहेको प्रतिस्पर्धीको वस्तु र सेवा भन्दा के फरक छ वा कस्तो छ सो पनि खुलाउनु पर्दछ ।

उद्योग व्यवसायमा लागत घटाउन वा सम्भाव्य उपभोक्ताको पहुँच बढाउन व्यवसाय स्थापना गर्दा उपयुक्त ठाउँमा स्थापना गर्ने कार्यलाई पनि ध्यान दिनुपर्ने हुन्छ । सामान्यतया खुद्रा व्यापारको व्यवसाय छ वा सेवामूलक प्रकृतिको छ भने मुख्य बजारको नजिकै उद्योग व्यवसाय स्थापना गर्नु उचित हुन्छ। साथै कच्चा पदार्थ पाइने ठाउँ नजिक र आवश्यक पूर्वाधार भएको ठाउँ छानेर स्थापना गर्नु उपयुक्त हुन्छ । व्यवसाय स्थापना गर्ने ठाउँको चयन पनि उद्यमीले लिनुपर्ने महत्वपूर्ण निर्णयहरू मध्यकै एक हो । आफूले उत्पादन गर्ने वस्तु र सेवाको प्रकृति, यातायात तथा वितरणको सुविधा, प्रतिस्पर्धा आदि कुरालाई विचार गरेर आफूले भौतिक रूपमा कुन कुन बजार क्षेत्रमा आफ्नो वस्तु, सेवा बिक्री वितरण गर्ने भन्ने योजना बनाउनु पर्दछ ।

साथै बिक्री वितरण गर्ने योजना गरेको बजार क्षेत्रमा सो वस्तु र सेवाको उपभोग कति गरिरहेका छन्, प्रतिस्पर्धी कति छन्, हाल उपलब्ध वस्तु र सेवा र आफ्नो उत्पादित हुने वस्तु उस्तै छ कि फरक छ आदि कुराहरूको मनन् गरेर कति परिमाणमा वस्तु र सेवा उत्पादन र बिक्री गर्ने भन्ने निर्धारण गर्नु पर्दछ ।

**ङ ) उत्पादन योजना**

वस्तु वा सेवाको उत्पादन कसरी गरिन्छ वा कुन विधि र तरिकाबाट उत्पादन गर्ने भन्ने बारे उद्यमीलाई ज्ञान हुनु पर्दछ । व्यवसाय सञ्चालन गर्नका लागि के कति घर जग्गा, मेसिन औजार, फर्निचर तथा सवारी साधन आवश्यक पर्दछ भन्ने कुराको बारेमा राम्रोसँग आंकलन गर्नुपर्दछ । राम्रो सँग आंकलन (Estimate) गर्न सकिएन भने व्यवसायको लागि बढी पुँजी आंकलन भएमा बढी ब्याज तिर्नुपर्ने हुन्छ, बढी ब्याजको कारणले वस्तु र सेवाको लागत बढ्न जान्छ, चाहिने भन्दा बढी उत्पादन हुने हुँदा मौज्दात बढ्दै जान्छ  र मौज्दात बढी भएपछि लागत पनि बढ्न जान्छ । त्यसैले सम्भव भएसम्म सुरुमा सानो स्केलबाट उद्योग स्थापना सुरु गर्नु राम्रो हुन्छ । मेसिन खरिद गर्दा त्यसको ठीक क्षमता थाहा पाउनु पर्दछ । कति घरजग्गा, टहरा, मेसिन औजार तथा कति क्षमता वा कति साइजको कति वटा चाहिन्छ, तिनीहरूको मूल्य कति पर्छ, जडान खर्च कति लाग्छ भन्ने आदि कुराहरूको आंकलन ठिक तरिकाले गर्नु पर्दछ । घर, टहरो, मेसिन, औजार, फर्निचर आदि मर्मत कार्य (ह्रासकट्टी), थप पार्टपूर्जा व्यवस्था गर्दै जानुपर्ने हुनाले वार्षिक रूपमा कति रकम थप व्यवस्था गर्नु पर्दछ भन्ने पनि आंकलन गर्नु पर्दछ ।

**च) जनशक्तिको आंकलन र खर्च योजना**

उद्योग व्यवसायमा काम गर्ने कामदारहरू सामान्यतया उत्पादनसँग सिधा सम्बन्ध भएको प्रत्यक्ष कामदार र उत्पादन कार्यसँग सोझै सम्बन्ध नभएका कामदारहरू व्यवस्थापक, लेखापाल, बजार व्यवस्थापक, विक्रेता आदि जस्ता अप्रत्यक्ष कामदारको व्यवस्था गर्नु पर्दछ । प्रत्यक्ष कामदार पनि दक्ष, अर्धदक्ष र अदक्ष गरी तीन किसिमका हुन्छन् । व्यावसायिक योजनामा आफ्नो उद्योग व्यवसायलाई के कस्ता किसिमका, कति जना कामदार आवश्यक पर्दछन् र उनीहरूलाई मासिक कति ज्याला तथा तलब दिनुपर्दछ, हिसाब गरी मासिक तथा वार्षिक कामदार खर्च कति लाग्छ अनुमान गर्नु पर्दछ । साथै उद्योग व्यवसायलाई आवश्यक पर्ने कामदारको उपलब्धता बारेमा

पनि विचार पुऱ्याउनु पर्दछ ।

उत्पादन गर्दा लाग्ने कच्चा पदार्थ र कामदार बाहेकका खर्चहरू जस्तै घरभाडा, मर्मत-सम्भार, मसलन्द, यातायात, ढुवानी, पानी, बिजुली, टेलिफोन, चिया-खाजा तथा अन्य भैपरी आउने खर्चहरूलाई अन्य शीर्षभार खर्च भनिन्छ । यस्ता खर्चहरूमा कुनै एउटा हदसम्म उत्पादनमा तल माथि हुँदा खर्चको रकममा खास तल माथि हुँदैन । तसर्थ यस्ता खर्चहरू सकेसम्म घटाउन सकियो भने वस्तु तथा सेवा उत्पादन गर्न लाग्ने लागत कम गर्न सकिन्छ ।

कच्चा पदार्थ खर्च कामदार खर्च र अन्य खर्च जोडेर लाग्ने रकमलाई उत्पादन परिमाण वा सङ्ख्याले भाग गरेर वस्तु तथा सेवाको प्रति एकाइ लागत निकाल्न सकिन्छ । यसरी प्रति एकाई लागत निकाल्दा मासिक खर्च हिसाब गरिएको भएमा मासिक उत्पादन परिमाणले र वार्षिक खर्च हिसाब गरिएको भए वार्षिक उत्पादन परिमाणले भाग गर्नुपर्दछ । यस अवस्थामा ह्रासकट्टी र ब्याजलाई जोडिँदैन । किनकि यस अवस्थामा हाल कति ऋण चाहिन्छ पत्ता लागेको छैन भने ह्रास कट्टी भनेको नगद खर्च होइन । तसर्थ यसलाई चालु पुँजीको हिसाब गर्दा राख्नु पर्दैन ।

**छ) बिक्री मूल्य निर्धारण**

बिक्री मूल्य निर्धारण गर्नुअघि वस्तु सेवाको अन्तिम लागत निकाल्नु पर्दछ । प्रति एकाई उत्पादन लागतमा प्रति एकाइ ब्याज र ह्रास जोडेपछि अन्तिम लागत निस्कन्छ । वार्षिक ब्याज र ह्रासलाई वार्षिक उत्पादन परिमाणले भाग गरेपछि प्रति एकाई ब्याज र ह्रास निस्कन्छ । अन्तिम लागत हिसाब गरिसके पछि बिक्री मूल्य निकाल्ने साधारणतया निम्नअनुसारका तीन तरिकाहरू छन् ।

**१. लागतमा थप तरिका**

वस्तु तथा सेवा उत्पादन गर्न लागेको अन्तिम वा कूल लागतमा केही प्रतिशत नाफा थप गरेर बिक्री मूल्य निर्धारण गरिन्छ ।

**२. तुलनात्मक तरिका**

विभिन्न किसिमको बजारमा पाइने वस्तु/सेवाको मूल्य गुणस्तरसँग आफूले उत्पादन गर्ने वस्तु र वस्तुको तुलना गरी मूल्य निर्धारण गरिन्छ ।

**३. बजार ग्राहकको क्षमता अनुसार**

यो तरिका प्रस्तावित वस्तु/सेवाको बजारमा हुने माग र आपूर्तिमा आधारित हुन्छ । बजारको माग अनुसार बजारले कति तिर्नु सक्छ सोही आधारमा मूल्य निर्धारण गरिन्छ ।

**ज) प्रविधिको प्रयोग**

उद्योग स्थापना गर्दा अत्याधुनिक प्रविधिको प्रयोग गर्नुपर्ने हुन्छ। अत्याधुनिक प्रविधिको प्रयोगले प्रतिस्पर्धा गर्ने क्षमता वृद्धि गर्दछ, उत्पादित वस्तुमा उपभोक्ताको चाहना र छनौट पनि वृद्धि हुन सक्दछ । त्यसैले कस्ता प्रविधिको प्रयोग हुने भन्ने सम्बन्धमा व्यावसायिक योजनामा खाका प्रस्तुत गर्नु पर्दछ । यसको साथै उद्योग स्थापना पश्चात हुन सक्ने वातावरण प्रदूषण, जनस्वास्थ्यमा पर्न सक्ने प्रतिकूल असरलाई प्रविधिको प्रयोगले कसरी न्यूनीकरण गर्दछ भन्ने पनि उल्लेख गर्नुपर्ने हुन्छ । यस सम्बन्धमा उद्योगको प्रकृति, उद्योगबाट निस्कने फोहोरको आधारमा सबै उद्योगहरू एकै प्रकारका नहुने, कुनै उद्योग घातक तथा खतरापूर्ण हुने भएकोले त्यस्ता उद्योगको स्थापना, विस्तारबाट पर्न सक्ने प्रतिकूल असरलाई कम गर्न तथा नियन्त्रण गर्न, प्रतिरोधात्मक उपायहरू अवलम्बन गर्न सकिने भएकोले त्यस्ता उद्योगहरू स्थापना तथा सञ्चालन गर्दा प्रविधिको प्रयोगबाट घटाउन सहयोग पुग्ने विषयमा पनि उल्लेख गर्नु पर्नेछ ।

**झ) प्रतिस्पर्धा विश्लेषण**

एकाधिकार बजार व्यवस्थामा उत्पादकले वस्तुको मूल्य आफ्नो इच्छा बमोजिम निर्धारण गर्ने र बजारमा उसको एकलौटी नियन्त्रण राख्ने हुनाले उपभोक्ताको वस्तु र मूल्यको छनौट गर्ने अधिकार सीमित हुन्छ । स्वच्छ प्रतिष्पर्धाको माध्यमबाट उद्योगको स्थापना र सञ्चालनमा पनि प्रतिस्पर्धात्मक वातावरण सिर्जना गरी उपभोग्य वस्तुको छनौट आफ्नो चाहना अनुसार गर्न सक्ने परिवेश तथा वातावरण निर्माण गर्नु पर्दछ । त्यसैले पूर्ण रूपमा प्रतिस्पर्धात्मक बजारको अवधारणालाई अवलम्बन गरी माग एवं आपूर्तिको आधारमा स्वतन्त्र रूपमा कारोबार हुने गरी बजारमा उपभोक्ता र उत्पादक अथवा क्रेता र विक्रेताकोबीच पूर्ण प्रतिस्पर्धा हुने गरी तयारी गर्नुपर्ने हुन्छ ।

त्यसैले उद्योग व्यवसाय गर्नेले आफ्ना प्रतिस्पर्धीहरू को हुन, प्रतिस्पर्धीले कस्तो प्रकारको उत्पादन गर्दछ, प्रतिस्पर्धीले बिक्री गर्ने तरिका र टयाक्टिस कस्तो गरेको छ यसबारे अनुसन्धान गर्ने, मूल्य निर्धारण कसरी गर्ने गरेको छ, बजार व्यवस्थाको प्रवर्द्धन कसरी गनरेको छ भन्ने सम्बन्धमा स्पष्ट विश्लेषण गरी आफूले प्रतिस्पर्धा गर्ने रणनीति बनाउनु पर्दछ । कस्तो प्रविधिको प्रयोग गरेमा प्रतिस्पर्धा गर्न सकिन्छ, खाका तयार गर्नुपर्ने हुन्छ । आवश्यकता अनुसार प्रत्यक्ष प्रतिस्पर्धी र अप्रत्यक्ष प्रतिस्पर्धीको वर्गीकरण पनि गर्नु उपयुक्त हुन्छ । प्रत्यक्ष प्रतिस्पर्धीमा उस्तै सामान र वस्तु उत्पादन

गर्ने र अप्रत्यक्ष प्रतिस्पर्धीमा वस्तुको उत्पादन उस्तै नभएपनि आवश्यकता भने परिपूर्ति हुन्छ। यसको अतिरिक्त अरुले उत्पादन गर्ने कम मूल्यका हुन् वा महङ्गो मूल्यका हुन्, बजारमा थोक वा खुद्रा कस्ता बिक्री कारोबार छ, कुनै प्रतिस्पर्धाको रणनीति बनाएको छ वा छैन, सेवा प्रवाहको काम कसरी भएको छ आदिबारे स्पष्ट गर्नु पर्दछ।

**ञ) सामाजिक उत्तरदायित्व**

व्यवसायमा सामाजिक उत्तरदायित्व कायम गर्न उद्योग सञ्चालन गर्दा पर्यावरणलाई कुनै पनि हानी नोक्सानी नहुने तरिकाले काम गर्नुपर्छ। यसका लागि वातावरण प्रदूषण, हरितगृह ग्यास उत्सर्जन, एकपटक मात्र प्रयोग गरिने खालका प्लास्टिकको उपयोग, पानीको खपत र सामान्य फोहोर घटाउने कार्य गर्नुपर्दछ र नवीकरणीय ऊर्जा र पुर्नवीकरण गर्न सकिने सामग्रीहरूमा निर्भरता बढाउँदै लैजानु पर्दछ। साथै नकारात्मक पर्यावरणीय प्रभाव घटाउने, उदाहरणको लागि रूख रोप्ने, अनुसन्धान कोष स्थापना गर्ने र समुदायसँग सम्बन्धित कामहरूको लागि सहयोग गर्ने प्रावधान पनि राख्नु पर्दछ। सम्भव भएसम्म उद्योग व्यवसायको तर्फबाट परोपकारी जिम्मेवारीका लागि पनि आफ्नो नाफाको निश्चित हिस्सा समर्पित गर्नुपर्दछ। उद्योगको अन्तिम उद्देश्य नाफा आर्जन गर्नुमात्र नठानी नागरिक, समाजका खातिर केही गर्नुपर्ने हुन्छ। साथै संघ, प्रदेश कानूनले नतोकेको अवस्थामा स्थानीय तहको कानून बमोजिम वा स्थानीय तहको स्वीकृति लिई उद्योगले आफ्नो न्यूनतम ज्याला तोक्न, स्वदेशी कच्चा पदार्थहरू प्रयोग गर्ने, बालश्रम प्रयोग नगर्ने जस्ता विषयहरूको सुनिश्चित गर्नु पर्दछ।

**ट) जोखिमको पहिचान**

औद्योगिक उत्पादनले बजारमा प्रतिस्पर्धा गर्नुपर्ने हुन्छ। त्यसैले औद्योगिक उत्पादनको गुणस्तर र उत्पादकत्वमा वृद्धि उपयुक्त बजार व्यवस्थाबाट प्रतिस्पर्धी वस्तु तथा सेवा उपलब्ध गराउनु पर्दछ। उद्योग व्यवसायको स्थापना, उत्पादन तथा वितरणमा विभिन्न किसिमका जोखिमहरू हुन सक्दछन् त्यसैले त्यस्ता जोखिमहरूको पहिचान गरी व्यवस्थापनको सामान्य खाका व्यावसायिक योजनामा समावेश गर्नु पर्दछ। सुरुवाती अवस्थामा नै जोखिमको आंकलन गर्न नसकिएमा उद्योग व्यवसायमा संकुचन आउन सक्ने सम्भावना रहने हुनाले यस पक्षलाई विशेष ध्यान दिनु पर्दछ।

जोखिमलाई आंकलन गर्दा सामान्यतया कानूनी जोखिम, कच्चा पदार्थको जोखिम, वित्तीय स्रोतको जोखिम, बजारको जोखिम, गुणस्तर निर्धारणमा जोखिम, सामाजिक–साँस्कृतिक जोखिम छन् वा छैनन् त्यस विषयमा सामान्य आंकलन गर्नु पर्दछ । यस्ता जोखिमहरू कम गर्न उद्योग व्यवसाय स्थापनाको प्रारम्भमा नै सरोकारवाला जन समुदायसँग छलफल, सरकारी क्षेत्रबाट प्राप्त हुन सक्ने सहयोग, स्थानीय स्तरमा प्राप्त हुन सक्ने कच्च पदार्थ, बजारको सम्भाव्यता जस्ता विषयहरूमा पूर्व आंकलन गरी जोखिमलाई न्यनीकरण गर्न सघाउ पुग्ने अवस्था बनाउनु पर्दछ ।

# भाग - ३
# स्थानीय तहमा उद्योग व्यवस्थापनका लागि नीतिगत तथा कानूनी व्यवस्था

## ३.१ संवैधानिक व्यवस्था

नेपालको संविधानको मौलिक हक अन्तर्गत धारा १७ मा स्वतन्त्रताको हक अन्तर्गत नेपालको कुनै पनि भागमा पेसा, रोजगार गर्ने र उद्योग व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रताको व्यवस्था गरिएको छ र धारा २५ मा सम्पत्तिको हक अन्तर्गत प्रत्येक नागरिकलाई व्यावसायिक लाभ प्राप्त गर्ने हक सुनिश्चित गरेको छ । त्यस्तै धारा ४४ मा उपभोक्ताको हक अन्तर्गत प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु वा सेवा प्राप्त गर्ने र गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हकलाई समेत प्रत्याभूति गरेको छ ।

त्यसैगरी धारा ५० मा राज्यको निर्देशक सिद्धान्त अन्तर्गत सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम् परिचालनबाट तीब्र र दिगो आर्थिक विकास हासिल गर्दै राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुने विषयमा उल्लेख छ ।

नेपालको संविधानको धारा ५१ मा राज्यले अवलम्बन गर्नुपर्ने राज्यका नीतिहरूको व्यवस्था गरिएको छ । सो धारा ५१ को 'घ' को बुँदा (६) मा तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तारद्वारा निर्यात प्रवर्द्धन गर्दै वस्तु र सेवाको बजार विविधिकरण र विस्तार गर्ने भन्ने व्यवस्था छ । त्यसरी नै बुँदा 'घ' (८) मा राष्ट्रिय अर्थतन्त्रको विकासका लागि राष्ट्रिय उद्योगधन्दा र साधन स्रोतको संरक्षण र प्रवर्द्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने भन्ने पनि प्रावधान रहेको छ । साथै 'घ' (१२) मा गैरआवासीय नेपालीहरूको ज्ञान, सीप, प्रविधि र पुँजीलाई राष्ट्रिय विकासमा उपयोग गर्ने र 'घ' १३ मा औद्योगिक करिडोर, विशेष आर्थिक क्षेत्र, राष्ट्रिय परियोजना, विदेशी लगानीका परियोजनाको सन्दर्भमा अन्तर प्रदेश तथा प्रदेश र संघबीच समन्वय स्थापित गराई आर्थिक विकासलाई गतिशीलता प्रदान गर्ने भन्ने व्यवस्था समेत गरिएको छ । त्यसैगरी धारा ५१ (झ) श्रम र रोजगार सम्बन्धी नीतिमा सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउनले र स्वदेशमै रोजगारी अभिवृद्धि

गर्दै श्रमिक र उद्यमी व्यवसायीबीच सु-सम्बन्ध कायम गर्ने नीति उल्लेख छ । संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकारको सूची अन्तर्गत व्यावसायिक कर उठाउने, स्थानीय बजार व्यवस्थापन गर्ने प्रावधान राखिएको छ ।

उल्लेखित संवैधानिक प्रावधानलाई हेर्दा उद्योगको विकास र विस्तारद्वारा निर्यात प्रवर्द्धन गर्दै वस्तु र सेवाको बजार विविधिकरण गर्ने, राष्ट्रिय उद्योगधन्दा र साधन स्रोतको संरक्षण र प्रवर्द्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता साथै अन्तर प्रदेश तथा प्रदेश र संघबीच समन्वय स्थापित गराई आर्थिक विकासलाई गतिशीलता प्रदान गर्ने भन्ने व्यवस्था छ । उल्लिखित संवैधानिक व्यवस्थाले गाउँपालिका र नगरपालिकाले उक्त संवैधानिक व्यवस्थालाई मध्यनजर राखेर स्थानीय स्तरमा उद्योग व्यवसाय सञ्चालनमा टेवा पुऱ्याउनु पर्ने हुन्छ ।

## ३.२ नीतिगत व्यवस्था

### ३.२.१ औद्योगिक नीति २०६७

स्थानीय स्रोत, कच्चा पदार्थ, सीप र साधनको परिचालन गरी सन्तुलित राष्ट्रिय तथा क्षेत्रीय विकासमा उद्योग क्षेत्रको योगदान बढाउने तथा नविनतम् प्रविधि एवम् वातावरणमैत्री उत्पादन प्रक्रियालाई प्रयोग गरी उद्योग व्यवसायलाई दिगो एवम् भरपर्दो क्षेत्रको रूपमा स्थापित गर्ने भन्ने औद्योगिक नीति, २०६७ को उद्देश्य समेत रहेको छ ।

साथै नीतिमा स्थानीय स्रोत र कच्चा पदार्थ, सीप, श्रम र प्रविधिको उपयोग गर्ने उद्योगको प्रवर्द्धन गर्न विशेष जोड दिइने, स्वरोजगारीको अवसर सृजना गर्न उद्योग व्यवसायमा सिर्जनसिल युवा प्रतिभालाई आकर्षित गर्न औद्योगिक सीप, उद्यमशीलता विकास तथा कुशल औद्योगिक व्यवस्थापनका लागि क्षमता अभिवृद्धिका क्रियाकलापलाई अभियानका रूपमा सञ्चालन गरिने, निजी तथा सहकारी क्षेत्र समेतको सहभागितामा लगानी प्रवर्द्धन कोष, प्रविधि विकास कोष, लघु घरेलु तथा साना उद्योग विकास कोष, रुग्ण उद्योग पुनरुत्थान कोष र गैह्र व्यावसायिक र गैरव्यापारिक जोखिम (Non-Business and NonCommercial Risk) को क्षतिपूर्ति (Compensation) दिन औद्योगिक लगानी संरक्षण कोष (Industrial Investment Protection Fund) को स्थापना तथा सञ्चालन गरिने, लघु उद्यम, घरेलु तथा साना उद्योगको प्रवर्द्धन, विकास र विस्तारलाई टेवा पुग्ने आवश्यक कानूनी व्यवस्था गर्दै संस्थागत

संरचना तथा पूर्वाधारहरूको निर्माण गरिने, लघु उद्यम, घरेलु तथा साना उद्योगको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी बजार पहुँच तथा विस्तारका लागि सक्षम बनाउन हाल रहेको लघु उद्यम, घरेलु तथा साना उद्योग विकास कोषको सेवालाई विस्तार गरी प्रभावकारी बनाइनेछ जस्ता विषयहरू रहेका छन् ।

साथै लघु उद्यम, घरेलु तथा साना उद्योगहरूको स्थापना तथा प्रवर्द्धन गर्दा नेपाल सरकारले तोकेको लक्षित समूहलाई विशेष प्राथमिकता दिदै उत्प्रेरणा तथा उद्यमशीलता विकास तालिमको माध्यमबाट लक्षित समूहमा स्रोत-साधनको सम्भाव्यता र बजारको मागमा आधारित उपयुक्त उद्यमहरूको छनौट गरी त्यस्ता उद्यम सञ्चालन गर्ने क्षमताको विकास गरिने, ग्रामीण क्षेत्रका उत्पादनमूलक उद्योगहरूलाई व्यवसाय विकास सेवा (Business Development Service) पुऱ्याउन सामुदायिक वा सहकारी लघु उद्यम, घरेलु तथा साना उद्योगग्राम स्थापना गरी औद्योगिक केन्द्रहरू (Industrial Clusters) को विकास गरिने, एक गाउँ एक उत्पादन (One Village One Product) को अवधारणा अनुसार स्थानीयस्तरमा सबै भन्दा बढी सम्भाव्य देखिएका स्रोत र साधनको पहिचान गरी त्यसमा आधारित औद्योगिक वस्तुको उत्पादनलाई प्रवर्द्धन गर्न वस्तु विकास केन्द्र (Product Development Centres) हरू स्थापना गर्दै थप समूहगत औद्योगिक केन्द्रहरू (Product Specific Industrial Clusters) को माध्यमबाट औद्योगिक प्रवर्द्धनलाई प्राथमिकता दिइने, लघु उद्यम, घरेलु तथा साना उद्योग ग्राम स्थापना गर्न औद्योगिक पूर्वाधार विकास गर्ने कार्यमा अग्रसरता देखाउने स्थानीय निकायलाई खर्चको अनुपातमा अनुदान रकम वृद्धि गर्ने व्यवस्था मिलाइने र ग्रामीण क्षेत्रमा कृषि, गैर काष्ठ वनजन्य पदार्थमा आधारित वस्तु, पशुपालन, दूग्ध उद्योग, पंक्षीपालन, फलफूल तथा जडिबुटीमा आधारित उद्योगलाई प्रविधि, बजार, सीप र अनुसन्धानमा सहयोग पुऱ्याउने कार्यक्रम सञ्चालन गर्ने नीति समेत रहेका छन् ।

### ३.२.२ लघु उद्यम, घरेलु तथा साना उद्योगसम्बन्धी विशेष रणनीतिको व्यवस्था

लघु उद्यम, घरेलु तथा साना उद्योगको प्रवर्द्धन, विकास र विस्तारको कार्यक्रम सञ्चालन गर्दा सामाजिक परिचालन समेतको माध्यमबाट गर्ने गरी प्राथमिकताको आधारमा स्थान र लक्षित समूहको पहिचान गरिने, लघु तथा घरेलु उद्यमीहरूलाई सम्भव भएसम्म समूहमा आवद्ध गरी उद्यमशीलता तथा सीप विकास तालीम, उपयुक्त प्रविधिको छनौट, उत्पादन व्यवस्थापन, पुँजीमा पहुँच र बजार व्यवस्थापनमा समेत सहयोग पुऱ्याउन “एकीकृत व्यवसाय विकास सेवा” प्रदान गर्ने व्यवस्था मिलाइने, लघु उद्यम, घरेलु तथा साना उद्योगहरूलाई

लघु घरेलु तथा साना उद्योग विकास कोष, ग्रामीण स्वावलम्वन कोष, Equity Fund, Credit Guarantee Fund लगायत विभिन्न कोषहरू मार्फत वित्तीय पहुँचको व्यवस्था गरिने, सामुदायिक वा सहकारी लघु उद्यम, घरेलु तथा साना उद्योगग्रामहरूमा रहेका उद्योगहरूबाट उत्पादित हुने वस्तुहरूको छुट्टै पहिचानका लागि सामुहिक चिह्न (कलेक्टिभ मार्क) दर्ता गराई यसको प्रयोगबाट बजार प्रवर्द्धन गर्न सहयोग पुऱ्याइने, लघु उद्यम, घरेलु तथा साना उद्योगको विकासका लागि आवश्यक हुने पुँजी निर्माण गर्नको निमित्त त्यस्ता उद्यमीहरूलाई बचत गर्न प्रोत्साहित गरी बहुउद्देश्यीय सहकारीमा आबद्ध हुन उत्प्रेरित गरिने, लघु उद्यम, घरेलु तथा साना उद्योगहरूबाट उत्पादित वस्तु वा सेवाको बजार प्रवर्द्धन गरिने, मझौला तथा ठूला उद्योगहरूसँग पृष्ठ (Backward) र अग्र (Forward) अन्तरसम्बन्ध (Linkages) कायम गराई ठूला तथा मझौला उद्योगहरूले प्रयोग गर्ने सहायक वस्तुहरू उत्पादन गर्ने गरी लघु उद्यम, घरेलु तथा साना उद्योगहरूलाई सहायक उद्योग (AncilaLry Industries) को रूपमा विकास गरी उत्पादन गराउने व्यवस्था गरिने, लघु उद्यम, घरेलु तथा साना उद्योगको प्रवर्द्धनका लागि सूचना प्रविधि (Information Technology) को उपयोग गर्न सहकारी तथा निजी क्षेत्र समेतको सहभागितामा विभिन्न तहमा सूचना प्रविधि केन्द्र (Information Technology Hub) हरू सञ्चालनमा ल्याइने, लघु उद्यम, घरेलु तथा साना उद्योगको उत्पादनको बिक्रीलाई प्रोत्साहन गर्न सरकारी तथा गैर सरकारी निकायहरूलाई यस्ता वस्तु खरिद गर्न प्रोत्साहित गरिने, कृषि, वन, पर्यटन र खानीमा आधारित लघु उद्यम, घरेलु तथा साना उद्योगहरूको प्रवर्द्धन गर्न विद्यमान कृषि, वन, पर्यटन र खानी नीति तथा ऐनको अधिनमा रही कच्चा पदार्थ संकलन वा उत्खनन् तथा आपूर्ति व्यवस्थालाई सरलीकृत गरिनेछ भन्ने व्यवस्थाहरू गरिएको छ ।

लघु उद्यम, घरेलु तथा साना उद्योगलाई प्रदान गरिने सेवा, सुविधा र सहुलियतहरू एउटै थलोबाट उपलब्ध गराइने, व्यवसाय सम्वर्द्धन सेवा (Business Incubation Service) मार्फत लघु उद्यम, घरेलु तथा साना उद्योगहरूमा प्रतिभाशाली सृजनशील युवा र महिलालाई आकर्षित गर्न विशेष व्यवस्था गरिने, लघु उद्यमीहरूलाई एकीकृत रूपमा सेवा प्रदान गर्न र उनीहरूको उत्पादन तथा बजार सेवाका लागि आवश्यक हुने पूर्वाधारमा सहयोग पुऱ्याउन उपयुक्त स्थानहरूमा सामुदायिक/साझा सेवा केन्द्रहरू स्थापना गरिने, लघु, घरेलु तथा साना स्तरका महिला उद्यमीहरूलाई बैंकिङ्ग तथा सहकारी संस्थामार्फत सरल र सुलभ तरिकाबाट समूहगत ऋण प्रदान गर्ने व्यवस्था मिलाइने, लघु उद्यम व्यवसायहरूलाई अन्तःशुल्क तथा आयकर, मूल्य अभिवृद्धि कर लगायत कुनै

पनि किसिमका करहरू लाग्ने छैन । घरेलु उद्योगहरूलाई लाग्ने अन्तःशुल्क र आयकर छुट दिइने, सबै प्रकारका परम्परागत तथा घरेलु उद्योगलाई आयकरमा ५० प्रतिशत छुट दिइने, उद्योगले आफ्नो उत्पादन वा उत्पादनमा प्रयोग गरेको कच्चा पदार्थ, सहायक कच्चा पदार्थ आदिमा तिरेको मु.अ.कर र अन्तःशुल्क उत्पादित वस्तु निकासी गरेको परिमाणको आधारमा फिर्ता दिइने, उद्योगले प्रयोग गर्ने मेशीन, औजार, उपकरण, यन्त्र एवं कच्चा पदार्थमा र उत्पादनमा कुनै कर, शुल्क वा दस्तुर नलाग्ने, लघु उद्यम, घरेलु तथा साना उद्योगहरूलाई वित्तीय पहुँच पुऱ्याउन विद्यमान वित्तीय संस्था ऐनमा व्यवस्था भए अनुरूपको विपन्न वर्गको ऋण सुविधा लगायत ऋण लगानीका लागि विशेष वातावरण तयार गरिनेछ। यसका लागि वित्तीय संस्थाहरूलाई प्रोत्साहित गरिने, लघु उद्यम, घरेलु तथा साना उद्योग ग्राम र साझा सुविधा केन्द्रका स्थानीय उद्योगलाई सहकारीमा आवद्ध गराई वित्तीय पहुँचको व्यवस्था गरिनेछ भन्ने व्यवस्थाहरू यस नीतिमा गरिएको छ ।

### ३.२.३ राष्ट्रिय बौद्धिक सम्पत्ति सम्बन्धी नीति २०७३

बौद्धिक सम्पत्ति सम्बन्धी नीतिको उद्देश्यहरूमा बौद्धिक सम्पत्ति अधिकारको संरक्षण, प्रवर्द्धन तथा विकासलाई प्रोत्साहन गर्ने, बौद्धिक सम्पत्तिका सर्जक तथा सामाजिक हितकाबीचमा सन्तुलित प्रणालीको विकास गर्ने लगायतका उद्देश्यहरू रहेका छन् ।

बौद्धिक सम्पत्ति सम्बन्धी नीतिहरूको रूपमा समाज र व्यवहारोपयोगी सिर्जना गर्ने स्रष्टालाई निजको सिर्जना माथिको अधिकार र सुविधाहरूलाई बौद्धिक सम्पत्तिको रूपमा अंगीकार गरिने, प्रतिलिपि अधिकार, पेटेन्ट, डिजाइन, ट्रेडमार्क, भौगोलिक संकेत, इन्टिग्रेटेट सर्किट लेआउट डिजाइन, विरुवाको नयाँ जातिको संरक्षण, व्यापारिक गोप्यता, परम्परागत ज्ञान, परम्परागत साँस्कृतिक अभिव्यक्ति, बौद्धिक सम्पत्तिको आनुवांशिक स्रोत र जैविक विविधताको पहिचान र प्रोत्साहन गरिने, उत्पादन गरेका उपकरण र वस्तुको प्रारूप वा आकारमा निहित मौलिक एवं नवीन अमूर्त सम्पत्तिलाई औद्योगिक डिजाइनका रूपमा पहिचान गरी सोको व्यावसायिक उत्पादनको एकाधिकार संरक्षण गर्न विद्यमान कानूनमा समयानुकूल परिमार्जन गरिने, व्यापार व्यवसाय एवं सेवाको क्षेत्रमा प्रस्तुत गरिएका वस्तु एवं सेवालाई पृथक जनाउन उपयोग गरिएको व्यापार चिन्हमा निहित अमूर्त सम्पत्तिलाई ट्रेडमार्कको रूपमा पहिचान गरी सोको अभ्यास एवं प्रयोगको एकाधिकार संरक्षण गर्न ट्रेडमार्क सम्बन्धी विद्यमान कानूनमा समयानुकूल परिमार्जन गरिने, वस्तु र सेवालाई पृथक जनाउन प्रयोग

गरिने व्यापार चिन्ह (Trade Mark), सेवा चिन्ह (Service Mark), समूह चिन्ह (Collective Mark), ध्वनी चिन्ह (Sound Mark), रंगजनित चिन्ह (Colour Mark), व्यापारिक संकेत वा स्वरूप (Trade Dress), प्रमाणीकरण चिन्ह (Certification Mark), ख्याति प्राप्त चिन्ह (Well-Known Mark) जस्ता चिन्हको संरक्षण व्यवस्था गरिनेछ भन्ने जस्ता विषयहरूलाई विस्त्रित रूपमा राखिएको छ ।

**३.२.४ कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३**

यस नीतिको उद्देश्यमा बजारमुखी र प्रतिस्पर्धात्मक कृषि उत्पादन गर्न सघाउ पुऱ्याउने र कृषिजन्य उद्योगको विकास गरी आन्तरिक बजार तथा निर्यात प्रवर्द्धनमा योगदान पुऱ्याउने भन्ने समेत रहेका छन् ।

साथै नीतिमा औद्योगिक नीति अनुरूप स्थापना हुने विशेष आर्थिक क्षेत्र (Special Economic Zone) सँग समन्वय हुने गरी बजारको माग अनुसारको उपयुक्त परिमाण र गुणस्तरका विशेष कृषि वस्तु उत्पादन गर्न सरोकारवालाहरूको प्रतिबद्धताको आधारमा कार्यक्रम सञ्चालन गरिनेछ । सोको लागि व्यावसायिक बाली/वस्तु उत्पादन क्षेत्र (Commercial Crop/Commodity Productuion Area), (ख) प्राङ्गारिक/ विषादी रहित उत्पादन क्षेत्र (Organic /Pesticide-Free Production Area) र (ग) निर्यातमूलक बाली/वस्तु उत्पादन क्षेत्र (Agri Product Export Area) (घ) ३.३ किटान गरिएका कृषि उत्पादन क्षेत्रहरूमा उत्पादन सामग्री, प्रविधि एवं प्राविधिक सेवा, कृषि सडक, ग्रामीण विद्युतीकरण, सिँचाइ, कृषि व्यवसाय ऋण, बिमा, बजार व्यवस्था, सूचना प्रणाली, उपयुक्त कृषि यान्त्रिकरण एवं प्रशोधन लगायतका सुविधाहरू सम्बन्धित सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको सहकार्यमा एकीकृत रूपमा सुनिश्चित गरिने, व्यापारिक तथा भौगोलिक क्षेत्रहरूको आधारमा गुणस्तरीय कृषिजन्य उत्पादन सामग्री र उत्पादनको संकलन, प्रशोधन, सञ्चय, ढुवानी र बजार मूल्य जस्ता व्यावसायिक सेवा प्रदान गर्न सरकारी तथा गैर सरकारी क्षेत्रको सहभागितामा व्यावसायिक सेवा केन्द्रको स्थापना तथा विकास गरिने, कृषिजन्य व्यवसायको लागि आवश्यक पर्ने उपकरण, थ्रेसर, स्प्रिङकलर, बिडिङ.मेसिन, हार्भेष्टर, चिलिङ्ग भ्यान, कुलिङ. भ्याट, मिल्क प्रोसेसर, कृषि यन्त्र आदिमा आयात गर्दा सम्बन्धित निकायहरूको सिफारिसमा व्यवसाय स्थापना भएको १० वर्षसम्म भन्सार ७५ प्रतिशत अर्थ मन्त्रालयको बजेट वक्तव्यमा समावेश गरी छुट दिइने, कृषि व्यवसायको परियोजना धितोमा राखी कर्जा प्रवाह गर्ने व्यवस्था मिलाइने, कृषि व्यावसाय प्रवर्द्धनका लागि कृषक समूह जमानतमा ऋण प्रवाहित

गरिने, विपन्न वर्ग, महिला र दलित वर्गबाट कृषि उद्यम स्थापना/सञ्चालन गर्न विशेष कार्यक्रम लागू गरिने जस्ता नीतिहरू व्यवस्था गरिएको छ ।

### ३.२.५ पर्यटन नीति २०६५

पर्यटन नीतिका उद्देश्य मध्ये पर्यटन क्षेत्रको विविधीकरण र विस्तारद्वारा सर्वसाधारण नागरिकमा स्वरोजगारको सिर्जना गरी पर्या-पर्यटन र ग्रामीण पर्यटनलाई गरिबी निवारणसँग आवद्ध गरी उनीहरूको जीवनस्तरमा सुधार गर्न पर्यटन उद्योगको प्रवर्द्धन गरी यसलाई राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारको रूपमा विकास गर्ने भन्ने समेत यस नीतिका उद्देश्य रहेको छ ।

पर्यटन विकासका नीतिहरूमा पर्यटन उद्योगको विकास एवं विस्तारको लागि क्षेत्रगत विकासका अवधारणा सहित गुरुयोजना तर्जुमा गरी त्यसलाई आवधिक योजना तथा वार्षिक कार्यक्रममा समावेश गरी प्रवर्द्धन गरिने, ग्रामीण पर्यटनलाई पर्यटन व्यवसायको उपक्षेत्रको रूपमा अघि बढाइने, मुलुकको विकास प्रक्रियामा समेट्न नसकिएका महिला, मधेशी, आदिवासी जनजाती लगायतका विपन्न समूह समेतमा पर्यटन व्यवसायबाट प्राप्त लाभको बाँडफाँड गर्न समावेसी र सहकारीको माध्यमबाट उपयुक्त संरचनाको निर्माण र विकास गरिने जस्ता नीतिहरूको व्यवस्था गरिएको छ ।

यस नीतिमा कार्यनीतिको रूपमा ग्रामीण पर्यटनलाई गरिबी निवारणसँग आवद्ध गरी प्रभावकारी कार्यक्रम सञ्चालन गरिने, उच्च आय वर्गका पर्यटकलाई ग्रामीण पर्यटन तर्फ आकर्षित गराउन पर्यटन व्यवसायीलाई प्रोत्साहन दिइने, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु तर्फ आकर्षित पर्यटकलाई पर्या-पर्यटन, ग्रामीण पर्यटनसँग आवद्ध गराउनका लागि आवश्यक प्याकेज बनाउन पर्यटन व्यवसायीलाई प्रोत्साहन दिइने, ग्रामीण क्षेत्रका स्थानीय जनसमुदायमा स्वरोजगारका अवसर सिर्जना हुने तथा आम्दानी वृद्धिको माध्यमबाट जीवनस्तरमा सुधार ल्याउने प्रकृतिका ग्रामीण पर्यटन पूर्वाधारको दिगो विकास गरिने, महिलाको नेतृत्वमा वा महिला समूहद्वारा सञ्चालन गरिने पर्यटकीय क्रियाकलापहरूमा विशेष प्रोत्साहन सहित प्रवर्द्धन गरिने, स्थानीय समुदायहरूद्वारा उत्पादित मौलिक र परम्परागत हस्तकला तथा अन्य उपहार सामग्रीको बिक्री वितरणको लागि बजार व्यवस्थापनको उचित प्रबन्ध मिलाइने, नेपालका पर्यटकीय सम्भाव्य गाउँहरूलाई स्थानीय जनसहभागिता समेतका आधारमा ग्रामीण पर्यटनस्थलका रूपमा विकास गरिने, स्थानीय स्तरमा मौलिक आकर्षण भएका सम्भाव्य गाउँहरूमध्ये प्रत्येक वर्ष कम्तीमा एक गाउँलाई पर्यटन गाउँका रूपमा विकास र प्रवर्द्धन गरिने, पर्यटनलाई गाउँ गाउँसम्म बिस्तार गरी स्थानीय विपन्न

परिवार, पिछडिएका वर्ग, महिला तथा बेरोजगार एवं अर्ध बेरोजगारहरूलाई प्रत्यक्ष फाइदा पुग्ने क्रियाकलापहरू सञ्चालन गरिने, स्थानीयस्तरका कार्यगत समूह र सामुदायिक संस्थाहरू मार्फत सामाजिक परिचालन गर्नुका अतिरिक्त पूर्वाधार निर्माणका लागि स्थानीय निकाय एवं नेपाल सरकारबाट वित्तीय श्रोत परिचालन गरिने, समुदायमा आधारित पर्यटन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न स्थानीय निकाय, निजी स्रोत र गैर सरकारी क्षेत्रलाई प्रोत्साहन गरी पर्यटकीय क्रियाकलापलाई ग्रामीण गरिबी निवारणसँग आवद्ध गरिने जस्ता कार्यनीतिहरूको व्यवस्था गरिएको छ ।

उल्लिखित नीतिहरूमा व्यवस्था भएका विशेषत लघु उद्यम तथा घरेलु तथा साना उद्योग व्यवसाय सञ्चालनसँग सम्बन्धित नीतिगत तथा कार्यनीतिगत विषयहरूलाई माथि उल्लेख गरिएको छ । यी व्यवस्थाले विशेषतः लघु उद्यम तथा घरेलु तथा साना उद्योग व्यवसाय सञ्चालन गर्नको लागि स्थानीय तहलाई समेत पर्याप्त रूपमा मार्गदर्शन भएको देखिन्छ । उल्लिखित विषयहरू मध्ये केहीलाई संघ, प्रदेश र स्थानीय तहहरूले ऐन र नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याइसकेको अवस्था र कतिपय नीतिगत र कार्यनीतिगत व्यवस्थाहरू क्रमश कार्यान्वयन गर्दै जाने अवस्था रहेको छ ।

### ३.२.६ राष्ट्रिय खाद्य स्वच्छता नीति २०७५

यस नीतिको उद्देश्यमा खाद्य पदार्थबाट हुन सक्ने जोखिमबाट उपभोक्तालाई बचाउन जोखिममा आधारित खाद्य स्वच्छता तथा गुण नियन्त्रण प्रणाली अवलम्बन गर्न खाद्य स्वच्छता सम्बन्धी कानूनी तथा संस्थागत सुधार गर्ने, खाद्य श्रृंखलाका सम्पूर्ण सरोकारवालाहरूलाई खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी शिक्षा, सूचना, सञ्चार तथा प्रचार प्रसारमा पहुँच विस्तार गर्दै वैज्ञानिक पद्धतिमा आधारित खाद्य स्वच्छता तथा गुणस्तर व्यवस्थापन प्रणाली विकास गरी लागू गर्ने, दूषित खाद्य पदार्थको उपभोगबाट उत्पन्न हुने रोगहरूको फैलावटको रोकथाम तथा व्यवस्थापन प्रणालीको विकास गर्ने, खाद्य पदार्थको स्वच्छता तथा गुणस्तरीयताका लागि वैज्ञानिक पद्धतिका आधारमा प्रयोगशाला विश्लेषण प्रणालीको विकास तथा सबलीकरण गर्ने खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी उपभोक्ता शिक्षा तथा जनचेतना अभिवृद्धि गर्ने, खाद्य स्वच्छता तथा गुणस्तर अभिवृद्धि सम्बन्धी सोध र अनुसन्धान गर्ने उद्देश्य रहेको छ ।

खाद्य पदार्थमा हुन सक्ने जोखिमबाट उपभोक्ताहरूलाई बचाउन जोखिममा आधारित खाद्य स्वच्छता तथा गुण नियन्त्रण प्रणाली अवलम्बन गर्न खाद्य स्वच्छतासम्बन्धी कानूनी तथा संस्थागत सुधार गर्ने नीति रहेको छ। खाद्य उद्योग

एवम् व्यवसायहरू र अन्य सरोकारवालाहरूको प्रकृतिका आधारमा विभिन्न नियमनकारी निकायहरूबाट विकास गरिएका राष्ट्रिय वा अन्तर्राष्ट्रिय खाद्य स्वच्छता व्यवस्थापन अन्तर्गत Codex Guidelines, Good Agricultural Practice, Good Veterinary Practice, Organic Production System, Good Hygienic Practice, Good Manufacturing Practice, Hazard Analysis and Critical Control Point लगायतका प्रणालीहरूको उपयोग गर्न क्षमता अभिवृद्धि, प्रोत्साहन र प्रवर्द्धन गर्दै क्रमिक रूपले उपयुक्त व्यवस्थापन प्रणालीहरू अनिवार्य रूपमा लागू गरिने उल्लेख गरिएको छ ।

त्यस्तै यस नीतिमा खाद्य पदार्थको स्वच्छता तथा गुणस्तरीयताका लागि वैज्ञानिक पद्धतिका आधारमा सक्षम, सुदृढ, प्रभावकारी निरीक्षण, अनुगमन एवम् प्रयोगशाला विश्लेषण प्रणालीको विकास तथा सबलीकरण गर्ने उल्लेख गरिएको छ । यस अन्तर्गत नीति १०.५.४ खाद्य प्रयोगशाला परीक्षण सेवा स्थानीय तहसम्मको पहुँच हुने व्यवस्था गरिने उल्लेख गरिएको छ ।

नीति ११.५ खाद्य पदार्थको स्वच्छता तथा गुणस्तरीयताका लागि वैज्ञानिक पद्धतिका आधारमा सक्षम, सुदृढ, प्रभावकारी निरीक्षण, अनुगमन एवम् प्रयोगशाला विश्लेषण प्रणालीको विकास तथा सबलीकरण गरिने उल्लेख गरिएको छ । ११.५.८ जनसंख्या वृद्धि, खाद्य पदार्थहरूको विविधीकरण एवम् रसायनहरूको बढ्दो प्रयोग, बढ्दो सहरीकरण, उद्योगहरूको वृद्धि एवम् व्यापार विविधीकरण अनुसार खाद्य स्वच्छता र गुण नियमन कार्यलाई प्रभावकारी बनाउन संघ, प्रदेश र स्थानीय तहमा कार्यालयको स्थापनाका साथै आवश्यक श्रोत, साधन, उपकरण र जनशक्तिको पर्याप्त व्यवस्था गरी प्रभावकारी तथा भरपर्दो निरीक्षण अनुगमन कार्य गरिनेछ ।

## ३.३ कानूनी व्यवस्था

### ३.३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४

नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न तथा संघ, प्रदेश र स्थानीय तहबीचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न, लोकतन्त्रका लाभहरूको समानुपातिक समावेशी र न्यायोचित वितरण गरी कानूनी राज्य र दिगो विकासको अवधारणा अनुरूप समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्न यो ऐन जारी गरिएको छ । संविधानको यसै प्रावधान अनुरूप स्थानीय तहको विधायिकी, कार्यकारिणी र न्यायिक

अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकार सञ्चालन ऐनमा गाउँपालिका तथा नगरपालिकाकाको काम, कर्तव्य र अधिकारहरूको व्यवस्था गरिएको छ । ऐन बमोजिम गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारको दफा ११ (२) अन्तर्गत व्यवस्था गरिएका स्थानीय उद्योगसँग सम्बन्धित विषयहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**क) सहकारी संस्था**

सहकारी संस्थाको अधिकारमा सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वय र नियमन सम्बन्धी विषय, गाउँपालिका तथा नगरपालिकाको भौगोलिक क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्थाको  दर्ता, अनुमति, खारेजी र बिघटनसँग सम्बन्धी विषय, सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारण र नियमन सम्बन्धी विषय र स्थानीय सहकारी संस्थाको क्षमता अभिवृद्धि सम्बन्धी विषयहरू पर्दछन् ।

**ख) स्थानीय कर, सेवा शुल्क तथा दस्तुर**

- स्थानीय कर, सेवा शुल्क तथा दस्तुर सम्बन्धी अधिकारमा संघीय तथा प्रदेश कानूनको अधिनमा रही सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, मनोरञ्जन कर सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन सम्बन्धी विषयहरू,
- स्थानीय पूर्वाधार तथा सेवा शुल्क निर्धारण, संकलन र व्यवस्थापन सम्बन्धी विषयहरू,
- ट्रेकिङ, कायागिङ, क्यानोनिङ, बन्जीजम्प, जिपफ्लाय्रर, ऱ्याफ्टिङ, मोटरबोट लगायत अन्य जल तथा मोटर क्षेत्रमा सञ्चालन हुने नवीन पर्यटकीय सेवा तथा साहसिक खेलको शुल्क सम्बन्धी विषयहरू,
- जडिबुटी, कबाडी र जीवजन्तु कर निर्धारण तथा संकलन सम्बन्धी विषयहरू,
- स्थानीय राजस्वको आधार बिस्तार तथा प्रवर्द्धन सम्बन्धी विषयहरू,
- ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी, खरीढुङ्गा आदि प्राकृतिक वस्तुको बिक्री तथा निकाशी शुल्क दस्तुर संकलन सम्बन्धी विषयहरू,
- सिफारिस गर्ने सम्बन्धी विषयहरू, प्रचलित कानून बमोजिम गर्ने सिफारिस, दर्ता, अनुमति, नवीकरण शुल्क, दस्तुर निर्धारण र संकलन सम्बन्धी विषयहरू पर्दछन् ।

**ग) स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता**

स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी अधिकारमा स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वय तथा नियमन सम्बन्धी विषय, स्थानीय वस्तहुरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र नियमन सम्बन्धी विषय, स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन सम्बन्धी विषय, स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, नवीकरण, खारेजी, कानून र नियमन सम्बन्धी विषय र स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखीकरण सम्बन्धी विषयहरू पर्दछन् ।

**घ) कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वस्थ्य, सहकारी**

१) कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वस्थ्य सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

२) पशुपंक्षी चिकित्सा सेवाको व्यवस्थापन,

३) कृषि तथा पशुपक्षी बजार सूचना, तालिम, प्रविधि प्रसार, कृषि सामग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन, अनुगमन र नियमन ।

**ङ) कृषि प्रसार व्यवस्थापन, सञ्चालन र नियन्त्रण**

१) कृषि प्रसार सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

२) कृषि बिउबिजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमन,

३) कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण सम्बन्धी अन्य कार्य ।

**च) जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण**

जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी अधिकारमा जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन सम्बन्धी विषय, ढुङ्गा, गिट्टी, बालुवा, माटो तथा स्लेट जस्ता वस्तुको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन सम्बन्धी विषयहरू पर्दछन् ।

छ) **खेलकुद र पत्रपत्रिका, स्थानीय तहका पत्रपत्रिकाको दर्ता, अभिलेख तथा नियमन**

ज) **लघु, घरेलु र साना उद्योग**
लघु, घरेलु र साना उद्योग सम्बन्धी अधिकारमा लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी, नियमन, विकास प्रवर्द्धन र व्यवस्थापन सम्बन्धी विषय, उद्यमशीलताको विकास र व्यवस्थापन सम्बन्धी विषयहरू पर्दछन् ।

### ३.३.२ औद्योगिक व्यवसाय ऐन २०७६

औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ११ ले उद्योग स्थानान्तरणको लागि स्वीकृति लिनुपर्ने व्यवस्था गरेको छ । सो अनुसार कुनै एक ठाउँमा सञ्चालन गर्ने गरी दर्ता भएको उद्योग कुनै कारणले अन्यत्र स्थानान्तरण गर्नुपर्ने भएमा सोको कारण खुलाई उद्योग दर्ता गर्ने समक्ष तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ भन्ने व्यवस्था छ । तर एक प्रदेशबाट अर्को प्रदेशमा स्थानान्तरण गर्नुपर्ने भएमा उद्योग विभागको स्वीकृति लिनु पर्नेछ । स्थानान्तरणका लागि सो बमोजिम निवेदन प्राप्त हुन आएमा उद्योग दर्ता गर्ने निकायले सम्बन्धित स्थानीय तहको सिफारिसमा उद्योग स्थानान्तरणको स्वीकृति प्रदान गर्न सक्नेछ र त्यसरी उद्योग स्थानान्तरणको लागि स्वीकृत प्रदान गरिएको जानकारी सम्बन्धित प्रदेशको उद्योग हेर्ने निर्देशनालय र स्थानीय तहलाई समेत दिनुपर्नेछ भन्ने व्यवस्था गरिएको छ ।

परम्परागत श्रममुलक र खास सिप र प्रविधिमा आधारित वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधि कला तथा संस्कृतिमा आधारित र कुनै इन्जिन/उपकरण/मेसिन भए १० किलोबाट वा सो भन्दा कम विद्युतीय ऊर्जा प्रयोग गरेको उद्योग, जस्तै परम्परागत रूपले सानो पोसाक सिलाई बुनाइ छपाइ गर्ने, गलैचा, मूर्तिकला बनाउने, औजारहरू बनाउने, हस्तकला जस्ता उद्योगलाई यस ऐनको दफा १७ को उपदफा (१) को खण्ड (ख) बमोजिम घरेलु उद्योग भनेर सम्झनु पर्दछ भनेर उल्लेख गरिएको छ ।

त्यस्तै दफा १७ उपदफा (१) को खण्ड (ग) बमोजिम लघु उद्यम र घरेलु उद्योग बाहेकको पन्ध्र करोड रूपैयाँसम्म स्थिर पुँजी भएको उद्योगलाई साना उद्योग भनेर सम्झनु पर्दछ भन्ने कुरा उल्लेख गरिएको छ । दफा २६ मा लघु उद्यमको लागि सुविधा सहुलियत अन्तर्गत लघु उद्यम दर्ता गर्दा कुनै शुल्क वा दस्तूर नलाग्ने कुरा उल्लेख गरिएको छ । दफा २७ मा महिला उद्यमीको थप

सुविधा अन्तर्गत महिला उद्यमीको मात्र स्वामित्व रहने गरी उद्योग वा फर्म दर्ता गराएमा दत्रा गराउँदा लाग्ने दस्तुरमा ४५ प्रतिशत सम्म छुट हुने कुरा उल्लेख छ। दफा २९ थप सुविधा र सहुलियत अन्तर्गत लघु घरेलु तथा साना उद्योगीले आफ्नो क्षमता अभिवृद्धि गर्न आवश्यक पर्ने मेसिनरी, यन्त्र, उपकरण जस्ता नवीन प्रविधि आयात गर्दा लाग्ने भन्सार महसुलमा छुट दिन सकिने व्यवस्था उल्लेख छ।

संघीय कानूनको रूपमा रहेको यस ऐनको परिच्छेद ८ मा सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था रहेको छ। जुन उल्लंघन गरेको पाइएमा लघु उद्योग र घरेलु उद्योगलाई देहाय बमोजिम सजाय हुनेछ।

तर स्थानीय तहले स्थानीय उद्योग व्यवस्थापन ऐन तर्जुमा गर्दा संघ तथा प्रदेश कानूनसँग नबाझिने गरी गनुपर्नेछ।

- दफा ४३ (१) अन्तर्गत उद्योग दर्ता नगरेमा लघु उद्योग र घरेलु उद्योगलाई पाँच हजार र पच्चीस हजार सम्मको जरिवाना,
- दफा ४३ (२) अन्तर्गत आफ्नो उद्देश्य बिपरीत कार्य गरेमा लघु उद्योग र घरेलु उद्योगलाई दुई हजार र पच्चीस हजार जरिवाना,
- दफा ४३ (३) अन्तर्गत आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको जानकारी नदिएमा लघु उद्योग र घरेलु उद्योगलाई प्रत्येक छ महिनाको दुई हजार र दश हजार जरिवाना,
- दफा ४३ (४) अन्तर्गत स्वीकृति नलिई उद्योग स्थानान्तरण गरेमा लघु उद्योग र घरेलु उद्योगलाई पाँच हजार र पच्चीस हजार सम्मको जरिवाना,
- दफा ४३ (५) अन्तर्गत तोकिएको विवरण तोकिएको अवधिभित्र उपलब्ध नगराएमा उद्योग दर्ता गर्ने निकायले लघु उद्योग र घरेलु उद्योगलाई एक हजार र पाँच हजार सम्मको जरिवाना,
- दफा ४३ (८) अन्तर्गत यस ऐन, नियमावली वा मन्त्रालयको निर्देशन पालना नगरेमा लघु उद्योग र घरेलु उद्योगलाई पाँच हजार र पाँच हजारदेखि पच्चीस हजार सम्मको जरिवाना,

### ३.३.३ औद्योगिक व्यवसाय नियमावली २०७६

औद्योगिक व्यवसाय नियमावली, २०७६ को नियम ३ अनुसार उद्योग दर्ता गर्ने चाहने व्यक्तिले देहायका विवरण र कागजात सहित उद्योग दर्ताको लागि उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिनुपर्ने व्यवस्था छ।

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा विदेशी नागरिक भए राहदानीको प्रतिलिपि,

(ख) निवेदकको फर्म वा कम्पनी भएमा दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) उद्योग रहने ठाउको नक्साङ्कन सहितको विवरण,
(घ) निवेदन दिदा प्रतिनिधि तोकेको भए सोको अख्तियारी पत्र,
(ङ) विदेशी लगानीमा सञ्चालन गर्ने भए स्वीकृति भएको पत्र,
(च) साझेदारीमा गर्ने भए साझेदारबीचको सम्झौताको प्रतिलिपि,
(छ) उद्योग सञ्चालन गर्ने क्षेत्रको गाउँपालिका वा नगरपालिकाको सिफारिस,
(ज) उद्योग दर्ता गर्ने निकायले तोकेको अन्य आवश्यक कागजात ।

सोही नियमावलीको नियम २२ मा एकल विन्दु सेवा केन्द्र बारे व्यवस्था गरिएको छ । सो अनुसार प्रदेशमा दर्ता भएका वा दर्ता हुने लघु उद्योग, घरेलु उद्योग र साना उद्योगले ऐन तथा यस नियमावली बमोजिम प्राप्त हुने छुट, सुविधा वा सहुलियत प्रदेश स्तरबाटै प्राप्त गर्नका लागि सम्बन्धित प्रदेशले आवश्यकता अनुसार एकल विन्दु सेवा केन्द्र स्थापना गर्न सक्नेछ । साथै गाउँपालिका वा नगरपालिकामा दर्ता भएका वा दर्ता हुने लघु उद्यम, घरेलु उद्योग दर्ता तथा साना उद्योगले ऐन र यस नियमावली बमोजिम प्राप्त हुने छुट, सुविधा वा सहुलियत स्थानीय स्तरबाटै प्राप्त गर्नको लागि सम्बन्धित गाउँपालिलका वा नगरपालिकाको अध्यक्ष वा प्रमुखको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा रहने गरी एकल विन्दु सेवा केन्द्र स्थापना गर्न सकिनेछ भन्ने व्यवस्था छ ।

औद्योगिक व्यवसाय नियमावली, २०७६ अनुसार गाउँपालिका वा नगरपालिकामा दर्ता भएका वा दर्ता हुने लघु उद्यम, घरेलु उद्योग दर्ता तथा साना उद्योगले ऐन र यस नियमावली बमोजिम प्राप्त हुने छुट, सुविधा वा सहुलियत स्थानीय स्तरबाटै प्राप्त गर्नको लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकाको अध्यक्ष वा प्रमुखको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा रहने गरी एकल विन्दु सेवा केन्द्र स्थापना गर्न सकिनेछ भन्ने व्यवस्था छ । यी प्रावधानबाट स्थानीय तहलाई संघीय कानूनले लघु उद्यम, घरेलु उद्योग तथा साना उद्योग सम्बन्धमा अधिकार प्रदान गरेको देखिन्छ ।

### ३.३.४ वातावरण संरक्षण ऐन २०७६

नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै सवारी साधन, यन्त्र, उपकरण, औद्योगिक प्रतिष्ठान, होटल, रेस्टुरेन्ट वा अन्य स्थान वा मालवस्तु वा कुनै क्रियाकलापबाट हुने प्रदूषण  वा जोखिमपूर्ण पदार्थ निस्कासन वा उत्सर्जनबाट हुने असर न्यूनीकरण वा निराकरण गर्नका लागि आवश्यक मापदण्ड निर्धारण गर्न सक्ने कानूनी व्यवस्था यस ऐनले गरेको छ ।

### ३.३.५ साझेदारी ऐन, २०२०

साझेदारी ऐन, २०२० बमोजिम साझेदारहरूले आफूहरूबीच कुनै कवुलियत भएको भए त्यस्को नक्कल राखी देहायका कुरा खुलाई विभागमा निवेदन दिनु पर्ने व्यवस्था छ ।

१. फर्मको पूरा नाम,
२. फर्मको कारोबार गर्ने मुख्य ठेगाना,
३. फर्मले गर्न चाहेको चिज वस्तु र फर्मको उद्देश्य,
४. साझेदारको पूरा नाम र स्थायी ठेगाना,
५. साझेदारको किसिम र प्रत्येक साझेदारले लगाएको पुँजी,
६. नाफा नोक्सान बण्डा लगाउने तरिका,
७. नाफा निश्चित गर्ने तरिका आदि कुरा खुलाउनु पर्ने ।

### ३.३.६ पेटेन्ट, डिजाइन तथा ट्रेडमार्क ऐन २०२२

कुनै पेटेन्ट आफ्नो नाममा दर्ता गर्न चाहानेले आफ्नो भएसम्मको सबूत प्रमाण सहित खुलाई सो पेटेन्ट आविष्कार गर्ने व्यक्तिको नाम, ठेगाना र पेसा, दर्ता गर्न चाहनेले आफूले आविष्कार नगरेको भए आविस्कार गर्नेबाट के कस्तो हक प्राप्त गरेको हो, सो पेटेन्ट सञ्चालन वा उपयोग गर्ने तरिका, सो पेटेन्ट कुनै सिद्धान्त वा फर्मूलामा आधारित भए सिद्धान्त वा फर्मूला पेस गर्नुपर्ने व्यवस्था छ । त्यस्तै डिजाइनको दर्ता गर्न चाहनेले डिजाइनको विवरण सहितको नक्सा र रेखाङ्कन नमूना सहित पेस गर्नुपर्ने र ट्रेडमार्क दर्ता गर्न चाहानेले नमूना सहित विवरण पेस गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ ।

### ३.३.७ श्रम ऐन २०७४

श्रम सम्बन्धमा आधारभूत न्यूनतम मापदण्ड निर्धारणको व्यवस्था गरेको छ । सो बमोजिम यो ऐन र ऐन अन्तर्गत बनेका नियममा व्यवस्था भएको पारिश्रमिक वा सुविधा भन्दा कम लिने दिने गरी रोजगारदाता र श्रमिकबीच संझौता भएको रहेछ भने पनि यो ऐन बमोजिम बदर हुने कानूनी व्यवस्था छ । साथै कसैले पनि बालबालिकाहरूलाई काममा लगाउन नहुने, धर्म, भाषा, वर्ण, लिङ्ग, जात ताति, उत्पत्ति, वैचारिक आस्था वा त्यस्तै आधारमा भेदभाव गर्न नपाइने, समान मूल्यको काममा पनि भेदभाव गर्न नपाईने कानूनी व्यवस्था रहेको छ ।

### ३.३.८ उपभोक्ता संरक्षण ऐन, २०७५

गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको संवैधानिक अधिकारको संरक्षण तथा सम्बर्द्धन गर्न, उपभोक्तालाई प्राप्त हकको प्रचलनका लागि न्यायिक

उपचार प्रदान गर्न र उपभोक्तालाई हुन सक्ने हानीनोक्सानी वापत क्षतिपूर्ति उपलब्ध गराउन उपभोक्ता संरक्षण ऐन जारी भएको देखिन्छ ।

यस ऐनको दफा ३ अन्तर्गत गुणस्तरीय वस्तु वा सेवा प्राप्त गर्ने अधिकारलाई उपभोक्ताको अधिकार भनेर सुनिश्चित गरेको छ । त्यस्तै दफा ५ अन्तर्गत कुनै पनि वस्तु वा सेवाको गुणस्तर निर्धारण नेपाल सरकारले गर्ने र राजपत्रमा प्रकाशन गर्नुपर्ने कुरा उल्लेख छ। दफा ६ अन्तर्गत उत्पादकले आफूले उत्पादन गरेको वस्तुमा कानूनले तोकेको कुराहरू उल्लेख गरी लेबल लगाउनुपर्ने कुराहरू व्यवस्था गरिएको छ ।

दफा ७ अन्तर्गत उत्पादकले निम्नानुसार दायित्व पूरा गर्नुपर्ने उल्लेख छ ;

- गुणस्तरीय वस्तु वा सेवा उत्पादन गर्ने,
- वस्तुको लेबल निर्धारण गर्ने,
- त्रुटिपूर्ण उत्पादन नगर्ने,
- त्रुटिपूर्ण उत्पादन बजारमा रहेको कुरा जानकारी आएमा संकलन गरी नष्ट गर्ने,
- वस्तु वा सेवाको कारण उपभोक्तालाई कुनै किसिमको क्षति भएमा सोको मनासिब क्षतिपूर्ति दिने,
- वस्तु वा सेवाको भ्रामक विज्ञापन वा प्रचार प्रसार नगर्ने,
- कानून बमोजिम तोकिएको अन्य शर्त पूरा गर्ने,

दफा १६ अन्तर्गत अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप गर्न नहुने कुरा उल्लेख छ । सो अन्तर्गत निम्नानुसार क्रियाकलाप गरेमा अनुचित व्यापारिक क्रियाकलाप हुने कुरा उल्लेख छ ;

- वस्तु वा सेवाको वास्तविक गुणस्तर, परिणाम, मूल्य, नापतौल, ढाँचा वा बनावट आदि ढाँटी, लुकाई, छिपाई वा झुक्याई त्यस्तो वस्तु वा सेवा बिक्री वा प्रदान गर्ने,
- झुठा वा भ्रमपूर्ण विज्ञापन गर्ने वा भ्रमपूर्ण विज्ञापन गरी वस्तु बिक्री गर्ने,
- वस्तु वा सेवाको हकमा मौखिक, लिखित वा दृश्यबाट देहायका कुनै काम गर्ने,
- कमसल वस्तुलाई विशिष्ठ वा गुणस्तर भएको स्तरमान, गुणस्तर, मात्रा, संरचना, डिजाइन, देखाई बिक्री गर्ने,
- पुर्ननिर्मित वा पूराना वस्तुलाई नयाँ हो भनी देखाई वा झुक्याई बिक्री गर्ने,
- घोषित गरिएका कुनै फाइदा नहुने अवस्थामा पनि वस्तु वा सेवाको बिक्री गर्दा झुठा र भ्रमपूर्ण रूपमा विज्ञापन वा सूचना प्रसार गर्ने,

- तथ्यगत आधारबिना कुनै वस्तुको उपभोग वा प्रयोगबाट त्यस्तो वस्तुको दाबी वा प्रत्याभूति गर्ने वा बिक्री गर्ने,
- कुनै वस्तु वा सेवाको वास्तबिक लागतको आधारभन्दा फरक आधारमा उपभोक्ता मूल्यमा भार पर्ने गरी मूल्य निर्धारण गर्ने वा कुनै प्रतियोगिता, चिट्ठा, अवसर आदिको लागत समेत समावेश गरी मूल्य तय गर्ने वा त्यस्तो मूल्यमा बिक्री गर्ने,
- कुनै वस्तु वा सेवाको मूल्यमा दान, इनाम वा निःशुल्क पाइने अन्य वस्तुको मूल्य वा लागत समावेश गरी मूल्य निर्धारण गर्ने वा त्यस्तो मूल्यमा त्यस्तो वस्तु वा सेवाको बिक्री गर्ने,
- कुनै वस्तु वा सेवामा तोकिएको गुणस्तर वा मानकभन्दा घटी हुने वा बढी हुने गरी वा त्यस्तो वस्तु वा सेवा उपभोगबाट उपभोक्तालाई हानि, नोक्सानी पुऱ्याउने गरी त्यस्तो वस्तु उत्पादन मिश्रण वा आपूर्ति वा ओसारपसार वा सञ्चय वा बिक्री गर्ने,
- कुनै वस्तुको कृत्रिम अभाव सृजना, जम्माखोरी गर्ने वा बिक्री गर्ने,
- त्रुटिपूर्ण उत्पादनबाट नष्ट भएको वस्तुको मूल्य वा व्यापारिक कारोबारको सिलसिलामा करार भएको वस्तुको मूल्य समेत अन्य वस्तुको लागत मूल्यमा समावेश गरी बिक्री गर्ने,
- कुनै वस्तुलाई विस्थापित गर्न नक्कली वस्तु उत्पादन वा पैठारी गर्ने वा त्यस्तो बटुको बिक्री गर्ने,
- बिक्री गरेको वस्तु वा सेवाको बिल वा बिजक जारी गर्न इन्कार गर्ने वा बिल वा बिजक जारी नगर्ने वा बिल बिजक जारी गर्दा थप रकम माग गर्ने,
- कुनै वस्तु उपभोग गर्दा उपभोक्तालाई हानि, नोक्सानी वा क्षति पुग्ने गरी विषादी वा कुनै रसायनको प्रयोग गर्ने वा त्यसरी प्रयोग भएको वस्तु बिक्री गर्ने,
- कुनै वस्तु वा सेवा बिक्री वा प्रदान गर्दा तोकिएको व्यापारिक तहभन्दा बढी तह वा श्रृंखला खडा गरी बिक्री वा प्रदान गर्ने,

दफा १८ अन्तर्गत वस्तु वा सेवाको सम्बन्धमा गर्न नहुने अन्य काम उल्लेख छ। सो अन्तर्गत निम्न काम गर्न नहुने जनाइएको छ;

- जानीजानी कमसल वस्तुको उत्पादन, बिक्री वा पैठारी गर्न,
- कुनै वस्तु वा सेवालाई अर्को वस्तु वा सेवा हो भनी वा न्युनस्तरको वस्तु वा सेवालाई उच्चस्तरको वस्तु वा सेवा हो भनी ढाँटी वा झुक्याई बिक्री गर्ने,
- उपभोक्ताको स्वस्थमा प्रतिकूल असर पर्ने वस्तु उत्पादन, पैठारी वा बिक्री गर्न, व्यापारिक वा व्यापारिक समूहहरू मिली त्यस्तो वस्तुको अभाव सृजना

गरी मूल्य तथा आपूर्ति व्यवस्थामा प्रभाव पार्न,

- एकै प्रकृतिको कुनै सेवा प्रदान गर्ने एकभन्दा बढी व्यापारी वा व्यापारिक समूहको मिलेमतोबाट चक्र प्रणाली, कोटा प्रणाली, आलोपालो, खेप प्रणाली वा टोकन प्रणाली अपनाई सेवा सञ्चालन गर्ने,
- एउटा वस्तु खरिद गर्दा अर्को वस्तु पनि खरिद गर्नुपर्ने व्यवस्था गर्ने ।

त्यस्तै दफा २८ अन्तर्गत स्थानीय बजार अनुगमन समितिको परिकल्पना र काम, कर्तव्य र अधिकारको विषयमा उल्लेख गरिएको छ ।

### ३.३.९ खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५

खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ को दफा ३ ले दूषित खाद्य पदार्थ वा न्यूनस्तरको खाद्य पदार्थको उत्पादन तथा बिक्री वितरण गर्न मनाही गरेको छ । त्यस्तै यस ऐनको दफा ४ मा झुक्यानमा पारी खाद्य पदार्थ बिक्री वितरण गर्न नहुने उल्लेख गरिएको छ । त्यस्तै यस ऐनको दफा ८ मा कुनै खाद्य पदार्थ दूषित वा न्यूनस्तरको खाद्य पदार्थ हो वा होइन भन्ने कुराको परीक्षण तोकिएको अनुसन्धानशालामा गराइनेछ र त्यस सम्बन्धमा सो अनुसन्धानशालाको तोकिएको अधिकारी वा अधिकारीहरूबाट प्रतिवेदन लिइने उल्लेख छ । बिभिन्न संघिय कानूनहरूमा प्रयोगशाला सम्बन्धी व्यवस्था स्थानीय निकायमा मिलाइने भनिएको छ, यस ऐनमा तोकेर प्रयोगशाला सम्बन्धी व्यवस्था गर्न स्थानीय तहलाई अधिकार नदिए पनि विभिन्न ऐनहरूमा समरूपता ल्याउन यो जिम्मा स्थानीय तहलाई नै दिँदा उचित हुने देखिन्छ ।

यस ऐनको दफा ९ (क) बमोजिम गुण, स्तर, मात्रा वा परिधि भन्दा न्यून गुण, स्तर, मात्रा वा परिधिको वा दूषित खाद्य पदार्थ वा कुनै खाद्य पदार्थलाई ढाँटी झुक्याई बिक्री वितरण गरे गराएको विषयमा अनुगमन तथा निरीक्षण गर्न सक्ने अधिकार प्रदेश र स्थानीय तहलाई तोकेरै दिइएको छ

### ३.३.१० प्रदेश कानूनहरू

प्रदेश १ को औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ११ अनुसार उद्योग स्थानान्तरणको लागि स्वीकृत लिनुपर्ने व्यवस्था अनुसार कुनै एक ठाउँमा सञ्चालन गर्ने गरी दर्ता भएको उद्योग कुनै कारणले अन्यत्र स्थानान्तरण गर्न निवेदन प्राप्त हुन आएमा उद्योग दर्ता गर्ने निकायले स्थानान्तरण भइजाने सम्बन्धित स्थानीयतहको सिफारिसमा उद्योग स्थानान्तरणको स्वीकृत दिन सक्नेछ । त्यसरी उद्योग स्थानान्तरणको लागि स्वीकृत प्रदान गरिएको जानकारी सम्बन्धित प्रदेशको उद्योग हेर्ने मन्त्रालय र स्थानीय तहलाई समेत दिनुपर्नेछ

भन्ने व्यवस्था गरिएको छ ।

बागमती प्रदेशको प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७७ को दफा ६१ बमोजिम उद्योग प्रशासन सम्बन्धी कार्य गर्न सक्ने व्यवस्था गरी लघु उद्यमको दर्ता नवीकरण तथा नियमन सम्बन्धी कार्य स्थानीय तहले गर्न सक्नेछ भन्ने व्यवस्था छ । साथै दफा ६२ मा यस ऐन बमोजिम बोर्डलाई प्राप्त अधिकार स्थानीय तहलाई दिन सक्ने व्यवस्था पनि गरिएको छ ।

लुम्बिनी प्रदेशले प्रदेश बजार नियमन तथा प्रतिस्पर्धा प्रवर्द्धन गर्ने सम्बन्धमा बनेको ऐन,२०७७ को व्यवस्था गरी बजारमा हुने क्रियाकलापहरूको नियमन तथा अवाञ्छनीय गतिविधिको नियन्त्रण गरी बजार संरक्षणको गुणस्तरीय वस्तु र सेवा उपलब्ध गराई सर्वसाधारणको सुस्वास्थ, आर्थिक हित र सदाचार कायम राख्न यो ऐनको व्यवस्था गरेको छ । यो ऐन बमोजिमको कार्य प्रदेशमा नियमन र प्रवर्द्धन गर्न प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रीको अध्यक्षतामा परिषद् समेतको व्यवस्था गरिएको छ ।

सुदूरपश्चिम प्रादेशिक औद्योगिक व्यवसाय ऐन, २०७५ को दफा ४५ बमोजिम प्रदेश सरकारलाई भएको कुनै वा सबै अधिकार प्रदेश सरकारले आवश्यकता अनुसार स्थानीय तहका उद्योगसँग सम्बन्धित कार्यालय वा प्रदेश सरकार अन्तर्गतका कार्यालयलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ भन्ने व्यवस्था गरिएको छ । सुनिश्चिततताद्वारा प्रदेश भित्रको व्यापार प्रवर्द्धन र स्वच्छ प्रतिस्पर्धा मार्फत उपभोक्तालाई उल्लिखित प्रदेश कानूनले गरेको व्यवस्था हेर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (५) (घ) मा रहेको स्थानीय तहले लघु उद्यम, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी, नियमन, विकास, प्रबर्द्धन र व्यवस्थापन गर्ने अधिकार, त्यसैगरी संघीय औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ६१ मा लघु, घरेलु तथा उद्योग प्रशासन र नियमन सम्बन्धी कार्य स्थानीय तहले गर्न सक्ने व्यवस्थाको तुलनामा उल्लिखित प्रदेश १ को ऐनले लघु उद्यमको दर्ता नवीकरण तथा नियमन सम्बन्धी कार्य स्थानीय तहले गर्न सक्नेछन् भन्ने व्यवस्था मात्र गरेको र बागमती प्रदेशको ऐनले स्थानीय तहका उद्योगसँग सम्बन्धित कार्यालय वा प्रदेश सरकार अन्तर्गतका कार्यालयलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ भन्ने व्यवस्था गरिएकोमा उद्योगको जिम्मेवारी र प्रदेशले अधिकार प्रत्यायोजन गर्ने विषयमा केही संकुचन गर्न खोजिएको देखिन्छ । लुम्विनी प्रदेश बजार नियमन तथा प्रतिस्पर्धा प्रवर्द्धन गर्ने सम्बन्धमा बनेको ऐनले समेत स्थानीय तहको भूमिकाबारे व्यवस्था गर्न बाँकी रहेको देखिन्छ ।

### ३.३.११ स्थानीय तहमा कार्यान्वयनमा रहेका केही कानून

**क) मुसिकोट नगरपालिकाको लघु, घरेलु तथा साना उद्योग ऐन, २०७६**

नगरपालिकाको औद्योगिक वातावरणलाई सुविधाजनक, लगानीमैत्री बनाई रोजगारीका अवसरमा अभिवृद्धि गर्न, नगरमा उपलब्ध प्राकृतिक, भौतिक तथा मानवीय स्रोतको अधिकतम उपयोग गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा जोड दिँदै लघु, घरेलु तथा साना उद्योग विकासको माध्यमबाट सबल, गतिशील एवं उत्पादनमुखी अर्थतन्त्र निर्माण गर्ने उद्देश्य सहित मुसिकोट नगरपालिकाले यो ऐन जारी गरेको देखिन्छ ।

यस ऐनको परिच्छेद - २ मा लघु, घरेलु तथा साना उद्योग दर्ता तथा नियमन सम्बन्धी व्यवस्था गरिएको छ । यस अन्तर्गत दफा ३ मा उद्योग दर्ताको अनुमति लिनुपर्ने, दफा ६ मा वातावरणमा प्रतिकूल असरको निराकरण गर्नुपर्ने, दफा ७ मा अनुमति लिनुपर्ने उद्योगहरू र दफा १४ मा उद्योग दर्ता खारेज सम्बन्धी व्यवस्था गरिएको छ ।

त्यस्तै यस ऐनको परिच्छेद - ३ मा उद्योगको वर्गीकरण तथा स्थिर पुँजी, परिच्छेद-४ अन्तर्गत लघु, घरेलु तथा साना उद्योग तथा लगानी प्रवर्द्धन समिति सम्बन्धी व्यवस्था, परिच्छेद - ५ लघु, घरेलु तथा साना उद्योगलाई प्रदान गरिने छुट, सुविधा वा सहुलियत सम्बन्धी व्यवस्था, परिच्छेद - ६ एकल विन्दु सेवा केन्द्र सम्बन्धी व्यवस्था र परिच्छेद-७ मा सजाय सम्बन्धी व्यवस्था गरिएको छ ।

**ख) वीरेन्द्रनगर नगरपालिका लघु, घरेलु तथा साना उद्योग दर्ता, नवीकरण, सञ्चालन र नियमन सम्बन्धी कार्यविधि - २०७६**

यस कार्यविधि अर्थतन्त्रमा निजी तथा सरकारी क्षेत्रको भूमिकालाई महत्व दिदै उपलब्ध साधन स्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्न साथै हासिल गरिएको समृद्धिमा बहु संख्यक जनताको पहुँच स्थापना गर्न मार्ग निर्देशन गर्ने भनिएको र स्थानीय श्रम, सिप तथा स्रोत साधनको अधिकतम परिचालन गर्दै दिगो औद्योगिक विकास कायम गर्न र लघु, घरेलु तथा साना उद्योगहरूको प्रवर्द्धन गर्न जारी भएको छ ।

यस ऐनको दफा ३ मा उद्योग व्यवसाय, सेवा र पेसाजन्य क्रियाकलापहरू दर्ता, प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्नुपर्ने लगायतका प्रावधानहरू उल्लेख छन् । त्यस्तै दफा ६ मा नवीकरण दफा ७ मा उद्योगको पुँजी वृद्धि, उद्देश्य थप, नामसारी, नाम परिवर्तन तथा ठाउसाँरीका लागि मापदण्ड

दफा ८ मा उद्योग व्यवस्थापन निर्देशक समिति, दफा १० मा उद्योगको वर्गीकरण, दफा १३ मा वातावरणीय परीक्षण सम्बन्धी व्यवस्था, दफा १४ मा सामाजिक उत्तरदायित्व, दफा १५ मा उद्योगको खारेजी तथा नियमन सम्बन्धी व्यवस्था गरिएको छ ।

ग) **पोखरा महानगरपालिकाको पर्यटन विकास ऐन, २०७७**
यस ऐन अनुसार नगर क्षेत्र भित्र रहेका प्राकृतिक तथा साँस्कृतिक पर्यटकीय स्रोत सम्पदाको पहिचान गरी तिनको उचित संरक्षण र सम्र्वद्धन गर्दै पर्यटनको विकास गर्न, पोखरा महानगर क्षेत्रलाई एक आकर्षक पर्यटन स्थलका रूपमा विकास गर्न पर्यटकीय वस्तुहरूहरूको विविधिकरण गरी पर्यटन बजारमा ब्राण्डिङ्ग गराउन र पोखरामा मौलिक ब्राण्डको पर्यटन व्यवसायको विकास, विस्तार र प्रर्वद्धनद्वारा स्थानीय उत्पादन उपयोग तथा आय तथा रोजगारीका लागि महानगरपालिकाको प्रमुखको अध्यक्षतामा एक समितिको व्यवस्था गरेको छ । साथै वडा पर्यटन प्रवर्द्धन समितिको व्यवस्था गरी आन्तरिक पर्यटनको विकास र विस्तारमा जोड दिने, होम स्टे भिलेज कार्यक्रमलाई प्रोत्साहन गर्ने, एक गाउँ एक उत्पादनको पहिचान र प्रवर्द्धन गर्ने, जस्ता कार्यहरू गर्ने रहेको छ ।

**३.३.१२ उद्योग सम्बन्धी (स्थानीय उद्योग समेत) सर्वोच्च अदालतको फैसलाहरू**

क) **इस्टेर्न सुगर मिल्स बि. उद्योग मन्त्रालय, ने.का.प. २०६८ नि. न. ८५४२**
यस फैसलामा राज्यले उपयुक्त नीति बनाइ निजी क्षेत्रलाई लगानी गर्ने गरी उद्योगमैत्री औद्योगिक वातावरण सिर्जना गर्नुपर्ने भनिएको छ । कुनै पनि अपारदर्शी व्यवसाय वा लुकी चोरीको प्रक्रियाबाट सञ्चालक हुने कारोबार उद्यम व्यवसाय सञ्चालन सम्बन्धी नेपाल सरकारबाट घोषित सार्वजनिक नीतिको विपरीत हुन्छ ।
उद्योगहरूमा निजी क्षेत्रलाई लगानी गर्ने वातावरण सिर्जना गर्ने गरी नीति तथा कानूनहरू निर्माण गर्ने फैसला अदालतले दिएको छ । स्थानीय उद्योगले नेपालमा प्रत्यक्ष रूपमा १७ लाख मानिसलाई रोजगार प्रदान गरेको छ भने कूल ग्राह्यस्थ उत्पादनमा २२ प्रतिशत हिस्सा ओगटेको छ । तसर्थ यस फैसलाले एकातर्फ राज्यलाई लगानीमैत्री नीति कानून निर्माण-तर्जुमा गर्न दबाब दिएको छ भने अर्कोतर्फ उद्योग व्यवस्थापन र नियमनमा जोड दिनुपर्ने कुरा निर्देश गरेको छ ।

ख) **नारायणी आयल बि. उद्योग विभाग, ने. का. प. २०६८, नि. नं. ८७२४**
यस फैसलामा कानूनले तोकेको वर्गीकरण अनुरूप सोही समूहमा पर्ने

उद्योगले कानूनले तोके बमोजिम सुविधा पाउने छ र यस्तो उद्योगहरू अनिवार्य रूपमा उद्योग विभागमा दर्ता हुनैपर्ने र यसरी उद्योग दर्ता हुँदा उद्योगको निर्धारण गरिएको एक शर्तको रूपमा वार्षिक उत्पादन क्षमता पनि अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने र सोही अनुसार भन्सार महसुल लगायत शुल्क फिर्ता पाउने अधिकार स्वतः प्राप्त हुने नभई यसको लागि उद्योग विभागमा रहेको अभिलेख र तथ्याङ्कको आधारमा उद्योग विभागको स्वीकृति आवश्यक पर्ने प्रस्ट पारिएको छ ।

ग) **राजकुमार शाहसमेत बि. नेपाल सरकार ने. का. प. २०७२, नि. नं. ९५१४**
घरेलु तथा साना उद्योग कार्यालयबाट निवेदकलाई उद्योग बन्द गर्नु भनी पत्र नदिई, पहिला प्रदूषण नियन्त्रण गर्नु भनी निवेदकलाई जानकारी गराउँदा पनि निवेदकले आफ्नो कर्तव्य र जिम्मेवारी पूरा नगरेको अवस्थामा अब पनि वातावरण नियन्त्रणको प्रक्रिया अवलम्बन नगरेमा सो नगरेसम्मको लागि उद्योग बन्द गरिने जानकारी गराइएको विषयका सम्बन्धमा निवेदकलाई सुनुवाइको मौका दिनुपर्ने र प्राकृतिक न्यायको सिद्धान्त विपरीत उद्योग बन्द गर्न लागिएको भनी भन्न नमिल्ने कुरा यस फैसलामा उल्लेख गरिएको छ ।

घ) **जस्मुदीन मन्सुर बि. उद्योग मन्त्रालय ने. का. प. २०६८, नि. नं. ८७४१**
कुनै पनि उद्योगको स्थापनाबाट वातावरण र आमजनताको स्वास्थ्य र आवासीय क्षेत्रमा केही न केही  अनुकूल एवं प्रतिकूल प्रभाव पर्ने भए पनि देशको आर्थिक विकास एवं आमजनताहरूको आवश्यकता पूरा गर्ने प्रयोजनका लागि सेवामूलक उद्योगहरूको योगदान र महत्वलाई न्यून आंकलन गर्न नसकिने । कानूनमा व्यवस्था भए बमोजिम वातावरणीय पक्ष अध्ययन गरी तयार भएको प्रतिवेदन समेतको आधारमा उद्योग सञ्चालनको स्वीकृति प्रदान गरिएको र उद्योगले प्रतिकूल प्रभाव पारेको कुरा वस्तुगत रूपमा पुष्टिसमेत हुन नसकेको अवस्थामा मनोगत कुराको आधारमा मात्र वातावरण, आमजनताको स्वस्थ्य एवं आवासीय क्षेत्रमा प्रतिकूल प्रभाव परेको र सो कारणले उद्योग बन्द गर्नुसम्मको अवस्था उत्पन्न भएको भनी मान्न नसकिने ।

## ३.४ अन्तर्राष्ट्रिय व्यवस्था

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धी (ICCPR) को भाग १ (अनुच्छेद १) ले सबै मानिसहरूले आफ्नो राजनीतिक स्थिति निर्धारण गर्दै, उनीहरूको आर्थिक लक्ष्य पछ्याउने र आफ्नो स्रोतहरूको प्रबन्ध गर्ने अधिकार सहित आत्मनिर्णयको अधिकारलाई मान्यता दिन्छ। कुनै पनि व्यक्तिले आफूले चाहेको पेसा, व्यवसाय गर्न पाउने स्वतन्त्रताको सुनिश्चितता गरेको पाइन्छ।

विश्व व्यापार संगठन (WTO) ले साना तथा मझौला उद्यम मार्गनिर्देशकमा (SMEs GUIDELINES) मा साना तथा मझौला उद्यम विकासका दुई आयामहरूको बारेमा छलफल गरेको देखिन्छ। पहिलो सरकार आफै उपभोक्ता लक्षित सेवा-प्रदायक साना तथा मझौला कम्पनीको स्थापना गर्ने र नाफान्मुख नभइ सेवाउन्मुख र नतिजाउन्मुख हुने। र दोस्रो स्थापना भइसकेका साना तथा मझौला उद्यमहरूलाई व्यवस्थापन र नियमन गरी उद्योग र उपभोक्ताको सर्वाधिक हितमा लैजाने नीति तथा कानूनहरूको निर्माण गर्ने। यी दुवै आयामहरू हासिल गर्न स्थानीय तहले स्थानीय उद्योगहरू व्यवस्थापन र नियमन गर्न अपरिहार्य देखिन्छ।

दक्षिण अफ्रिकामा आठ लाख साना तथा घरेलु उद्योग छन् भने त्यहाँ दुई देखि तीन करोड मानिसहरू लघु उद्यममा लागेर स्व-रोजगार निर्माण गरेका छन्। साना उद्योगले यस देशको ४४% मानिसलाई प्रत्यक्ष रोजगार प्रदान गर्दै, देशको कूल ग्राह्यस्थ उत्पादन (GDP) को ३२.७ प्रतिशत ओगटेको छ। दक्षिण अफ्रिकी सरकारले साना तथा घरेलु लघु उद्यमको वर्गीकरण पछाडिको कारण, सो वर्गीकृत कुन उद्योगलाई कुन तहको सरकारले नियमन गर्ने र कस्तो-कस्तो नीति कानूनहरूको निर्माण गर्ने भन्ने रहेको देखिन्छ।

संयुक्त राज्य अमेरिका र भारत जस्ता मुलुकहरूमा उद्योग सम्बन्धी व्यवस्था गर्ने अधिकार केन्द्रीय, प्रादेशिक र स्थानीय तहलाई छ। यसको प्राथमिक चरण उद्योग वर्गीकरणबाट हुन्छ ठूला, मझौला, साना र घरेलु गरी उद्योगलाई वर्गीकरण गरिएको छ र बिभिन्न तहका सरकारलाई विभिन्न तहको उद्योगहरू व्यवस्था गर्ने अधिकार प्रत्यायोजित गरिएको छ। यी देशहरूमा साना तथा घरेलु लघु उद्यमको जिम्मा स्थानीय सरकारलाई छ। विश्वभरी चलिरहेको शक्ति विकेन्द्रीकरणको प्रभावको रूपमा पनि यसलाई लिन सकिन्छ। यसो गर्दा घरेलु लघु उद्योगले स्थानीय तहबाट नै स्थापना, दर्ता, नियमनको सुविधा लिन पाउँछन। लघु, घरेलु उद्योगले स्थानीय तहलाई नै आफ्नो उत्पादित वस्तु बेचेर

ठूला उद्योगहरूसँग प्रतिस्पर्धामा जान पाउने वातारणको सिर्जना हुन्छ ।

स्थानीय तहका अधिकारीहरूलाई स्थानीय उत्पादकको क्षमता र गुणस्तरको बारे राम्रो ज्ञान हुन्छ । स्थानीय तहले स्थानीय उत्पादकको पक्षमा काम गर्न उत्सुकता पनि देखाउनुपर्छ । स्थानीय तहले कर, लेबी, सेवा शुल्क लगायतको शुल्क उठाउन सक्छ । स्थानीय सरकारले आफ्नो क्षेत्राधिकार भित्र रहेका उद्योग मार्फत रोजगारी प्रदान गर्ने, सामान खरिद गरी बजारीकरणमा सहयोग गर्ने, पुँजी लगानी गर्ने, साना तथा घरेलु उद्योग नियमन गर्न नियम र नियमावली बनाउने जस्ता कार्यहरूबाट साना, लघु तथा घरेलु उद्यमलाई नियमन तथा प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्बाह गर्न सक्छ ।

# भाग - ४
# उद्योग दर्ता, नवीकरण, प्रोत्साहन र खारेजी सम्बन्धी व्यवस्था

## ४.१ उद्योग दर्ता अनुमति र सिफारिस




स्थानीय तहभित्र स्थानीय नयाँ उद्योगको स्थापना वा सञ्चालन गर्नका लागि सम्बन्धित स्थानीय तहमा दर्ता गराउनु पर्दछ । स्थानीय तहले कानून बनाई सो प्रारम्भ हुँदाका बखत प्रचलित औद्योगिक व्यवसाय सम्बन्धी कानून बमोजिम दर्ता भइ नगरपालिका भित्र सञ्चालनमा रहेका स्थानीय उद्योग सोही ऐन बमोजिम स्वतः दर्ता भएको मानिनेछ। यसरी पहिले देखि दर्ता भई सञ्चालनमा रहेका उद्योगले स्थानीय तहको कानून प्रारम्भ भएको मितिले ३ महिनाभित्र सम्बन्धित स्थानीय तहमा अभिलेख गरी अद्यावधिक गर्नु पर्नेछ। स्थानीय तहले यस स्रोत पुस्तिकामा संलग्न ऐनको ढाँचालाई आधार मानी सो सम्बन्धी कानून निर्माण गर्न सक्नेछ।

### क) उद्योग दर्ताको सिफारिस लिनुपर्ने

स्थानीय उद्योग बाहेक अन्य उद्योग नगरपालिकाभित्र दर्ता र सञ्चालन गर्न चाहेमा त्यस्तो उद्योगले उद्योग दर्ता गर्ने निकायले तोकेको कागजात सहित स्थानीय तहमा सिफारिसका लागि तोकिए बमोजिम निवेदन दिनुपर्नेछ।

### ख) उद्योग दर्ता गर्न निवेदन दिनुपर्ने

कुनै पनि उद्यमीको प्रयासमा स्थानीय स्तरमा विभिन्न किसिमका उद्योगहरू स्थापना र सञ्चालन गर्न सकिन्छ। स्थानीय स्तरमा सञ्चालन हुन सक्ने त्यस्ता उद्योग सम्बन्धी योजनाहरूको सूची अनुसूची ४ मा उल्लेख गरिएको छ । यसरी स्थानीय स्तरमा उद्योग स्थापना गर्न चाहने व्यक्तिले देहाय बमोजिमको विवरण र कागजातसहित तोकिएको ढाँचामा स्थानीय तहमा निवेदन दिनु पर्नेछ।

**ग) उद्योग व्यवसाय दर्ता एवं अनुमतिका लागि आवश्यक कागजातहरू**

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा विदेशी नागरिक भए राहदानीको प्रतिलिपि,
(२) निवेदक फर्म वा कम्पनी भएमा फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि,
(३) उद्योग रहने स्थानको नक्साङ्कन सहितको विवरण,
(४) निवेदन दिन प्रतिनिधि नियुक्त गरेको भए सोको अख्तियारी पत्र,
(४) साझेदारी उद्योग स्थापना गर्न चाहेको भए साझेदारबीच भएको सम्झौताको प्रतिलिपि,
(६) उद्योग स्थापना गर्ने नगरपालिकाको सम्बन्धित वडाको सिफारिस,
(७) तोकिएको अन्य आवश्यक कागजात,

**घ) उद्योग व्यवसाय दर्ता प्रमाणपत्रमा खुलाउनुपर्ने विषयहरू,**

(१) उद्योग दर्ताको प्रमाणपत्र जारी भएको मिति,
(२) उद्योगले व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नुपर्ने अवधि,
(३) उद्योगले पालना गर्नुपर्ने शर्तहरू,
(४) उद्योगको प्रकृति अनुसार तोकिए बमोजिमका अन्य शर्तहरू ।

## ४.२ उद्योग व्यवसायको नवीकरण

स्थानीय तहले कानून बमोजिम दिएको दर्ताको प्रमाण-पत्र एक आर्थिक वर्ष समाप्त भए पछि नवीकरण गराउनु पर्नेछ । नवीकरणका लागि आवश्यक कागजात देहाय बमोजिम पेस गर्नुपर्ने हुन्छ ।

क) लेखापरीक्षण प्रतिवेदन, लेखा परीक्षकको प्रमाणपत्रको प्रतिलिपि सहित
ख) वार्षिक प्रगति प्रतिवेदन
ग) आन्तरिक राजश्व कार्यालयको कर चुक्ता प्रमाणपत्र
घ) सम्बन्धित वडाको सिफारिस पत्र

## ४.३ उद्योग व्यवसायको बन्द र अनुमति खारेजी

कानून बमोजिम दर्ता भएको उद्योग व्यवसाय उद्योगी व्यवसायीले कुनै कारणले बन्द गरेमा वा अन्य कुनै कारणले उद्योगको उत्पादन वा कारोबारमा अवरोध भएमा वा उद्योगको व्यावसायिक उत्पादन वा कारोबार बन्द गरेमा त्यसरी बन्द गरेको मितिले एक महिनाभित्र त्यसको जानकारी सम्बन्धित स्थानीय तहलाई दिनु पर्ने हुन्छ । यसरी जानकारी दिंदा कारण खुलाई निवेदन दिनुपर्ने व्यवस्था गर्नु पर्दछ । सो जानकारी प्राप्त भएपछि सम्बन्धित स्थानीय तहले बन्द

गर्नुपर्ने कारणहरूको पहिचान र विश्लेषण गरी समस्याहरू निराकरणका लागि आवश्यक पहल तथा सहजीकरण गर्न सक्ने व्यवस्था गर्नु पर्दछ ।

उद्योग सञ्चालन गर्न नसकिने भई दर्ता खारेज गर्नुपर्ने भएमा उद्योगको दर्ता खारेजीको लागि स्थानीय तह समक्ष दर्ता खारेज गर्नुपर्ने कारण सहित निवेदन दिनुपर्ने हुन्छ । उद्योगको दर्ता खारेज गर्नुअघि कार्यालयले दर्ता खारेज गर्न निवेदन दिएको उद्योगसँग कसैको कुनै प्रकारको लेनदेन बाँकी भएको भए पैतीस दिन भित्र सोको प्रमाण सहितको लिखित दावी स्थानीय तह समक्ष पेस गर्न सम्बन्धित उद्योगले राष्ट्रिय स्तरको वा स्थनीय स्तरको पत्रिकामा सूचना प्रकाशन गर्नु पर्दछ । उद्योग दर्ता खारेज वा लगतकट्टा  गर्न नसकिने देखिएमा उद्योग दर्ता खारेज गर्न नसकिएको आधार र कारण सहित निर्णय गरी त्यस्तो निर्णय भएको जानकारी सम्बन्धित निवेदकलाई दिनुपर्ने हुन्छ ।

## ४.४ उद्यमीलाई स्थानीय तहबाट हुने सहयोग र प्रोत्साहन सम्बन्धी व्यवस्था

स्थानीय तहले उद्यमीहरू भौतिक व्यवस्थाहरूको बन्दोबस्त गर्ने कार्यमा आवश्यक सहयोग पुर्‍याई उद्योग स्थापना र सञ्चालनमा सहयोग प्रदान गर्नु पर्दछ । स्थानीय तहको कार्यालयमा जिम्मेवार कर्मचारी उद्योग तथा व्यवसाय स्थापना र सञ्चालन तथा बजारीकरण जस्ता विषयमा सहयोग गर्न जिम्मेवारी तोकी सहयोग र सहजीकरण गर्ने कार्यमा ध्यान दिनुपर्ने हुन्छ सोसँग सम्बन्धित स्थानीय तहको संगठन संरचनामा उद्योग व्यवसायको प्रावधान र कार्यविवरण बारे गराउन अनुसूची २ मा विस्तृत जानकारी दिइएको छ। उद्यमीलाई स्थानीय तहबाट हुने सहयोग र प्रोत्साहनबारे बुँदागत रूपमा देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

- लघु उद्योगमा दर्ता गर्न दस्तुर नलाग्ने व्यवस्था गर्ने,
- उद्योग सञ्चालन गर्ने उद्यमीले उद्योगका लागि आवश्यक जग्गा खरिद गर्न नसकेमा सोही व्यहोरा खुलाई जग्गा खरिद गर्न वा जग्गा उपलब्ध गराइदिन अनुरोध गरेमा स्थानीय तहको कार्यपालिकाले जग्गा खरिद वा जग्गा उपलब्ध गराइदिने सम्बन्धमा आवश्यक समन्वय वा सहजीकरण गर्न सक्ने,
- राष्ट्रिय वा स्थानीय प्राथमिकता प्राप्त उद्योग सञ्चालन गर्न नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा आवश्यक पर्ने भएमा त्यस्ता उद्योगले आफूलाई आवश्यक पर्ने जग्गाको क्षेत्रफल खुलाई उपलब्ध गराउन स्थानीय तह समक्ष तोकिए बमोजिम निवेदन दिएमा सहयोग गर्न सक्ने,
- प्रचलित कानून बमोजिम स्थापना भएको उद्योगको लागि आवश्यकता अनुसार औद्योगिक सुरक्षाको अतिरिक्त स्थानीयस्तरमा सुरक्षित सञ्चालनको

वातावरण बनाइ राख्न स्थानीय तहले आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्ने,

- कुनै स्थानीय उद्योगलाई विपद्जस्ता आपत्कालीन अवस्थामा उद्योगले अकल्पनीय क्षति व्यहोरेमा नगर वा गाउँ कार्यपालिकाले अनुदान उपलब्ध गराउन सक्नेछ,
- कानून बमोजिम उद्योग वा लगानीकर्तालाई प्राप्त हुने छुट, सुविधा वा सहुलियत र उद्योगको लागि आवश्यक पर्ने पूर्वाधार सम्बन्धी सेवा समयमै सरल र सहज रूपमा एकै थलोबाट उपलब्ध गराउने सम्बन्धमा स्थानीय तहले एकल विन्दु सेवा केन्द्रको काम गर्ने गरी तोक्न सक्नेछ ।
- औद्योगिक ग्राम PPP (Public Private Partnership) सरकारी निजी सहकार्य मोडेलमा स्थापना गर्न सहजीकरण गर्ने,
- औद्योगिक विकासको लागि पर्याप्त सम्भावना र अवसर उपलब्ध रहेको स्थानीय तहले कुनै भाग वा स्थानलाई निश्चित मापदण्डका आधारमा सरकारी निजी सहकार्यमा औद्योगिक करिडोर, औद्योगिक ग्राम तथा औद्योगिक क्लस्टर घोषणा गरी सेवा, सुविधा तथा सहुलियत उपलब्ध गराउन सक्ने,
- स्थानीय तहले रूग्ण उद्योग पुनरुत्थान, पुनर्निर्माण तथा व्यवस्थापनका लागि आवश्यक सहयोग गर्न सक्ने,
- स्थानीय तहले महिला उद्यमशीलता विशेष सहयोगको व्यवस्था गर्न सक्नेछ,
- स्थानीय तहले स्थानीय उद्योगहरू मध्येबाट आवश्यक मानक तयार गरी सफल र अनुशासित तथा उत्कृष्ट उद्योगलाई पुरस्कृत गर्न सक्ने व्यवस्था गर्न सक्नेछ,
- स्थानीय तहबाट उद्योगलाई प्राप्त छुट, सुविधा वा सहुलियत जुन प्रयोजनको लागि दिइएको हो सो प्रयोजनको लागि मात्र उद्यमीले प्रयोग गर्नुपर्नेछ र त्यसको दुरूपयोग गरेमा स्थानीय तहले कारबाही गर्न सक्नेछ ।

# भाग - ५
# अनुगमन र मूल्याङ्कन सम्बन्धी व्यवस्था

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १६ को उपदफा ४ (ख) अनुसार गाउँपालिका र नगरपालिकाको उपाध्यक्ष वा उपप्रमुखको काम कर्तव्य र अधिकार अन्तर्गत नं ५ मा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेस गर्ने भन्ने व्यवस्था छ । यसरी नै वडाध्यक्षको काम कर्तव्य र अधिकार अन्तर्गत पनि वडामा कार्यान्वयन हुने योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउनु, सोको अनुगमन तथा आवधिक समिक्षा गर्ने भन्ने व्यवस्था गरिएको छ । यसै कानूनी आधारमा स्थानीय योजना अनुगमन तथा मूल्याङ्कन सम्बन्धी निर्देशिकाले उपाध्यक्ष वा उपप्रमुखको र सम्बन्धित वडाध्यक्षको अध्यक्षतामा अनुगमन समिति बनाउने व्यवस्था गरेको छ ।

## ५.१ अनुगमनको अर्थ

अनुगमन भन्नाले उद्यम व्यवसाय स्थापनादेखि सञ्चालन र उत्पादन तथा बजारीकरणको सम्बन्धमा स्थानीय तह लगायत सम्बद्ध निकायले निरन्तर निरीक्षण, जाँचबुझ, निगरानी र सुझाव समेत दिई कार्य सम्पादनलाई प्रभावकारी बनाउन सहयोग पुरयाउने कार्यलाई अनुगमन बुझाउँछ । साथै अनुगमनमा सञ्चालन गरिएका उद्यम व्यवसायका लक्ष्य र प्रगतिबारे निरन्तर गरिने अवलोकन, सूचना संकलन र त्यसका लागि चाहिने सुदृढीकरणका चरणहरू पनि अनुगमनकै विषय पर्दछन् । अनुगमनबाट प्राप्त सूचना र सिकाइका आधारमा सञ्चालित व्यवसायको सुदृढीकरणको लागि आवश्यक निर्णयहरू लिने गरिन्छ ।

### ५.१.१ अनुगमनको आवश्यकता र महत्व

- उद्यम व्यवसाय स्थापना, सञ्चालन, उत्पादन र बजार व्यवस्थापन समेत गर्दा देखा परेका समस्याहरू समयमै निराकरण गर्न,
- श्रम, सीप, पुँजी र सामग्रीहरूको अधिकतम सदुपयोग गर्न,
- श्रम, सीप, पुँजी र सामग्रीहरू दुरूपयोग हुन सक्ने अवस्थालाई समयमै रोक्न,
- उद्यमको स्किम बमोजिमका श्रम, सीप, पुँजी र सामग्रीहरू घटी, बढी के कस्तो भइरहेको छ सो कुरा जानकारी लिई समयमा नै व्यवस्था मिलाउन,
- उद्यम व्यवसाय लक्ष्य अनुसार सञ्चालन भइरहेको छ, छैन सो बारे जानकारी प्राप्त गर्न र समयभित्र काम सम्पन्न हुन सक्छ वा सक्दैन निधो गर्न, र
- आवश्यकता अनुसार सम्बन्धित उद्यम व्यवसायलाई प्राविधिक र व्यवस्थापकीय सल्लाह दिन ।

### ५.१.२ अनुगमन गर्दा ध्यान दिनुपर्ने कुराहरू

- उद्यम व्यवसाय सञ्चालनको स्थितिबारे जानकारी एवं सूचना प्राप्त गर्ने,
- उद्यम व्यवसाय सञ्चालन गर्दा देखा परेका समस्याहरू पहिचान गरी कारण पत्ता लगाउन,
- उद्यम व्यवसाय सञ्चालन गर्दा श्रम, सीप, पुँजी र सामग्रीको उपयोगिताबारे जानकारी लिने,
- उद्यम व्यवसाय सञ्चालन गर्दा ग्राहकहरूको चाहना र गुनासोको अध्ययन गर्ने,
- उद्यम व्यवसायीले लिएको ऋण तथा लगानी र उत्पादन तथा बजारको स्थितिबारे बुझ्ने,
- उद्यम व्यवसाय सञ्चालनबाट नाफा र नोक्सानको स्थितिबारे अध्ययन गर्ने,

### ५.१.३ अनुगमन गर्ने व्यक्ति/पदाधिकारी र संस्था

स्थानीय सरकार सञ्चालन ऐन तथा स्थानीय योजना अनुगमन तथा मूल्याङ्कन सम्बन्धी निर्देशिकाको आधारमा उद्योगहरूको अनुगमन गर्न सो कार्यको प्रकृति अनुसार देहाय बमोजिम अनुगमन हुने व्यवस्था गर्नुपर्ने हुन्छ,

- स्थानीय तहको प्रमुख/अध्यक्षद्वारा अनुगमन गर्ने,
- स्थानीय तहको उपप्रमुख/उपाध्यक्षद्वारा अनुगमन गर्ने,
- वडाध्यक्ष र वडाकार्यालयद्वारा अनुगमन गर्ने,
- स्थानीय तहको उद्योग हेर्ने अधिकृतद्वारा अनुगमन गर्ने,
- नगरपालिका र गाउँपालिकाका पदाधिकारीद्वारा अनुगमन गर्ने,
- आवश्यकता अनुसार प्रदेश तहका र संघीय तहका निकायहरूबाट अनुगमन गर्ने ।

## ५.२ उद्योग व्यवसायको मूल्याङ्कन

मूल्याङ्कनको भनेको के हो ?

उद्यम व्यवसाय कुन उद्देश्य लिएर सुरु गरिएको थियो र ती उद्देश्यहरू पूरा भयो वा भएन साथै त्यसको परिणाम, असर र प्रभाव समेत के कस्तो भयो भनेर जाँचबुझ गर्नुलाई मूल्याङ्कन भनिन्छ ।

### ५.२.१ मूल्याङ्कनको आवश्यकता

- उद्यम व्यवसाय सुरु गर्दा अपेक्षा गरिएका उद्देश्यहरू कार्यान्वयन पश्चात् कुन हदसम्म प्राप्त गर्न सक्यो भन्ने कुरा यकिन गर्न,
- उद्यम व्यवसाय प्रतिफल, असर र प्रभाव पाऱ्यो सो बारे जानकारी हासिल गर्न,

- उद्यम व्यवसायको नाफा र नोक्सानको स्थिति बारे लेखा जोखा गर्न,
- उद्यमी व्यवसायीले व्यवसाय सञ्चालन गर्दा लिएको ऋण र उद्यमीको स्वःलगानी कुन अवस्थामा छ सो बारे थाहा पाउन,
- उद्यम व्यवसायसँग सम्बन्धित सवल पक्ष तथा कमी कमजोरी पक्षहरूको लेखा जोखा गर्न,
- उद्यम व्यवसाय मूल्याङ्कनका चरणहरू ।

**५.२.२ उद्यम व्यवसाय सञ्चालन गर्नुभन्दा पहिलो गर्ने मूल्याङ्कन**

- उद्यम व्यवसाय सञ्चालन भइरहेको अवस्थामा गर्ने मूल्याङ्कन,
- उद्यम व्यवसाय सञ्चालनको पहिलो चरण पूरा भएपछि गर्ने मूल्याङ्कन, र
- उद्यम यवसायको चरण पूरा भएपछि जनतामा पारेको प्रभाव मूल्याङ्कन ।

**५.२.३ उद्यम व्यवसाय मूल्याङ्कन गर्दा हेरिनुपर्ने विषयहरू**

- उद्यम व्यवसायमा लगानी भएको पुँजी, श्रम, सीप र सामग्रीहरूको विवरण अध्ययन गर्ने,
- नाफा र नोक्सानको स्थितिको अभिलेख हेर्ने,
- उद्यम व्यवसायीले लिएका ऋण र सोको साँवा र ब्याज चुक्ताको स्थितिबारे बुझ्ने,
- उद्यम व्यवसायसँग सम्बन्धित विभिन्न खाताका अभिलेख विवरणहरू दुरुस्त छ, छैन सोको अध्ययन गर्ने,
- अनुगमनकर्ताहरूको प्रतिवेदन अध्ययन गर्ने र
- ग्राहकहरूको चाहनाको स्थिति के कस्तो छ सो बारे बुझ्ने ।

# भाग - ६
# सामुदायिक लघु उद्यम विकास

## ६.१ लघु उद्यम

औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम देहायको अवस्थामा लघु उद्यम भन्न सकिन्छ

- घर जग्गा बाहेकको बीस लाख रूपैयाँसम्मको स्थिर पुँजी रहेको उद्यम भएमा,
- उद्यमी स्वयं सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको,
- उद्यमी सहित बढीमा नौ जनासम्म कामदार रहेको,
- वार्षिक कारोबार एक करोड भन्दा कम रहेको,
- इन्जिन, उपकरण वा मेसिनको प्रयोग भएमा इन्जिन, उपकरण वा मेसिनमा खपत हुने विद्युतीय ऊर्जा इन्धन वा अन्य तेल इन्जिनको क्षमता बीस किलोबाट वा सो भन्दा कम रहेको,

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम निर्देशिकामा गरिएको व्यवस्थाको आधारमा लघु उद्यम सञ्चालनको लागि लक्षित समूह देहाय बमोजिम हुने छन् :

(क) गरिबीको रेखामनि रहेका नेपाली नागरिक,

(ख) वैदेशिक रोजगारीबाट फर्किएका वा स्वदेशमा रोजगारी गुमाएका बेरोजगार व्यक्ति,

(ग) विगतमा लघु उद्यम स्थापनाका लागि गरिएको सहयोग मध्ये यस अघि आंशिक सहयोग मात्र प्राप्त गरी सञ्चालनमा नआएका तर थप सहयोग प्राप्त भएमा सञ्चालन हुन सक्ने सम्भावित लघु उद्यमी,

(घ) हाल सञ्चालनमा नआएको भए तापनि भविष्यमा सञ्चालन गर्न सम्भावना भएको लघु उद्यम ।

## ६.१ नयाँ लघु उद्यमी सिर्जना कार्यक्रम सञ्चालन

स्थानीय तहले नयाँ लघु उद्यमीको सिर्जना सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा अनसूची ५ मा उल्लेख भए बमोजिम लघु उद्यम विकास मोडेल अनुरूप गर्नु पर्नेछ र देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्नु पर्नेछः

(क) बजार, श्रोत तथा सम्भाव्यता अध्ययन,

(ख) घरधुरी सर्वेक्षण,

(ग) समूह निर्माण र क्षमता वद्धि,

(घ) उद्यमशीलता विकास तालिम,

(ङ) सीप विकास तालिम,

(च) कर्जा प्रवाह गर्न सहयोग र सहजीकरण,

(छ) उपयक्त प्रविधिमा पहुँचका लागि सहयोग र सहजीकरण ।

# भाग - ७
# जोखिम व्यवस्थापन

## ७.१ जोखिम व्यवस्थापन

एक वाक्यमा भन्दा नकारात्मक नतिजा निस्कन सक्ने घटनाको सम्भावना नै जोखिम हो भनिन्छ । वित्तीय स्रोतको उपयोग उचित र उपयुक्त तरिकाले हुन नसकेमा जोखिमको अवस्था उत्पन्न हुन सक्दछ । साथै निर्धारित कानूनी व्यवस्थाले निर्देशित गरेको कानूनी प्रक्रिया पूरा नगरेमा पनि जोखिम हुन सक्दछ र सो जोखिमको कारणबाट संस्थाको लक्ष्य र उद्देश्य पूरा हुन कठिनाई हुने हुँदा अझ ठूलो जोखिम उत्पन्न हुन जान्छ । यस्ता जोखिमका आन्तरिक कारक तत्वहरू देहाय अनुसार हुन सक्दछन् ।

- कमजोर आन्तरिक व्यवस्थापकीय प्रणाली,
- अपर्याप्त र कम्जोर संगठन क्षमता,
- संस्थाका कर्मचारी र कामदारमा कार्यकुशलता र अनुशासनको कमी,
- आन्तरिक र बाह्य सरोकारवालाहरूको सहभागिता र सहकार्यमा समस्या ।

औद्योगिक नीति, २०६७ मा जोखिमको सन्दर्भमा भनिएको छ, जोखिम अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्नुपर्ने भएकोले औद्योगिक उत्पादनको गुणस्तर र उत्पादकत्वमा वृद्धि गरी प्रतिस्पर्धी वस्तु तथा सेवा उत्पादन तथा वितरण गर्न नसकिएमा नेपाली उद्योगहरू सीमान्तकृत (Marginalised) हुन सक्ने सम्भावना रहेको हुँदा यस पक्षलाई ध्यानमा राखी अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाई प्राप्त पृष्ठपोषण (Feedback) का आधारमा ऐन तथा नीतिमा समयानुकूल परिवर्तन गर्ने तर्फ सचेत हुनुपर्ने देखिएको छ । साथै, उद्योग क्षेत्रको योगदान राजस्व अभिवृद्धितर्फ भन्दा पनि रोजगारी सृजना, आय आर्जन एवं कूल राष्ट्रिय उत्पादनमा अभिवृद्धितर्फ परिलक्षित गर्न सकिएमा मात्र उद्योग क्षेत्रको विकासका लागि सकारात्मक र सबल वातावरण सृजना हुन जाने हुन्छ । यसैले जोखिमलाई मूलतः दुई प्रकारले हेर्नु पर्ने देखिन्छ ।

**क) कार्य वातावरणको जोखिम**

१. कच्चा पदार्थको जोखिम
२. कानूनी जोखिम
३. बजारको जोखिम
४. वित्तीय स्रोतको जोखिम

**ख) कार्य प्रक्रियागत जोखिम**

१. मूल्य निर्धारणमा जोखिम
२. गुणस्तर निर्धारणमा जोखिम
३. सेवा व्यवस्थापनमा जोखिम
४. भ्रष्टाचार जोखिम

## ७.२ जोखिम न्यूनिकरण रणनीतिहरू

- निर्णयमा सहभागिता,
- प्रतिवेदन प्रणालीमा सुदृढीकरण,
- क्षमता विकास,
- कार्य सम्पादन गुणस्तरको सुनिश्चिचता
- जोखिम न्यूनिकरणका उपायहरूको अवलम्बन,
- ग्राहकप्रतिको जवाफदेहिताको सुनिश्चिचता,
- संस्थागत क्षमताको वृद्धि गर्ने,
- कर्मचारीहरू र कामदारको क्षमताको वृद्धि गर्ने,
- संस्थाको नतिजामूलक व्यवस्थापन लागू गर्ने,
- विश्वसनीय लेखा प्रणालीको स्थापना गर्ने,
- उत्तरदायित्व र पारदर्शिता सुनीश्चित गर्ने,
- अनुगमन व्यवस्थालाई प्रभावकारी बनाउने
- उत्तरदायित्वका संयन्त्रहरूको प्रयोग गर्ने (सामालिक परीक्षण र सार्वजनिक सुनुवाइ तथा गुनासो व्यवस्थपन, निर्गत अभिमतको प्रयोग) ।

उल्लिखित जोखिम न्यूनिकरणका रणनीतिका बुँदाहरूको अतिरिक्त स्थानीय तहले स्थानीय स्तरमा सञ्चालन हुन सक्ने उद्योग सम्बन्धी योजनाहरू विषयमा महत्वपूर्ण नीतिहरू अवलम्बन गर्नुपर्ने भएकोले नीतिको केही बुँदाहरू नमूनाको रूपमा अनुसूची ३ मा प्रस्तुत गरिएको छ ।

# भाग - ८
# बजार व्यवस्थापन

## ८.१ बजार भनेको के हो ?



सामान्यतया वस्तु वा सेवा पाइने, खरिद बिक्री वा वितरण गरिने ठाउँलाई बजार भनिन्छ । अर्थात कुनै वस्तु वा सेवाको मूल्य लिई वा नलिई उत्पादनु पैठारी वा ढुवानी वा भण्डारण वा खरिद बिक्री वा वितरण वा सूचना आदान प्रदान गर्ने स्थान विशेष वा कार्यलाई बजार भनिन्छ । वर्तमान समयमा यस प्रकारको धारणा वा विचारलाई बजार व्यवस्थापनको पूरानो एवं संकुचित अवधारणा मान्न थालिएको छ । त्यसैले बजार भन्नाले कुनै निश्चित स्थान मात्र नभई उद्यमी व्यवसायीद्वारा उत्पादित वस्तु वा सेवाप्रति ग्राहकले चाहना, इच्छा एवं त्यस वस्तु वा सेवाको मूल्य तिर्न सक्ने क्षमता भएका एवं वस्तु वा सेवाको मूल्य तिर्न तत्पर उद्यमी व्यवसायीले लक्षित गरेको बजार क्षेत्रभित्र रहेका ग्राहकहरू नै बजार हो भन्न सकिन्छ ।

## ८.२ बजारको वर्गीकरण

### ८.२.१ भौगोलिक क्षेत्रको आधारमा (On the basis of Geographical area)

**(क) स्थानीय बजार (Local Market)**

स्थानीय तहको भौगोलक क्षेत्रभित्र वस्तु वा सेवाको उत्पादन आयात, सञ्चय र ढुवानी बिक्री र सेवा प्रदान गर्न राखिएको बिक्री स्थल, पसल फर्म, कम्पनी वा अन्य कुनै व्यवसाय रहेको स्थानलाई स्थानीय बजार भनिन्छ । अझ गहिरो रूपमा भन्दा कुनै टोल वा ग्रामीण बजार वा वडाहरूमा मा यस्तो बजार अवस्थित हुन्छ । जसले स्थानीय बासिन्दाहरूका आवश्यकता पूरा गर्दछ ।

**(ख) प्रादेशिक बजार (Provincial Market)**

कुनै स्थान विशेषमा केन्द्रित नभई एक स्थानीय तहको क्षेत्र भन्दा बाहिर समेतको भौगोलक क्षेत्रभित्र वस्तु वा सेवाको उतपादन आयात, सञ्चय

र ढुवानी बिक्री र सेवा प्रदान गर्न राखिएको बिक्री स्थल, पसल फर्म, कम्पनी वा अन्य कुनै व्यवसाय रहेको स्थानलाई प्रादेशिक बजार भनिन्छ । यस्तो बजार हो जसले दुई वा दुई भन्दा बढी स्थानीय तहको भौगोलिक क्षेत्र भित्र आपूर्ति गर्दछ र त्यस क्षेत्रबाट आपूर्ति हुने वस्तुहरूको खपत पनि गर्दछ । प्रादेशिक बजारको कार्य क्षेत्र एकभन्दा बढी स्थानीय तहमा फैलिएको हुन्छ ।

**(ग) राष्ट्रिय बजार (National Market)**

सम्पूर्ण देश पनि एक बजार हो । स्थानीय र प्रादेशिक स्तरमा हुने कूल क्रय बिक्रीको समायोजन नै राष्ट्रिय बजार हो ।

**(घ) अन्तर्राष्ट्रिय बजार (International Market)**

जब क्रेता तथा बिक्रेताको लेनदेन एकभन्दा बढी राष्ट्रिय बजारको बीच हुन्छ भने त्यस्तो बजारलाई अन्तर्राष्ट्रिय बजार भनिन्छ । अन्तर्राष्ट्रिय बजारमा क्रेतालाई 'आयातकर्ता' भनिन्छ भने बिक्रेतालाई 'निर्यातकर्ता' भनिन्छ ।

### ८.२.२ खरिद/बिक्रीको उद्देश्यको आधारमा (On the basis of Objective of Trading)

**(क) थोक बजार (Wholesale Market)**

व्यक्तिगत वा घरेलु उपभोगको प्रयोजन नभई पुनः बिक्री गर्न वा औद्योगिक प्रयोजनको लागि खरिद बिक्री गरिने बजारलाई थोक बजार भनिन्छ । थोक बजारमा अन्तिम उपभोक्तासँग कारोबार हुँदैन । जस्तै उत्पादक वा आयातकर्ताबाट सामान खरिद गरी खुद्रा व्यापारीलाई पुनःबिक्री गर्न गरिने क्रय/बिक्रय थोक बजारमा हुने लेनदेन हो । थोक बजारमा क्रय/बिक्रय सधैँ ठूलो परिमाणमा हुने हुँदा थोक बजार र थोक क्रय/बिक्रय परिमाणसँग जोड्ने चलन रहेको छ ।

**(ख) खुद्राबजार (Retail Market)**

अन्तिम उपभोक्तालाई बिक्री गर्ने बजारलाई खुद्रा बजार भनिन्छ । खुद्रा बजारमा क्रय/बिक्रय सधैँ सानो परिमाणमा हुने हुँदा खुद्रा बजार र खुद्राक्रय/बिक्रयलाई पनि परिमाणसँग जोड्ने चलन रहेको छ ।

### ८.२.३ वस्तुको प्रकृतिको आधारमा (On the basis of Nature of Product)

**(क) वस्तु बजार (Commodity Market)**

कपडा, चामल, मेसिन, उपकरण, चिया, साबुन, फलफूल, तरकारी जस्ता उपभोग्य तथा औद्योगिक वस्तुहरूको खरिद बिक्री हुने बजारलाई वस्तुबजार भनिन्छ। कुनै बजारमा विभिन्न प्रकारको वस्तुहरूको किनबेच हुन्छ भने कुनै बजारमा खास विशिष्ट वस्तु मात्रको खरिद बिक्री हुन्छ। जस्तै लालबन्दीको गोलभेडा बजार।

**(ख) वित्तबजार (Financial Market)**

वस्तुको खरिद-बिक्री नभई रूपैयाँ पैसाको लेनदेन, ऋणको कारोबार, प्रतिभूतिहरूको किनबेच गरिने बजारलाई वित्त बजार भनिन्छ। वित्त बजारलाई पुनःमुद्रा बजार र पुँजी बजारमा बाँड्न सकिन्छ। अल्पकालीन कोषको लेनदेन हुने बजारलाई मुद्रा बजार भनिन्छ भने दीर्घकालीन अवधिको लागि कोषको लेनदेन हुने बजारलाई पुँजी बजार भनिन्छ।

### ८.२.४ उपभोगको आधारमा (On the basis of Consumption)

**(क) घरेलु उपभोग बजार (Household Consumption Market)**

मानिसले उपभोग गर्नको लागि खरिद बिक्री गर्ने वस्तुहरूको बजारलाई घरेलु उपभोग बजार भनिन्छ। दैनिक आवश्यकताका वस्तुहरू एवं बिलासी वस्तुहरू क्रेताले उपभोग गर्ने उद्देश्यले क्रय गर्दछ।

**(ख) औद्योगिक उपभोग बजार (Industrial Consumption Market)**

औद्योगिक उपभोग/प्रयोजन गर्नको लागि खरिद/बिक्री गर्ने वस्तुहरूको बजारलाई औद्योगिक उपभोग बजार भनिन्छ। सामान्यता, यस्ता बजारमा कच्चा-सामग्री, मेसिन-उपकरण, पार्टपूर्जा आदिको क्रय-बिक्रय हुन्छ। यसको प्रयोगद्वारा घरेलु उपभोग्य मालसामानको निर्माण हुन्छ।

### ८.२.५ प्रतियोगिताको आधारमा (On the basis of Competition)

**(क) एकाधिकार बजार (Monopoly Market)**

बजारमा उत्पादकको पूर्ण छैन, प्रभुत्व रहन्छ भने त्यसलाई एकाधिकार बजार भनिन्छ। उत्पादकले वस्तुको मोल आफ्नो इच्छा बमोजिम निर्धारण गर्दछ। यसमा वस्तुको बिक्रेता एउटै हुन्छ र बजार उसको नियन्त्रणमा हुन्छ। व्यवहारमा, स-साना क्षेत्रमा उत्पादक वा बिक्रेताले वस्तुको आपूर्ति वा मूल्यमा एकाधिकार प्राप्त गर्न सक्तछ तर व्यापक क्षेत्रमा यो सम्भव

(ख) **पूर्ण प्रतिस्पर्धात्मक बजार** (**Perfect Market**)

जुन बजारमा क्रेता र बिक्रेताको संख्या धेरै हुन्छ, समान प्रकारको वस्तुको किनबेच हुन्छ र माग एवं आपूर्तिको स्वतन्त्र सम्पर्कद्वारा एउटा वस्तुको समान मूल्य निर्धारण हुन्छ भने त्यस्तो बजारलाई पूर्ण प्रतिप्रर्धात्मक बजार भनिन्छ । यो बजारमा उपभोक्ता र उत्पादक अथवा क्रेता र बिक्रेताको बीच पूर्ण प्रतियोगिता रहन्छ । व्यवहारमा पूर्ण प्रतिस्प्रर्धात्मक बजार प्रायः पाइदैन ।

(ग) **अपूर्ण प्रतिस्पर्धात्मक बजार** (**Imperfect Market**)

क्रेता र बिक्रेताको बीचमा अपूर्ण प्रतिष्पर्धा रहने बजारलाई अपूर्ण प्रतियोगिता बजार भनिन्छ । यो बजारमा क्रेताहरू “वस्तु विभेदीकरण” बाट प्रभावित हुन्छन् । बिक्री पछिको सेवा, प्याकिङ, मूल्य, बजारको निकटता, उधारो सुविधा, मूल्य छुटजस्ता कुराहरूको वस्तु विभेदीकरण हुन्छ र क्रेताले आफ्नो इच्छा र सुविधा अनुसार एउटै वस्तु पनि छुट्टाछुट्टै बिक्रेताबाट खरीद गर्न सक्दछ । व्यवहारमा अपूर्ण प्रतियोगिता बजारमा नै प्रायःजसो वस्तुहरू किनबेच हुन्छ ।

# भाग - ९

# नवप्रवर्द्धन र उद्यमशीलता (Innovation and Entrepreneurship)

## ९.१ नवप्रवर्द्धन र उद्यमशीलता

नवप्रवर्तनलाई सामान्य रूपमा हेर्दा नयाँ विचार, विधि, औजार, संरचना, नौलो वस्तु वा सेवाको उत्पादन, खोज, विकास वा प्रयोगलाई मान्ने गरिएको छ । नवप्रवर्तन कुनै वस्तु वा यन्त्रको आविष्कारको नवीन स्वरूपलाई पनि भन्न सकिन्छ । विदेशी वस्तु र प्रविधिको एकोहोरो प्रयोगकर्ता बनिरहनुको साटो नयाँ ज्ञान र सूचना प्रविधिमा आधारित स–साना सुरुवाती (स्टार्ट अप) व्यवसायहरूको प्रवर्द्धन गरेमा नेपालमै सफलता हासिल गर्न सकिन्छ । नवप्रवर्तन एउटा व्यापक, गतिशील, नवीन र बहुआयामिक अवधारणा हो । त्यसैले यस अवधारणाले कुनै पनि क्षेत्रमा कुनै पनि कुरा सम्भव छ भन्नेमा विश्वास गर्छ । विद्यमान समस्याको समाधानका लागि कुनै नयाँ नीति, सिद्धान्त, ढाँचा, विधि, शैली, यन्त्र, उपकरण र प्रक्रियाको प्रयोग गरिन्छ भने त्यो नवप्रवर्तन हो । नवप्रवर्तनले नयाँ विचारको आत्मसात गर्नु, नयाँ वस्तुको आविष्कार गर्नु र नयाँ बजारको विकास गर्ने कामलाई एकीकृत रूपमा सम्पन्न गर्न सक्दछ ।

आविष्कारले कुनै नयाँ ज्ञान, विचार, विधि वा सिद्धान्तको सिर्जनालाई जनाउँछ । सिर्जनशीलता र नवप्रवर्तनबीच समानता पाइन्छन् तर सिर्जना शब्दको प्रयोग कला वा साहित्यमा बढी हुन्छ । आविष्कार र सिर्जनशीलता दुवै समाधान केन्द्रित (Solution Centered) हुन्छन् भने नवप्रवर्तन समस्या केन्द्रित (Problem Centered) हुन्छ । त्यसैले आविष्कार, सिर्जना र नवप्रवर्तन भिन्न भए तापनि यी तीन शब्दमा कुनै न कुनै किसिमको मेल भने रहेको हुन्छ । नवप्रवर्तनले व्यावसायिक उत्पादन वा सेवा प्रवाह प्रक्रिया र प्रविधि सुधारको सम्बन्धमा कल्पना गरी नयाँ अवसर तर्फ अग्रसर गराउदछ । नवप्रवर्तनमा नयाँ सोच, प्रक्रिया वा प्रविधिको प्रयोग, केही फरक उपाय वा शैली, नयाँ विशेषता थप्ने कुरा, अझ सरल, सहज वा सस्तो बनाउने तरिका, अर्को बजार, स्थान, समय वा साझेदारसँग मिलेर काम गर्ने जस्ता विभिन्न विषयहरू समेटिएको हुन्छ ।

नवप्रवर्तनलाई आर्थिक वृद्धिको आधारशीला मानिने हुनाले यसैको आधारमा स्थानीय र राष्ट्रिय स्तरमा साथै विश्वव्यापी प्रतिस्पर्धाको स्तर निर्धारण गर्न सकिन्छ । सार्वजनिक सेवा होस् वा निजी व्यवसाय, आधुनिक व्यवस्थापनको क्षेत्रमा परिवर्तनहरू भइरहने हुनाले आफ्नो विषय क्षेत्रको महत्व र सान्दर्भिकता स्थापित गरी प्रतिस्पर्धी भैरहनको लागि हरेक परिवर्तनहरूलाई आत्मसात

गर्नुपर्ने हुन्छ । त्यसैले सेवाप्रवाहको प्रभावकारिता बढाउने एउटा प्रमुख माध्यम नवप्रवर्तन पनि हो ।

नवप्रवर्तनका प्रकारहरूलाई सामान्य रूपमा देहाय बमोजिम प्रस्तुत गरेको पाइन्छ ।

क) **बढोत्तरी नवप्रवर्तन (Incremental Innovation)**
नवप्रवर्तनको रूपमा नै सम्पादन गरिरहेको कार्यलाई प्रविधिको सहायताले अलिकति थप गरी राम्ररी गर्ने तरिका हो,

ख) **आमूल परिवर्तनकारी नवप्रवर्तन (Radical Innovation):**
प्रविधिको सहायताले नितान्त नयाँ वस्तु वा सेवाको उत्पादन गर्ने तथा समयसापेक्ष व्यापक सुधार गर्ने तरिका हो,

ग) **दिगो नवप्रवर्तन (Sustaining Innovation)**
उत्पादन एवं बजार क्षेत्रमा रूपान्तरणकारी प्रभाव कायम गर्न आमूल परिवर्तनकारी नवप्रवर्तन तथा भइरहेकोलाई थप सुधार गरी निरन्तरता दिने प्रकारको विधि प्रक्रियालाई समेत आत्मसात गरी अवलम्बन गर्ने तरिका हो ।

### ९.१.१ नवप्रवर्तनको वर्गीकरण

नवप्रवर्तन कसरी गर्ने, के गर्ने, बजार मिश्रित रणनीतिमा नवप्रवर्तन कहाँ गर्ने र नवप्रवर्तनबाट कसरी वित्तीय अवस्थाको सुदृढ गर्ने भन्ने आधारमा प्रक्रिया (Process), उत्पादन (Product or Service), स्थान (Position) र ढाँचा वा आयाम (Paradigm) लाई नवप्रवर्तनका चार पी (P) भनिएको छ । यिनले नवप्रवर्तनका स्रोत, चरण र ढाँचाको बारेमा सोच्ने आधार प्रदान गर्दछन् । यिनै चार पी (P) अन्तर्गत रहेर नवप्रवर्तनलाई देहाय अनुसार वर्गीकरण गर्न सकिन्छ ।

१. प्रक्रियामा नवप्रवर्तन (Process Innovation)

२. मुख्य प्रक्रियाको नवप्रवर्तन (Core Process Innovation)

३. प्राथमिक विशेषताको नवप्रवर्तन (Basic Features Innovation)

४. ग्राहक सेवा सुधारमा नवप्रवर्तन (Customer Service Innovation)

५. मर्मत तथा सहयोग सेवा प्रणालीको नवप्रवर्तन (Support Service System Innovation)

६. सेवा प्रवाह माध्यमको नवप्रवर्तन (Delivery Channel Innovation)

७. ब्रान्ड प्रस्तुतीको नवप्रवर्तन (Brand Delivery Innovation)

८. ग्राहकको अनुभव वा पृष्ठपोषणको आधारमा नवप्रवर्तन (Innovation with Customer Experience)
९. व्यापारिक ढाँचाको नवप्रवर्तन (Business Model Innovation)
१०. मूल्य श्रृङ्खलामा नवप्रवर्तन (Value Chain Innovation)

### ९.१.२ नवप्रवर्तनका स्रोतहरू

यदि सबै थोक राम्ररी सिधा रेखामा सरल ढङ्गले चलिरहेको छ र कुनै प्रतिस्पर्धीले टक्कर दिएको छैन भने त्यहाँ नयाँ कुराको खोजी वा प्रयोग नै हुँदैन । नयाँ खोज वा आविष्कारले निरन्तरको लामो समय र श्रम माग गर्छ । सामान्यतया, जहाँ समस्या वा गुनासो छ, अवसर त्यहीँ लुकेको हुन्छ । यस्ता अवसरहरू खोज्न टाढा भौतारिनु पर्दैन । पिटर ड्रकर (Peter Drucker) को भनाइमा अधिकांश नवप्रवर्तनीय व्यावसायिक विचारहरू प्रक्रियागत विश्लेषणको माध्यमबाट प्राप्त हुन्छन् । उनले प्रस्तुत गरेका नवप्रवर्तनका सातवटा स्रोतहरू निम्न बमोजिम छन् :

**क) अनपेक्षित घटना (Unexpected Occurrences)**
वस्तु तथा सेवाको अनपेक्षित रूपमा उच्च माग गर्ने प्रयोगकर्ताको पहिचान, अवलोकन र विश्लेषण गरी त्यसको आधारमा नयाँ स्थान, नयाँ विधि र नयाँ प्रयोगकर्ताको खोज गर्न सकिन्छ ।

**ख) असङ्गतिहरू (Incongruities)**
सार्वजनिक रूपमा बाचा वा घोषणा गरेको भन्दा फरक आकार, प्रकार, मूल्य वा गुणस्तरको वस्तु तथा सेवाको वितरण भएको छ, छैन पत्ता लगाई त्यस्ता असङ्गतिहरू हटाउनुपर्छ । यसको लागि वस्तु तथा सेवा प्रवाहको निरन्तर अनुगमन गरेर मौजुदा असँगतिहरू पहिचान गरी तिनको सुधार गर्नु, प्रयोगकर्ताबाट प्राप्त गुनासोहरू गम्भिरतापूर्वक सम्बोधन गर्नु, प्राविधिक त्रुटि वा चुहावटमा कमी ल्याउनु वा जानाजान असङ्गतपूर्ण कार्य गर्ने कर्मचारीहरू पहिचान गरी कानून बमोजिम कारबाही गर्नु पनि व्यवस्थापकीय हिसाबले नवप्रवर्तनका काम हुन सक्छन् । यस्ता सामान्यखालका कार्यहरू समेत छरितो ढङ्गले सम्पादन गर्न सकिन्छ ।

**ग) प्रक्रियागत आवश्यकता (Process Needs)**
वस्तु तथा सेवाको उत्पादनदेखि वितरणसम्मका हरेक प्रक्रियाहरूलाई मिहीन ढङ्गले केलाएर परिमार्जनको सम्भावना भएका चरणहरूमा सुधार वा स्तरवृद्धि गर्न सकिन्छ ।

**घ) उद्योग र बजार परिवर्तन (Industry and Market Changes)**
हरेक स्थानमा नयाँ मार्ग वा नयाँ तरिकाको सम्भावना रहन्छ । ग्राहकको माग केमा र कहाँ छ ? आफ्ना समकक्षीहरूले के कस्ता नयाँ सुरुवातहरू अवलम्बन गरेका छन् ? नवप्रवर्तन गर्नको लागि यस्ता प्रश्नहरूको जवाफ खोजी गर्ने र आफ्नो विषयक्षेत्रमा विकसित नयाँ सिद्धान्त र अवधारणाहरूको बारेमा जानकारी राख्नुपर्छ ।

**ङ) जनसङ्ख्या संरचनाको परिवर्तन (Demographic Changes)**
परिवर्तित जनसङ्ख्या संरचनाले कुनै पनि विषयक्षेत्रको भविष्य प्रक्षेपण गर्नको लागि विश्वसनीय आधार प्रदान गर्छ । त्यसैगरी, बढ्दा मोटोपन, लामो आयु, घना बस्तीहरूले थुप्रै नवप्रवर्तनीय अवसरहरू सिर्जना गरेका छन् किनभने मानिसको सङ्ख्या वा जमघट र जनसङ्ख्याको माग वा आवश्यकता नै बजार हो ।

**च) उच्च चेतनास्तर वा सोचाइमा परिवर्तन (Changes in Perception)**
समाजको चेतनास्तर र सोचाइमा आएको परिवर्तनलाई बुझेर समयसापेक्ष ढाँचा, शैली र प्रविधि आत्मसात गरेर थप विशेषतासहित वा नयाँ वस्तु तथा सेवाको विकास र विस्तार गर्न सकिन्छ ।

**छ) नवीन ज्ञान (New Knowledge)**
प्रविधिको विकासले सर्वत्र नयाँ नयाँ वस्तु तथा सेवाको लागि सम्भावनाको ढोका खोलिदिएको छ । यद्यपि, नयाँ ज्ञानको सिर्जना भएपछि त्यसलाई उपयोगयोग्य प्रविधिमा विकास गर्न र प्रयोगकर्तासम्म पुऱ्याउन लामो समय लाग्न सक्छ ।

### ९.१.३ नवप्रवर्तन र नेपाल

वर्ल्ड इन्टलेक्च्युल प्रोपर्टी अर्गनाइजेसन (वाइपो) ले निकालेको नवप्रवर्तन सम्बन्धी प्रतिवेदन अनुसार नेपाल सन् २०१८ को १०७ औं स्थानबाट सन् २०१९ मा ९५ औं स्थानमा रहेको छ । विश्वको ९५ औं स्थानमा नेपाल रहे तापनि कम आय भएका मुलुकहरू भित्र भने नेपाल तेस्रो स्थानमा रहेको छ भने मध्य तथा दक्षिण एसियामा छैटौं स्थानमा रहेको देखिन्छ । यो प्रतिवेदनले विशुद्ध नवप्रवर्तनलाई मात्रै आधार नबनाएर वैज्ञानिक लेख तथा अन्तर्राष्ट्रिय जर्नलहरूमा छापिएका प्रकाशनलाई पनि आधारमा मान्ने हुनाले सन् २०१९ मा नेपालका विश्वविद्यालयमा भए गरेका कामबाट छापिने अनुसन्धानात्मक लेखहरूमा वृद्धि भएको वृद्धि र पछिल्लो समयमा नेपालमा पनि सूचना प्रविधिमा आधारित नयाँ

नयाँ सुरुवाती (स्टार्ट अप) व्यवसायहरूको स्थापना र सञ्चालनमा तीव्रता आएकाले केही माथि उठेको देखिन्छ । तर हाम्रो शिक्षण पद्धतिले विद्यार्थीमा रचनात्मकता बढाउदै लैजानुको साटो खाली केही सूचना सङ्कलन गर्ने रोबोट जस्तै बनाउँदै छ, विद्यार्थीको सिर्जनशीलतालाई निखार्नु भन्दा घोकन्ते पढाइले बालबालिका तथा युवावर्गमा जिज्ञासुपन हराउँदै गएको पाइन्छ ।

सर्जकहरूको बौद्धिक सम्पत्तिलाई प्रतिलिपि अधिकार, ट्रेडमार्क, पेटेन्ट, आदिद्वारा संरक्षित गरिनु पर्दछ । नेपालमा सर्वप्रथम वि.सं. १९९३ मा प्रधानमन्त्री जुद्ध शम्शेरले नेपाल पटेन्ट डिजायन र ट्रेडमार्क कानून बनाई लागू गरेर नवप्रवर्तनको प्रवर्द्धनको लागि कानूनी आधार खडा गरेका थिए । पछि, पेटेन्ट, डिजाइन र ट्रेडमार्क ऐन, २०२२ तर्जुमा भयो । प्रतिलिपि अधिकारलाई नियमन गर्न सबै क्षेत्रबाट बेग्लै कानूनको माग भएपछि वि.सं. २०५९ सालमा प्रतिलिपि अधिकार ऐन पनि जारी गरियो। यस अघि बौद्धिक सम्पत्तिका चारवटा क्षेत्रहरू प्रतिलिपि, ट्रेडमार्क, डिजाइन र पटेन्ट मात्र संरक्षण भएकोमा राष्ट्रिय बौद्धिक सम्पत्ति नीति, २०७३ जारी भइसकेपछि बौद्धिक सम्पत्तिमा भौगोलिक संकेत, वनस्पति प्रजाति संरक्षण, व्यापारिक गोपनीयता, एकीकृत सर्किटको लेआउट डिजाइन, परम्परागत तथा मौलिक ज्ञान, परम्परागत साँस्कृतिक अभिव्यक्ति तथा अमूर्त साँस्कृतिक सम्पदा, जैविक विविधता र आनुवांशिक स्रोत गरी ७ वटा क्षेत्र थप भएका छन् । नेपालले सन् १९९७ फेब्रुअरी ४ मा विश्व बौद्धिक सम्पत्ति सङ्गठनको सदस्यता प्राप्त गरेको छ। नेपालमा बौद्धिक सम्पत्ति सम्बन्धी मामिला संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले हेर्छ भने औद्योगिक क्षेत्रको पटेन्ट, डिजाइन तथा ट्रेडमार्कको व्यवस्थापन गर्नको लागि उद्योग तथा वाणिज्य मन्त्रालय अन्तर्गत बेग्लै कार्यालय स्थापना गरिएको छ । यद्यपी, प्रतिलिपि अधिकार, बौद्धिक सम्पत्ति सम्बन्धी अधिकार र पटेन्ट, डिजाइन तथा ट्रेडमार्क सम्बन्धी अधिकारको प्रचलन तथा कार्यान्वयन पक्ष प्रारम्भिक चरणमै रहेको छ ।

नवप्रवर्तनको विस्तारको लागि सर्वप्रथम अनुसन्धानजन्य पूर्वाधारमा लगानी वृद्धि गर्नुपर्छ । नेपालमा मूलतः यही पक्ष सबै भन्दा बढी कमजोर छ । कृषिजन्य नयाँ नयाँ वस्तु विकास गर्ने कार्यक्रमतर्फ नेपाल कृषि अनुसन्धान परिषद्ले स्थापनापछिका सुरुवाती दिनहरूमा खाद्यान्न, फलफुल, र तरकारीका मौलिक नेपाली वस्तुहरूको विकासमा गरेको उपलब्धि उदाहरणीय मानिएको थियो । नीतिगत रूपमा वैज्ञानिक, प्राविधिक वा कुनै सर्जकलाई नयाँ खोज र आविष्कार गर्न उत्साहित बनाई विज्ञान प्रविधि तथा नवप्रवर्तनको विकास गर्नुको साथै ज्ञानमा आधारित समाज, ज्ञानमा आधारित उद्योग र ज्ञानमा आधारित अर्थतन्त्र

निर्माण गर्ने उद्देश्य लिएर विज्ञान तथा प्रविधि नीति २०६१ जारी भएको थियो। सो नीतिमा समसामयिक परिमार्जन गर्दै हाल विज्ञान, प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ कार्यान्वयनमा आएको छ। उक्त नवप्रवर्तन नीतिले राष्ट्रिय नवप्रवर्तन कोषको स्थापना गर्ने सोच पनि लिएको छ।

कृषि, स्वास्थ्य, वन लगायत विज्ञान क्षेत्रका अनुसन्धान संस्थाहरू र विश्वविद्यालय अनुदान आयोगले उच्च शिक्षामा गरिने अनुसन्धानमा आर्थिक सहायता, छात्रवृत्ति, एवं अनुदान दिने गरेका छन्, जुन वास्तविक माग तथा आवश्यकताको तुलनामा अपुग छ। संक्षेपमा, नेपालमा अनुसन्धान र नवप्रवर्तनका काम तथा जिम्मेवारी विभिन्न निकायमा छरिएर रहेको छ। सबै क्षेत्रमा केही न केही भइरहेको छ। यस क्षेत्रको प्रवर्द्धनमा कार्यक्रमहरू पनि सञ्चालन भएका छन्। तर उल्लेख गर्न लायक नतिजा वा उपलब्धि हासिल हुन सकेको छैन। वैज्ञानिक आविष्कार र खोजको लागि विशिष्ट स्वायत्त संस्थाको रूपमा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान र नीतिगत समन्वयको लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेका छन्। विज्ञान, प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ मा वैज्ञानिकहरूको सङ्ख्या ९० हजार भन्दा बढी रहेको उल्लेख छ। नेपालका विश्वविद्यालयहरूले विज्ञान संकायमाभन्दा अन्य संकायबाट ठूलो सङ्ख्यामा अनुसन्धानमा विज्ञता हासिल गर्ने जनशक्ति उत्पादन गरेको पाइन्छ। त्यसैगरी, वातावरण संरक्षण, जलवायु परिवर्तन, दैविप्रकोप व्यवस्थापन लगायतका केही विधाको अनुसन्धान र खोजमा विकास साझेदारहरू तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको आर्थिक तथा प्राविधिक सहयोगको योगदान उल्लेखनीय छ। औद्योगिक गणनामा नेपालका उद्योगहरूले अनुसन्धान तथा विकासमा कति लगानी गरेका छन् भन्ने आंकडा सङ्कलन गरी विश्लेषण गरिएको छैन। पेटेन्ट दर्ताको संस्थागत व्यवस्था भएतापनि अन्तर्राष्ट्रियस्तरमा त्यसको संरक्षण र रोयल्टीको माग दाबी गर्ने विषयले व्यावसायिकरुमा ठोस आकार ग्रहण गरी सकेको छैन। यद्यपी, औषधि उत्पादन गर्ने तथा केही अन्य उद्योगहरूले वर्षेनी अर्बौं रकम रोयल्टी वापत विदेशी कम्पनीहरूलाई बुझाउने गरेका छन्। नेपालको सार्वजनिक क्षेत्रमा प्रतिभा व्यवस्थापन, ज्ञान व्यवस्थापन, सम्पूर्ण गुण व्यवस्थापन, सहउत्पादन लगायतका अवधारणाहरूलाई नीतिगतरूपमा स्वीकार गरिएको भए तापनि व्यवहारमा तिनको पालना प्रभावकारी छैन। यद्यपि, व्यवस्थापकीय नवप्रवर्तनको रूपमा मर्जर र प्राप्तिको रणनीतिलाई खासगरी बैंङ्किङ क्षेत्रको व्यवस्थापनमा सफल रूपमा प्रयोग भएको छ। सार्वजनिक निजी क्षेत्र साझेदारीलाई पनि नीतिगत रूपमा नेपाल सरकारले आत्मसात गरेको छ तर यस सम्बन्धी आवश्यक संस्थागत पूर्वाधारहरू पूर्ण रूपमा तयार भइसकेको छैन।

### ९.१.४ नेपालमा नवप्रवर्तनको लागि सुधार

नेपालमा नवप्रवर्तनको लागि लागि सुरुवाती चरणमा सुधार गर्नुपर्ने विषयहरूलाई देहाय बमोजिम उल्लेख गरिएको छ :

**क) रणनीतिक साझेदारी (Strategic Partnerships)**

नवप्रवर्तन, खोज र अनुसन्धानमूलक कार्यहरूमा निजी क्षेत्र र सरकारलाई दुई महत्वपूर्ण साझेदारहरूको रूपमा स्वीकार गरिएको छ। नेपालको निजी क्षेत्र अनुसन्धान र उत्पादन भन्दा विदेशी वस्तु तथा प्रविधिको व्यापारमा रमाएको छ। त्यसैले, नवप्रवर्तनको अगुवाई सार्वजनिक क्षेत्रले नै गर्नुपर्छ। सर्वप्रथम, निजी क्षेत्रलाई अनुसन्धानमा लगानी गर्न आकर्षित गर्ने नीतिगत व्यवस्था गर्नुपर्नेछ भने सार्वजनिक क्षेत्रका संस्थालाई नवपर्वतनीय सङ्गठन (Innovative Organization) मा रूपान्तरण गर्ने हो भने त्यसको लागि सम्बन्धित विषयक्षेत्रमा व्यावसायिक विज्ञता हासिल गरेको कुनै वैदेशिक रणनीतिक साझेदार छनौट गरी सम्झौता गर्नुपर्दछ।

**ख) जोखिम लिने संस्कृतिको स्थापना गर्ने (Establish Risk-Taking Culture)**

जोखिम नलिने, पदसोपानमा आधारित, नियन्त्रणमुखी परम्परा संस्थागत भएको सङ्गठनले कुनै परिवर्तन वा नयाँ कार्यशैली स्वीकार गर्न सक्दैन। नवप्रवर्तनले जोखिम लिन सक्ने, छिटो निर्णय गर्ने लचकदार सङ्गठनको माग गर्दछ। नेपालले मौजुदा सरकारी अनुसन्धान संस्थाको संरचना र कार्यपद्धतिमा आयामिक सुधार गर्नुपर्छ।

**ग) अनुसन्धान र परीक्षणमा लगानी (Financing for Research and Experiment)**

वित्तीय जोखिमलाई नवप्रवर्तनको नजरबाट हेर्नुपर्छ। ढिलै किन नहोस्, नवप्रवर्तनले लागत प्रभावी नतिजा प्रदान गर्दछ। नवप्रवर्तनको सुरुवाती परीक्षण लागत खासै ठूलो हुँदैन। नवीन खोज नगरी पूरानै अवधारणामा काम गर्नाले स्रोतको ठूलो अंश खेर जान्छ। त्यसैले हरेक क्षेत्रको अनुसन्धान र परीक्षणमा निरन्तर लगानी बढाउनु पर्छ। अन्यथा, आर्थिक वृद्धिमा स्थिरताको निरन्तरता कायम हुन्छ। वार्षिक रूपमा निरन्तर कूल गार्हस्थ उत्पादनको कम्तीमा २ प्रतिशत अनुसन्धानमा लगानी गरेमा कुनै खोज, आविष्कार वा नवप्रवर्तनको लागि नेपालीले पनि लामो समय पर्खनु पर्दैन।

**घ) निरन्तर प्रभाव मापन (Measuring Impact Regularly)**

नयाँ विभाग वा शाखा खडा गरी आवश्यक बजेट र केही कर्मचारी

खटाउँदैमा त्यस्तो विभागले फटाफट नवप्रवर्तनको काम गरेर दिन सक्दैन । नवप्रवर्तनको प्रारम्भिक विचार लागू गर्दा त्यसलाई राम्ररी परीक्षण गर्ने, उपयुक्त ढाँचा निर्माण गर्ने, निरन्तर अनुगमन तथा मापन गर्ने लगायतका कार्यहरू गर्नुपर्छ । यो लामो र प्राविधिक जनशक्तिले धेरै पटक दोहोऱ्याएर परीक्षण गर्नुपर्ने विधि हो । वर्तमान संरचना र प्रणालीले अपेक्षा गरे जस्तो ठ्याक्कै पूर्वनिर्धारित नतिजा नआउन पनि सक्छ । नवप्रवर्तन भनेको नयाँ आविष्कार समेत हो । त्यसैले यसलाई कार्य सञ्चालन ढाँचाको दृष्टिकोणले विश्लेषण गर्न मिल्दैन । यसलाई नवप्रवर्तनकै नजरले हेर्नु पर्छ । एक दुई पटकको असफलतालाई व्यवस्थापकीय वा सङ्गठनात्मक कमजोरीको रूपमा लिनु हुँदैन । नवप्रवर्तन गर्दै जाने र सिक्दै जाने प्रक्रिया हो । तसर्थ वैज्ञानिक र प्राविधिकहरूलाई कार्यगत स्वायत्तता, नतिजाप्रतिको उत्तरदायित्व र कार्य सम्पादन समुचित मूल्याङ्कनको लागि सरल एवं प्रष्ट नीतिगत व्यवस्था लागू गर्नुपर्दछ ।

**ङ) आन्तरिक तथा बाह्य सिकाइ (Internal and External Learning)**

आन्तरिक रूपले अनुसन्धान, परीक्षण, निर्माण, वा प्रयोग गरेर, पटक पटक असफल प्रयोग गरेर र अन्तरनिकाय वा आयोजना सहकार्य (Cross-Project Work) बाट नयाँ ज्ञान वा सीप सिक्न सकिन्छ भने बाह्य रूपले आपूर्तिकर्ता, प्रमुख प्रयोगकर्ता, साझेदार, प्राविधिक पूर्वाधार, साहित्य, प्रतिस्पर्धीका कार्यहरू, उल्टो निर्माण (Reverse Engineering), नयाँ परामर्शदाता, ग्राहक विशेष ढाँचा, मर्मत सेवा, गल्ती खोजी वा गुनासो समाधान आदि माध्यमबाट नवप्रवर्तनको पाठ सिक्न सकिने हुनाले यसको लागि उपयुक्त कार्य वातावरण निर्माण गर्नुपर्दछ । प्राविधिक कार्यटोली गठन र कर्मचारी, शिक्षक वा प्रशिक्षक आदानप्रदान कार्यक्रमलाई यसको राम्रो उदाहरणको रूपमा लिन सकिन्छ ।

**च) विचार, प्रविधि र मागको प्रभावकारी संयोजन (Effective Diffusion of Idea, Technology and Demand)**

विचार, प्रविधि र माग मध्ये कुनै एउटाको मात्र उपस्थितिमा नवप्रवर्तनको प्रयत्न अपरिपक्व हुन्छ भने ती मध्ये कुनै दुई वटाको उपस्थितिमा नवप्रवर्तनमा अपूर्णता वा ढिलाई आउँछ । त्यसैले, नवप्रवर्तनलाई सफल बनाउन विचार (Idea), प्रविधि (Technology) र माग (Demand) को प्रभावकारी संयोजन अति जरुरी हुन्छ ।

छ) **प्रतिभा व्यवस्थापन (Talent Management)**

राष्ट्रिय प्रतिभाहरूको योजनाबद्ध व्यवस्थापनबाट नयाँ खोज वा आविष्कार गर्ने वैज्ञानिकहरू उत्पादन हुन्छन् । यसको लागि अन्तर्राष्ट्रियस्तरका सुविधा सम्पन्न अनुसन्धान वा आविष्कार केन्द्रहरूको स्थापना र सञ्चालन गर्नुपर्दछ । नयाँ खोज वा आविष्कार रातारात हुने कुरा होइन । यसले निरन्तरको लामो समय र श्रम माग गर्छ । प्रतिभाहरूको पहिचान, उचित संरक्षण, सम्मान, कदर, विकास गर्ने प्रतिभा व्यवस्थापन चक्रका प्रत्येक चरण नवप्रवर्तन र सिर्जनशीलताको विकासको लागि महत्वपूर्ण हुन्छन् ।

ज) **अध्ययन अनुसन्धान प्रतिवेदनहरूको उपयोग (Utilization of Research or Study Reports)**

विकास साझेदारहरूको सहायतामा भएका कृषि, स्वास्थ्य, वन, ऊर्जा, लगायतका विज्ञान क्षेत्रका अनुसन्धान संस्थाहरूले गरेको अनुसन्धान प्रतिवेदनहरूको कार्यान्वयनको कुरा त पर जाओस् नेपालमा स्वदेशी स्रोतमा नेपाली विज्ञहरूले गरेका गैरविज्ञान क्षेत्रका अध्ययन प्रतिवेदनहरूको पनि प्रभावकारी कार्यान्वयन नहुने भएकोले सामान्य प्रक्रियागत नवप्रवर्तनका कामहरूले पनि गति लिन सकेका छैनन् । त्यसैले, आगामी दिनमा अनुसन्धान प्रतिवेदनलाई सरकारी कार्यालयको दराजमा थन्काउने प्रवृत्ति हटाएर त्यसको साटो उपयोगमा ल्याउने परम्परा बसाल्नु पर्दछ ।

झ) **परिवर्तन, तनाव, असन्तुष्टि र गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउने (Making Change, Stress, Dissatisfaction and Grievances Management System Effective)**

परिवर्तन, तनाव, असन्तुष्टि र गुनासोहरू नवप्रवर्तनका स्रोत हुन् । यिनको अभिलेख वैज्ञानिक रूपमा राख्नुपर्दछ । निश्चित स्तरको द्वन्द्व वा अन्तरविरोधले उत्पादनमुखी वैकल्पिक मागको खोजीमा सघाउ पुयाऱ्उँछ । प्रभावकारी व्यवस्थापनबाट कुनै पनि समस्याको ग्राहकमुखी दृष्टिकोणबाट नवीन, सिर्जनशील र समसामयिक समाधान खोज्न सकिन्छ ।

ञ) **नवप्रवर्तनमुखी मानव स्रोत व्यवस्थापन (Innovation Oriented Human Resource Management)**

योजना, सङ्गठन, नेतृत्व, समन्वय, नियन्त्रणजस्ता व्यवस्थापकीय कार्यहरूको साथै भर्ना, छनौट, नियुक्ति, पदस्थापना, तालिम, विकास, उत्प्रेरणा, प्रयोग, अवकाश जस्ता जनशक्ति व्यवस्थापनका हरेक पक्षहरूलाई नवप्रवर्तनमैत्री बनाउन सकेमा मात्रै नेपालको सार्वजनिक क्षेत्रमा यसले फुल्ने, फक्रने र

फल्ने मौका पाउने थियो । निकायगत रूपमै नवप्रवर्तन शाखा खडा गर्ने, नवप्रवर्तन अधिकृत भर्ना गर्ने, नवप्रर्वर्तन बजेट तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, नवप्रवर्तनको आधारमै कार्यसम्पादन मूल्याङ्कन, पदोन्नति तथा पुरस्कार प्रदान गर्ने, नवप्रवर्तनको लागि तालिम तथा प्रशिक्षण प्रदान गर्ने, बेग्लै सोचसहितका प्रश्न गर्ने, फरक मत राख्ने, जोखिम लिन चाहनेलाई प्रोत्साहन गर्ने संस्कृतिको विकास गर्ने, आलोचनात्मक चेतलाई संरक्षण प्रदान गर्ने, नवप्रवर्तनको लागि आवश्यक औजार, उपकरणको व्यवस्था तथा प्रयोगशालाहरू निर्माण गर्ने, अध्ययन, अनुसन्धान तथा सिक्ने सिकाउने विषयलाई निरन्तरता दिने हो भने नवप्रवर्तनलाई कुनै पनि क्षेत्रको सङ्गठनमा स्थापित गर्न सकिन्छ ।

**ट) नवप्रवर्तन नीतिको प्रभावकारी कार्यान्वयन (Effective Implementation of Innovation Policy)**

नेपाल सरकारले विज्ञान, प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ जारी गरेको छ । सो नीतिको मर्म अनुरूप आवश्यक ऐन, नियम, निर्देशिका, कार्यान्वयन योजना तथा कार्यक्रमहरू बनाई प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ । आ.व.२०७७/७८ को बजेट वक्तव्यमा प्रत्येक प्रदेशमा युवा नवप्रवर्तन केन्द्र स्थापना गर्ने लक्ष्य लिइएको छ । सो लक्ष्य पनि पूरा गर्नुपर्दछ ।

**ठ) नयाँ शिक्षा नीतिको प्रभावकारी कार्यान्वयन (Effective Implementation of New Education Policy)**

नेपाल सरकारले नयाँ शिक्षा नीति, २०७६ जारी गरेको छ । सो नीतिको मर्म अनुरूप उच्च शिक्षालाई अनुसन्धानमा आधारित बनाउने र हाल विद्यमान शैक्षिक संरचनामा आमूल परिवर्तन गरी कूल विद्यार्थी मध्ये ८० प्रतिशतले प्राविधिक सीपयुक्त शिक्षा आर्जन गर्ने वातावरण निर्माण गर्नुपर्दछ । यसबाट अदक्ष बेरोजगार जनशक्तिको साटो दक्ष र कार्यमुखी मानवस्रोत विकास हुन्छ । नवप्रवर्तन मुख्यगरी एउटा टोलीगत कार्यको परिणाम हो । यसमा मुख्य भूमिका वैज्ञानिक र प्राविधिकको हुन्छ । तर उनीहरू एक्लैले मात्र नवप्रवर्तनको जिम्मेवारीलाई टुङ्गोमा पुऱ्याउन सक्दैनन् । बहुनिकाय तथा बहुक्षेत्रबीचको सञ्चार, समन्वय र सहकार्यले नवप्रवर्तनमा सफलता हात लाग्छ । त्यसैले नवप्रवर्तनलाई सहउत्पादनको अवधारणा भनिन्छ । यसको पूर्वशर्तको रूपमा सङ्गठनहरूबीच रणनीतिगत आबद्धता, विषयगत कार्य टोलीहरूको गठन, कार्य भूमिका वा सीमाको स्पष्टता, सूचनाको सामयिक सार्वजनिकीकरण, आदि पक्षहरूको ठूलो महत्व रहन्छ । नवप्रवर्तनको

विस्तृत र पूर्ण योजना तर्जुमा गरी, के गर्ने, कसरी गर्ने, कहाँ र कहिले गर्ने भन्ने कुरामा स्पष्टता कायम गर्न रोडम्याप बनाएरै अगाडि बढ्नु पर्दछ । क्षमता, स्रोत र आवश्यकता एकातिर, नवप्रवर्तन अर्कोतिर हुन सक्दैन । नवप्रवर्तनको सफलताको लागि सङ्गठनको सबैभन्दा मुख्य र महत्वपूर्ण पक्षलाई नै सबसे बढी महत्व दिएर बजेट, कार्यक्रम, जनशक्ति र पूर्ण स्वायत्तता सहितको युद्ध कक्ष प्रदान गर्नुपर्छ । सबैभन्दा महत्वपूर्ण कुरा, नयाँ विचारलाई प्रोत्साहन र पुरस्कृत गर्नुको साथै त्यसलाई लागू गर्न अनुमति प्रदान गर्ने नेतृत्व शैली, सङ्गठनको संस्कृति, व्यवस्थापनको रणनीति र जनशक्ति व्यवस्थापनको योजना हुनुपर्दछ ।

### ९.१.५ निष्कर्ष तथा सुझाव

नवप्रवर्तनका उल्लिखित सैद्धान्तिक तथा व्यवहारिक विषयवस्तुको आधारमा स्थानीय स्तरमा सञ्चालन हुने उद्योगको लागि निष्कर्षमा देहायका बमोजिम सुझाव प्रस्तुत छन् ।

नवप्रवर्तन आर्थिक विकास र प्रतिस्पर्धी क्षमता संरक्षणको पूर्वशर्त हो र प्रक्रियाहरूको श्रृङ्खला र योजनाबद्ध कार्य हो । नवप्रवर्तन आफैमा दीर्घकालीन प्रकृतिको हुन्छ । यसले तत्कालै लाभ वा लोकप्रियता प्रदान नगर्न सक्छ । व्यवस्थापनका अगुवाहरू र नवप्रवर्तकहरूले सङ्गठन, योजना, नेतृत्व, समन्वय र उत्प्रेरणाको क्षेत्रमा देखिएका समस्याहरू समाधान गर्ने नयाँ नयाँ तरिकाहरूको खोज गरे जुन पठनीय र अनुकरणीय छन् ।

नवप्रवर्तनको आधारमा उद्योग स्थापनादेखि सञ्चालनमा अनेक अन्तर्विरोध र तनावहरू हरेक तह, क्षेत्र, प्रक्रिया र निर्णयहरूमा आइरहन्छन् । यी बीच सन्तुलन कायम गर्नु एउटा आधारभूत व्यवस्थापकीय सीप हो । त्यसले उद्योगको कार्यसम्पादन र उत्पादनमा वृद्धि गर्न सघाउँछ । नवप्रवर्तनको लागि अनुसन्धान, आविष्कार गर्दा अनेकौ समस्या तथा चुनौतीहरू आउँदछन् । यसै बीच आजको प्रतिस्पर्धी युगमा टिकिराख्न नयाँ ज्ञान र सूचना प्रविधिमा आधारित ससाना सुरुवाती (स्टार्ट अप) व्यवसायहरूको प्रवर्द्धन तथा नवप्रवर्तनीय उद्योगहरूलाई समुचित प्रोत्साहन गरेमा स्थानीय प्रयासबाट पनि समग्र राज्य र विश्व बजारमा समेत प्रविधिमा आधारित उत्पादन र सेवा निर्यात गरी सफलता हासिल गर्न सकिने सम्भावना छ । यसको लागि नेपाल सरकार, विश्वविद्यालयहरू, निजी तथा गैरसरकारी क्षेत्रका अनुसन्धान संस्थाहरू, विकास साझेदारहरू सबैको बहुपक्षीय साझेदारी र समझदारी कायम हुनुपर्छ । विज्ञान तथा प्रविधिको क्षेत्रमा नेपालमा नब्बे हजार भन्दा बढीको दक्ष जनशक्ति विद्यमान छ । नयाँ

नवप्रवर्तन नीति जारी भएको छ । संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम, अन्य विकास साझेदारहरू र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले नवीन खोज र प्रयोगमा लामो समयदेखि निजी क्षेत्र र समुदायमा आधारित संस्थाहरूसँग हातेमालो गरेका छन् । नेपाल सरकारले राष्ट्रिय प्रतिभाहरू, युवा वैज्ञानिक, महिला वैज्ञानिकहरूको योगदानलाई सम्मान गर्दै वार्षिक रूपमा पुरस्कृत गर्ने गरेको छ । यसरी नै स्थानीय तहहरूले पनि नीतिगत तथा वित्तीय सहयोग र प्रोत्साहन गरी उद्योगहरू नवप्रवर्तनका सिद्धान्तका आधारमा सञ्चालन गर्न मार्गदर्शन तथा सहजीकरण गर्नु पर्दछ ।

राष्ट्रिय योजना आयोगबाट गत आर्थिक वर्षदेखि स्टार्ट अप व्यवसायहरूलाई सरल कर्जा उपलब्ध गराई प्रोत्साहन गर्ने कार्यक्रम पनि सञ्चालन गरेको छ । नास्टले वैज्ञानिकहरूको सूचीकरण तथा विदेशमा रहेका नेपाली वैज्ञानिकहरूलाई स्वदेश फर्काउने वा देश हितको काममा लगाउने उद्देश्यले परराष्ट्र मन्त्रालय अन्तर्गतको ब्रेन गेन सन्टर मार्फत् विविध कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । यस अवसरलाई उपयोग गर्न स्थानीय तह र स्थानीय स्तरका उद्योगले योजना, सङ्गठन, नेतृत्व, समन्वय, नियन्त्रणजस्ता व्यवस्थापकीय कार्यहरूको साथै भर्ना, छनौट, नियुक्ति, पदस्थापना, तालिम, उत्प्रेरणा, जस्ता जनशक्ति व्यवस्थापनका हरेक पक्षहरूलाई नवप्रवर्तनमैत्री बनाउन सकेमा सफलता हासिल गर्न सकिन्छ ।

# भाग - १०
# स्वाधीन अर्थतन्त्रको प्रवर्द्धन

स्वतन्त्र र विदेशी सहायतता तथा पुँजी नचाहिने आत्मनिर्भर अर्थतन्त्रलाई स्वाधिन अर्थतन्त्र भनिन्छ । यसले अर्थतन्त्रमा उपलव्ध प्राकृतिक, भौतिक, वित्तीय र मानवीय श्रोतको उपयोग गर्न राज्यको आफ्नै निर्णायक भूमिका हुन सकेको छ वा छैन, आर्थिक रूपले सक्रिय जनसंख्या मध्ये श्रमशक्तिको रूपमा उपयोगको सम्भावना रहेका मानवीय श्रोतले पर्याप्त रोजगारीका अवसर पाउन सकेका छन् वा छैनन, विदेशी सहायतता राष्ट्रिय हित, प्राथमिकता र राष्ट्रिय स्वार्थ अनुकूल परिचालन गर्न सकिएको छ, छैन वा आफ्नो उत्पादनको बजार कतिसम्म आन्तरिक रूपमा सुदृढ छ भन्ने जस्ता कुराहरू अघि सार्दछ । यसले मुलुकका बासिन्दाको लागि आवश्यक पर्ने वस्तु तथा सेवाको आपूर्ति अर्थतन्त्रको आर्जनले पुग्ने अर्थात कूल राष्ट्रिय आय बराबर हुनु पर्दछ भन्ने वकालत गर्दछ ।

विश्वव्यापीकरण र उदारीकरणसँगै विश्वका अर्थतन्त्रहरू बीचको अन्तरनिर्भरता बढ्दै गएको छ । आर्थिक स्वाधिनतालाई मजबुत बनाउन स्थानीय अर्थतन्त्रलाई राष्ट्रिय अर्थतन्त्र र राष्ट्रिय अर्थतन्त्रलाई विश्व अर्थतन्त्रसँग अन्तरनिर्भरतामा आवद्ध गराई अधिकतम फाइदा प्राप्त हुने वातावरण सृजना गर्नुपर्दछ । खुला अर्थतन्त्रमा एकातिर अन्तर्राष्ट्रिय व्यापारलाई प्रतिस्पर्धी बनाउँदै ठूला लगानी आकर्षित गर्न पुँजीको प्रतिफल तुलनात्मक रूपमा उच्च हुनु आवश्यक छ भने स्थानीय तहमा छरिएर रहेका सीप र पुँजीको सदुपयोग गर्दै आय आर्जन र रोजगारी बढाउन लघु, साना तथा घरेलु उद्योगहरूको विकास संस्थागत हुनु आवश्यक छ । बजार केन्द्रित अर्थतन्त्रका कारण लघु, साना र घरेलु उद्योगको संस्थागत विकास हुन नसक्दा समग्र विकास व्यवस्थापनको वितरण असन्तुलित हुन गई विभिन्न मुलुकमा द्वन्द्व र कहिलेकाहीँ विनाश र विघटनको अवस्था देखिएको छ । उत्पादन र बजारीकरणमा स्थानीय समुदायको सहभागिता सुनिश्चित गर्न लघु, साना तथा घरेलु उद्योगको विकास एउटा महत्वपूर्ण आयाम हुन्छ । बहुआयामिक असमानताका रूपमा समाजमा रहेका जातीय, लैंगिक, भौगोलिक विभेदको न्यूनीकरण गर्नमा समेत लघु, साना तथा घरेलु उद्योगको विकास र विस्तार उपयुक्त उपकरणका रूपमा भूमिका निर्वाह गर्न सक्दछन् । स्थानीय तहको साधन श्रोत, सीप र प्रविधिको प्रयोग एवं परिचालन गरिने भएको हुनाले एकातर्फ खेर गइरहेको श्रोतको सदुपयोग हुन्छ भने अर्कोतर्फ समाजमा लुप्त रूपमा रहेका बेरोजारी, अर्धबेरोजगारी न्यूनिकरण गरी गरिबी निवारण गर्ने राष्ट्रिय लक्ष्यमा समेत उल्लेख्य योगदान दिन सक्दछन् ।

वर्षेनी बढ्दै गइरहेको व्यापार घाटा कम गर्नका लागि आन्तरिक उत्पादनमा लघु, साना तथा घरेलु उद्योगको महत्वपूर्ण भूमिका रहन्छ। आन्तरिक उत्पादन गरी आयात व्यवस्थापन मार्फत स्वदेशी आवश्यकता पूरा गर्नुका साथै वस्तु तथा सेवाको निर्यात मार्फत वैदेशिक मुद्रा आर्जन गर्न सकिन्छ। साथै अनियन्त्रित रूपमा आन्तरिक एवं बाह्य रूपमा बढ्दै गईरहेको बसाई सराइ समेत व्यवस्थापन भई सन्तुलित एवं दिगो विकासमा समेत मद्दत पुग्न जान्छ। नेपालको अर्थतन्त्रको मुख्य आधारका रूपमा रहेको कृषिलाई व्यावसायिकरण, बजारीकरण एवं विविधकरण गरी उद्योगका रूपमा विकास गर्ने राष्ट्रिय लक्ष्यमा समेत महत्वपूर्ण योगदान पुग्न जान्छ। स्थानीय तहले आफ्नो क्षेत्रभित्रका नागरिकका लागि आवश्यक पर्ने वस्तु आफैं उत्पादन गर्न अनुकूल वातावरण तयार गरी स्वाधिन अर्थतन्त्र कायम गर्न जरुरी देखिन्छ।

# भाग - ११
# संस्थागत सामाजिक उत्तरदायित्व

## ११.१ अवधारणा

सार्वजनिक सरोकार राख्ने निकाय वा शक्तिको प्रयोग गर्ने (पावर होल्डर)ले आफूले गरेका कार्यको लागि जिम्मेवारी लिने वा दायित्व निर्वाह गर्नु उत्तरदायित्व निर्वाह हो । उत्तरदायित्व निर्वाहका विभिन्न तरिकाहरूमध्ये नागरिकको सहभागिता र नागरिकहरूको मागमा आधारित उत्तरदायित्व निर्वाह गर्ने प्रमुख विधि सामाजिक उत्तरदायित्व हो ।



सामाजिक उत्तरदायित्व भनेको सार्वजनिक सरोकार वा चासोको विषयमा आफूले गरेको कार्य, कार्यसम्पादनको स्तर, सोको गुणस्तर एवं सार्वजनिक स्रोतको उपयोगबारे सरोकारवाला वर्गलाई उत्तर दिने प्रणाली वा व्यवस्था हो । वास्तवमा सामाजिक उत्तरदायित्व अधिकारमा आधारित अवधारणा (राइट बेस्ड एप्रोच) हो । सार्वजनिक निकायले यो विषय आफ्नो तजबिजको विषय हो भन्ने नभई सरोकार समूहको अधिकारको विषय हो भनेर बुझ्नु पर्दछ ।

व्यावसायिक-सामाजिक उत्तरदायित्व यस्तो अवधारणा हो, जसमा व्यवसायले आर्थिक, सामाजिक र वातावरणीय पक्षहरूलाई उचित ढङ्गले आफ्नो व्यावसायिक नीति एवम् कार्यक्रममा समाविष्ट गर्दछ । यो व्यवसायको स्थापनाकालदेखि नै हरेक क्रियाकलापमा आर्थिक, सामाजिक एवम् वातावरणीय पक्षहरूलाई समुचित तवरले समेट्ने कुरासँग सम्बन्धित छ । व्यावसायिक-सामाजिक उत्तरदायित्व मुनाफा कमाएपछि मात्र गरिने परोपकारमूलक कार्य हो भन्ने आम बुझाइ मात्र होइन यो उद्योग व्यवसायको सुरूदेखि नै आम नागरिक र सरोकारवालासँगको सम्बन्ध सुमधुर गराउने, संस्थाको ख्याति बढाउने, थप लगानी आकर्षित गर्न सघाउने, कर्मचारी र कामदारको मनोबल एवम् कार्यकुशलता बढाउने, आपूर्ति सञ्जाल अझ बढी सशक्त गराउने र अन्तर्राष्ट्रिय बजारमा प्रवेश एवम् विस्तार गर्नसमेत सहज बनाउन सहयोगी समेत हुने विषय हो ।

व्यवसायीक फर्महरू समाजका विद्यमान मूल्य मान्यता, र कानून अनुसार सञ्चालन हुने गर्दछन्। समाजमै जन्मने, हुर्कने तथा समाजमै आफ्ना गतिविधिहरू सञ्चालन गर्ने हुँदा समाजप्रतिको उत्तरदायित्वलाई अभिन्न अंगका रूपमा कार्य गर्नुपर्ने हुन्छ। व्यावसायिक-सामाजिक उत्तरदायित्व मूलतः व्यवसायको ऐच्छिक विषय भए पनि यसको प्रवर्द्धनमा विभिन्न तहका सरकारको महत्वपूर्ण भूमिका हुन्छ। सरकारले यसको सम्बन्धमा स्पष्ट नीति र कानूनको तर्जुमा गर्ने, यसका निश्चित मापदण्डहरूको सृजना एवम् सञ्चार गर्ने, उत्तरदायी सामाजिक अभ्यासलाई आर्थिक एवम् प्रशासनिक सहुलियत दिई प्रोत्साहन गर्ने, 'लेबलिङ पद्धति' लाई कडाइका साथ पालन गर्न लगाउने आदि गर्न सक्दछ। स्थानीय सरकारले समेत विभिन्न क्षेत्र र आकारका व्यवसायलाई हरेक वर्ष उनीहरूको काम मूल्याङ्कन गरी सामाजिक उत्तरदायी अभ्यासका दृष्टिले उत्कृष्ट उद्योग व्यवसायको घोषणा गर्ने, उनीहरूका राम्रा कार्यहरूलाई प्रचार प्रसार गर्ने र खासगरी वातावरणलाई बढवा दिने आदि प्रोत्साहन गर्ने कार्य गर्न सक्दछ।

केही वर्षअघिसम्म यसलाई व्यवसाय बाहिरका सीमित सरोकारवालाहरू जस्तैः उपभोक्ता, स्थानीय जनसमुदाय, दबाब समूहहरू आदिको चासोको विषय मानिन्थ्यो। तर, अहिले आएर यो व्यवसायभित्र र बाहिरका विविध सरोकारवालाहरू जस्तैः शेयरधनी, कर्मचारी, उपभोक्ता, स्थानीय जनसमुदाय, आपूर्तिकर्ता, ऋणदाता, नागरिक समाज, सरकार आदिको चासोको विषय बनेको छ।

व्यावसायिक-सामाजिक उत्तरदायित्वलाई आर्थिक, कानूनी, नैतिक र परोपकार मूलक गरी चार खण्डमा विभाजन गरेर प्रस्तुत गरिन्छ। हालका दिनहरूमा यसलाई दीर्घकालीन मुनाफाका लागि गरिने लगानी र व्यवसाय एवम् सबै सरोकारवालाहरूलाई फाइदा पुग्ने व्यवसायको मोडलका रूपमा व्याख्या गर्ने गरिन्छ।

व्यावसायिक-सामाजिक उत्तरदायित्वबाट गरीब जनताको जीवनस्तरलाई माथि उकास्ने कार्यमा टेवा पुग्न सक्दछ। विश्वव्यापीकरणको यस युगमा विश्वका अन्यत्र मुलुकमा यस क्षेत्रमा देखा परेका वा विकास भएका सैद्धान्तिक एवम् व्यवहारिक विषयवस्तु वा मोडललाई नेपाली व्यवसायी, सरकार एवम् सरोकारवालाहरूले मनन् गरी समान बुझाइका आधारमा व्यावसायिक-सामाजिक उत्तरदायित्वको अवधारणा कार्यान्वयन गर्नुपर्दछ।

छिमेकी मुलुकहरू भारत, बङ्गलादेशमा व्यावसायिक क्षेत्र, सरकार र नागरिक समाजबाट यस सम्बन्धमा पहलहरू भएका पाइन्छन्। उदाहरणका लागि भारतमा

वार्षिक रू. ३० करोड वा सोभन्दा बढी बिक्री आय भएका कम्पनीहरूले एक छुट्टै व्यावसायिक-सामाजिक उत्तरदायित्व विभाग वा शाखा स्थापना गरी सोसम्बन्धी नीति तर्जुमा कार्यान्वयन एवम् प्रतिवेदन पेस गर्नुपर्ने प्रावधान गरेको पाइन्छ। बङ्गलादेशमा पनि व्यावसायिक-सामाजिक उत्तरदायित्व प्रवर्द्धनका लागि राष्ट्रिय बजेटमा एक छुट्टै खण्ड राख्ने गरिएको छ। उद्योग व्यवसायबाट आफ्ना ग्राहकलाई वस्तु वा सेवा बिक्री गरी मुनाफा आर्जन गर्ने भएकाले जुन समाजबाट मुनाफा आर्जन गरेको हो त्यसप्रति केही न केही दायित्व रहनुपर्ने हुन्छ भन्ने मान्यता यसले स्थापित गरेको छ।

## ११.२ व्यावसायिक सामाजिक उत्तरदायित्वका प्रकारहरू

व्यावसायिक सामाजिक उत्तरदायित्व मुख्य रूपमा चार वर्गमा विभाजित छ :

### अ) पर्यावरणीय जिम्मेवारी

कुनै पनि उद्योग वा व्यवसायले आफ्नो कामबाट पर्यावरणलाई कुनैपनि हानी नोक्सानी वा परिवर्तन नहुने तरिकाले काम गर्नुपर्छ। यो व्यावसायिक सामाजिक उत्तरदायित्वको सबैभन्दा साधारण रूपहरू मध्येको एक हो। यसका लागि सामान्यत निम्नानुसारका पहलहरूलाई बुझाउँछ।

क) वातावरण प्रदूषण, हरितगृह ग्यास उत्सर्जन, एकपटक मात्र प्रयोग गरिने खालका प्लास्टिकको उपयोग, पानीको खपत, र सामान्य फोहोरहरू घटाउने।

ख) नवीकरणीय ऊर्जा, दिगो संसाधनहरू, र पुनर्नवीनीकरण वा आंशिक पुनः उपयोग गर्न सकिने सामग्रीहरूमा निर्भरता बढाउने।

ग) नकारात्मक पर्यावरणीय प्रभाव घटाउने, उदाहरणको लागि, रूख रोप्ने, अनुसन्धान कोष स्थापना गर्ने, र सम्बन्धित कामहरूको लागि सहयोग गर्ने।

### आ) नैतिक जिम्मेवारी

नैतिक जिम्मेवारी भन्नाले संस्था निष्पक्ष र नैतिक तरिकाले सञ्चालित छ भन्ने कुराको सुनिश्चितता भन्ने बुझिन्छ। यसले संस्थाको नेतृत्व, लगानीकर्ताहरू, कर्मचारीहरू, आपूर्तिकर्ताहरू, र ग्राहकहरू सहित सबै सरोकारवालाहरूको व्यवहारले नैतिक जिम्मेवारी अंगीकार गर्दछन् भन्ने कुराको सुनिश्चितता खोज्दछ। उद्योगहरूले विभिन्न तरिकाबाट नैतिक जिम्मेवारीलाई अंगाल्न सक्छन्, उदाहरणका लागि, यदि राज्य वा संघीय सरकारद्वारा उचित न्युनतम ज्याला नतोकेको अवस्था भए उद्योगले आफ्नो न्यूनतम ज्याला तोक्न सक्छ। त्यस्तै गरी स्वतन्त्र व्यापार मापदण्ड पूरा

गरेका उत्पादनहरू अथवा कच्चा पदार्थहरू प्रयोग गर्ने नीति लिन सक्छन् । जस्तैः उद्योगहरूले दासत्व वा बालश्रम प्रयोग भएका उत्पादनहरू नकिन्ने नीति सुनिश्चित गर्न सक्छन् ।

**इ) परोपकारी जिम्मेवारी**

परोपकारी जिम्मेवारी भन्नाले समाजमा परोपकारी लक्ष्यका साथ गरिने व्यवसायको लगानीलाई बुझाउँछ । व्यवसायको तर्फबाट परोपकारी जिम्मेवारीका लागि आफनो नाफाको एक हिस्सा समर्पित गर्नु परोपकारी जिम्मेवारी हो । यसरी गरिने आर्थिक सहयोग आफ्नो व्यवसायसँग सम्बन्ध नभएका परोपकारका क्षेत्रहरूमा दान गर्ने गरिन्छ । यसका लागि उद्योग वा कम्पनीहरूले यो फण्ड व्यवस्थापनका लागि अलग्गै निकाय खडा गरेर समेत काम गरिरहेको पाईन्छ ।

**ई) आर्थिक जिम्मेवारी**

आर्थिक जिम्मेवारी भन्नाले उद्योगहरूले जे जति आम्दानी गर्दछन् त्यसमा कुनैपनि क्षेत्रलाई हानी नगरी मुनाफा कमाउने नीति लिएर काम गर्ने भन्ने बुझिन्छ । उद्योगको अन्तिम उद्देश्य नाफा आर्जन गर्नु मात्र नठानी नागरिक, समाज र वातावरणमा सकारात्मक प्रभाव पार्नुलाई पनि मान्ने गरिन्छ ।

## ११.३ सामाजिक उत्तरदायित्वका क्षेत्रहरू (Areas of Social Responsibilities)

आजभोलि व्यावसायिक फर्महरूलाई आर्थिक निकायको रूपमा मात्र हेरिदैन । तिनीहरू सामाजिक सङ्गठनहरू र समाजका अभिन्न अंग पनि हुन् । तिनीहरू सामाजिक र आर्थिक दुवै कार्यहरू सञ्चालन गर्दछन् जुन उनीहरूको टिकाउ, बुद्धि लाभदायकताका लागि अलग गराउन मिल्दैन । यस प्रकारको उत्तरदायित्वलाई दीर्घकालिन नाफाको रूपमा पनि हेरिन्छ । व्यावसायिक फर्मका सामाजिक उत्तरदायित्वका क्षेत्रहरू निम्न लिखित छन् :

**१) शेयरधनीप्रतिको उत्तरदायित्व**

- लगानीको सुरक्षा विश्वास दिलाउनु,
- लगानीमा उपयुक्त र नियमित लाभ भुक्तानी दिनु,
- नियमित रूपमा सहि सूचना प्रवाह गर्नु,
- बराबर सहभागी हुने मौका प्रदान गर्नु ।

**२) ग्राहकप्रतिको उत्तरदायित्व**

- ग्राहकको चाख, हित र छनोटप्रतिको सचेतना प्रदान गर्नु,

- उच्च गुणस्तरको सामान तथा सेवा सुपथ मूल्यमा दिनु,
- बिक्रीअघि र बिक्रीपछिका सेवाहरू प्रदान गर्नु,
- ग्राहकको असन्तुष्टिको व्यवस्थापन गर्नु,
- अवैध व्यापारबाट बच्नु,
- नयाँ तथा प्रतिस्थापन वस्तुको बारेमा सूचना उपलब्ध गराउनु ।

३) **कामदारप्रतिको उत्तरदायित्व**

- उचित तलब तथा ज्यालाको भुक्तानी गर्नु,
- रोजगारीको सुरक्षा प्रदान गर्नु,
- कामदारहरूलाई उनीहरूको योग्यता, सीप, स्तर अनुसारको कामको प्रबन्ध मिलाउनु,
- सुरक्षित र स्वस्थकर कामको वातावरण निश्चित गर्नु,
- श्रम सङ्गठनमा भाग लिन र राम्रो सम्बन्ध कायम गर्न हौसला दिनु,
- कुशलतापूर्वक गुनासोको परिचालन गर्नु,
- उचित कर्मचारी नीति बनाउनु ।

४) **समुदायप्रतिको उत्तरदायित्व**

- श्रोतको आदर्शतम उपयोग गर्नु,
- पर्यावरणको सुरक्षा गर्नु,
- रोजगारीको मौका प्रदान गर्नु,
- सामाजिक-साँस्कृतिक सम्बन्ध बलियो गर्नु ।

५) **सरकारप्रतिको उत्तरदायित्व**

- सरकारी नियम कानूनमा आवद्ध हुनु,
- नियमित कर भुक्तानी गर्नु,
- विपद्, महामारी, गरिबी, अशिक्षा जस्ता समस्या समाधान गर्न सहयोग गर्नु,
- व्यावसायिक सूचना र सल्लाह प्रदान गर्नु,
- अवैध व्यापारमा संलग्न नहुनु ।

## ११.४ विद्यमान कानूनी प्रावधान

औद्योगिक व्यवसाय नियमावली, २०७६ ले व्यावसायिक सामाजिक जिम्मेवारीका निम्न प्रावधानहरू राखेको पाइन्छ,

**नियम ३७. व्यावसायिक सामाजिक जिम्मेवारी:**

(१) मझौला वा ठूला उद्योगले ऐनको दफा ४८ को उपदफा (१) बमोजिम

छुट्याए रकम देहायको कुनै कार्य वा क्षेत्रमा खर्च गर्नु पर्नेछ :

(क) प्राकृतिक प्रकोप (बाढी, पहिरो, भूकम्प, आगलागी रोकथाम तथा उद्दार सम्बन्धी कार्य,

(ख) सामुदायिक स्वास्थ्य संस्थालाई औषधि तथा स्वास्थ्य सम्बन्धी उपकरण वितरण स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि, स्वास्थ्य शिविर सञ्चालन लगायतका स्वास्थ्य सम्बन्धी कार्य,

(ग) नेपाली कला, संस्कृति, पूरातात्विक धरोहरको संरक्षण तथा सम्बर्द्धन,

(घ) न्यून आय भएका पिछडिएका ग्रामीण महिला, अपाङ्गता भएका व्यक्ति तथा अल्पसंख्यक, सिमान्तकृत समुदायका लागि सीपमुलक र आयमूलक कार्यक्रम,

(ङ) सामुदायिक विद्यालय तथा विश्वविद्यालयहरूका लागि छात्रवृत्ति, शैक्षिक उपकरणहरू तथा सामग्रीहरू वितरण लगायत शैक्षिक विकास सम्बन्धी कार्य,

(च) प्रदुषण नियन्त्रण, फोहरमैला व्यवस्थापन, वृक्षारोपण, पानीको मुहान संरक्षण वैकल्पिक ऊर्जाको प्रवर्द्धन लगायत वातावरण संरक्षण,

(छ) धुम्रपान, मद्यपान, सामाजिक विकृति विसङ्गति विरुद्धका अभियान तथा सन्देशमूलक वृत्तचित्र निर्माण तथा प्रसारण,

(ज) ग्रामीण खानेपानी आयोजना निर्माण, सडक, ढल, पाटीपौवा, वृद्धाश्रम, खेल मैदान, धार्मिक स्थल, सामुदायिक स्वास्थ्य भवन, सामुदायिक भवन आदि निर्माण तथा मर्मत सम्भार, अनाथ आश्रम निर्माण, पार्क निर्माण, ध्यानयोग केन्द्र निर्माण, बसपार्क तथा बस बिसौनी निर्माण जस्ता सार्वजनिक हितका लागि प्रयोग हुने भौतिक पूर्वाधार ।

(२) उपनियम (१) बमोजिम उद्योगले सामाजिक व्यावसायिक जिम्मेवारीका लागि छुट्याएको वार्षिक रकमको कम्तीमा पच्चीस प्रतिशत रकम उद्योगबाट प्रभावित क्षेत्रमा खर्च गर्नु पर्नेछ ।

(३) उद्योगले व्यावसायिक सामाजिक जिम्मेवारी बहन गर्नको लागि छुट्याइएको रकममध्ये बढीमा दश प्रतिशत रकम सम्बन्धित शीर्षकबाट कट्टा गर्न पाउने गरी उद्योग दर्ता गर्ने निकायले तोकेको नियम बमोजिमको कुनै कोषमा जम्मा गर्न सक्नेछ ।

(४) उद्योगले व्यावसायिक सामाजिक जिम्मेवारी निर्वाह गर्दा स्थानीय तहको समन्वयमा सञ्चालन गर्नु पर्नेछ ।

(५) उद्योगले व्यावसायिक सामाजिक जिम्मेवारीका लागि छुट्याएको रकमबाट आफ्नो उद्योगलाई प्रत्यक्ष मुनाफा हुने गरी खर्च गर्न वा कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

नेपालमा पनि औद्योगिक व्यवसाय ऐन, २०७६ ले मझौला, ठूला उद्योग वा वार्षिक १५ करोड रूपैयाँभन्दा बढी कारोबार हुने घरेलु वा साना उद्योगले व्यावसायिक सामाजिक जिम्मेवारी बहन गर्ने प्रयोजनका लागि प्रत्येक आर्थिक वर्षमा वार्षिक खुद मुनाफाको कम्तीमा १ प्रतिशत रकम छुट्याउनुपर्ने व्यवस्था गरेको छ ।

त्यसरी नै लुम्बिनी प्रदेशको औद्योगिक व्यवसाय ऐन, २०७५ को दफा ३५ मा पनि व्यावसायिक सामाजिक जिम्मेवारी सम्बन्धी व्यवस्था गरे अनुसार मझौला, ठूला उद्योग वा वार्षिक १५ करोड भन्दा बढी कारोबार हुने घरेलु वा साना उद्योगले व्यावसायिक सामाजिक जिम्मेवारी बहन गर्ने प्रयोजनका लागि प्रत्येक आर्थिक वर्षमा वार्षिक खुद मुनाफाको कम्तिमा १ प्रतिशत रकम छुटाई वार्षिक कार्यक्रम बनाइ ताकिएको क्षेत्रमा खर्च गर्नुपर्ने व्यवस्था गरिएको छ ।

यसरी स्थानीय सरकारहरूले पनि व्यावसायिक उत्तरदायित्व बहन गर्ने उद्योग व्यवसायलाई प्रोत्साहन, पुरस्कार, सिपमुलक तथा सिप प्रवर्द्धनात्मक तालिमको व्यवस्था, विभिन्न शुल्क, कर आदिमा सहुलियत, छुट दिने तथा बजार प्रवर्द्धनमा सहयोग जस्ता कार्य गर्ने व्यवस्था समावेश गर्न सकिन्छ ।

# भाग - १२
# स्थानीय उद्योगको व्यवस्थापन र लैङ्गिक समानता, अपाङ्गता तथा समाजिक समावेशीकरण

लघु, घरेलु र साना उद्योगको दर्ता नवीकरण, खारेजी, नियमन प्रवर्द्धन र व्यवस्थापनको कार्य र जिम्मेवारी स्थानीय तहको रहेको विषयमा यस भन्दा अगाडिका भागहरूमा चर्चा भैसकेको छ । स्थानीय उद्योगको व्यवस्थापनमा स्थानीय सरकारले लैङ्गिक समानता, अपाङ्गता तथा समाजिक समावेशीकरणसँग सम्बन्धित विषयमा के कस्ता कुरामा ध्यान दिनु जरुरी हुन्छ भन्ने विषयमा यहाँ संक्षेपमा चर्चा गरिएको छ ।




"लैङ्गिक" शब्दले सामाजिक रूपमा महिला र पुरुषको भूमिका र उनीहरूबीचको सम्बन्ध, शक्ति संरचना र अवसर आदिलाई जनाउछ । यी भूमिका, सम्बन्ध, शक्ति र अवसरहरू सामाजिकरणको प्रक्रियाबाट निर्माण भएका हुन्छन् र समय, स्थान, संकृति र मूल्य मान्यता अनुसार भिन्न भिन्न हुन सक्छन् । "लैङ्गिक समानता" ले महिला, पुरुष तथा लैङ्गिक र यौनिक अल्पसंख्यकहरूबीच समान अधिकार, जिम्मेवारी, सम्मान, पहुँच र अवसरहरूलाई बुझाउँछ ।

"सिमान्तकृत समूह" ती समूहहरू वा व्यक्तिहरू हुन, जो पहिचानको आधारमा राजनीतिक, सामाजिक र साँस्कृतिक र सामाजिक अवसरबाट बन्चित रहेका हुन्छन् । लिङ्ग, उमेर, जातीयता, आर्थिक स्थिति, शैक्षिक पृष्ठभूमि, भौगोलिक क्षेत्र तथा शारीरिक, मानसिक वा बौद्धिक अपाङ्गता आदि कारकहरूद्वारा बञ्चितिकरणमा परेको महिला, लैङ्गिक अल्पसंख्यक, बृद्धबृद्धा, बालबलिका, दलित, आदिबासी जनजाति, असाक्षर, अपाङ्गता भएका व्यक्ति आदि सिमान्तकृत समूहमा पर्दछन् ।

"अपाङ्गता" भन्नाले व्यक्तिको दीर्घकालीन शारीरिक, मानसिक, बौद्धिक अशक्तताको अवस्था हो, जसले केहि निश्चित गतिविधिहरू गर्न र सहभागिता र अन्तरक्रिया गर्न

कठिन वा असम्भव बनाउँछ । त्यसैगरी “सामाजिक समावेशी” भन्नाले समाजका सबै सदस्य वा वर्गहरूले लिङ्ग, उमेर, जातीयता, आर्थिक स्थिति, शैक्षिक पृष्ठभूमि, भौगोलिक क्षेत्र तथा शारिरिक, मानसिक वा बौद्धिक अपाङ्गतामा आधारित भेदभाव बिना वस्तु र सेवा बजारमा समान अधिकार, सुविधा र सेवाको उपभोग गर्न पाउने अवस्था हो ।




नेपालको संविधानमा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधता बीचको एकता, सामाजिक साँस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवम् प्रवर्द्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ । संविधानको यो परिकल्पनालाई साकार पार्न स्थानीय तह देखिनै सबै क्षेत्रलाई लैङ्गिक अपाङ्गतागत र समाजिक समावेशीकरणको अवस्था सकारात्मक रूपले सुदृढ बनाउनु आवश्यक हुन्छ ।

खासगरी महिला, विपन्न र समाजमा पछाडि परेको अपाङ्गता भएका व्यक्ति लगायत अन्य सिमान्तकृत समूहका मानिसहरूको जीवनस्तर उकास्ने प्रयोजनका लागि स्थानीय उद्योगमा त्यस्ता व्यक्तिहरूलाई प्रोत्साहन गर्न स्थानीय सरकारको विशेष ध्यान जानु पर्दछ । पिछडिएको क्षेत्र, वर्ग, समुदाय, समेतको क्षमता अभिवृद्धि, रोजगारीको सृजना, उत्पादनमा वृद्धि र जीवनस्तामा सुधार ल्याउन मद्दत गर्नुपर्छ । यसरी प्रोत्साहन गर्न यस समूहका व्यक्तिहरूका लागि स्थानीय कानूनमा विशेष सुविधा, प्रोत्साहनका व्यवस्था गर्न सकिन्छ । बिभिन्न सिपमुलक तालिमको व्यवस्था, सुरु लगानीमा सहयोग, प्रशासनिक कार्यमा सरलता, विभिन्न शुल्क, कर आदिमा सहुलियत, छुट दिने तथा बजार प्रवर्द्धनमा सहयोग जस्ता कार्य गरी स्थानीय उद्योगमा लैङ्गिक समानता, अपाङ्गता तथा समाजिक समावेशीकरण वृद्धि गर्न सकिन्छ । स्थानीय उद्योगमा लैङ्गिक समानता, अपाङ्गता तथा समाजिक समावेशीता सुनिश्चित गर्न यस विषयमा स्थानीय सरकारले निर्माण गर्ने ऐनमा देहायका लगायतका व्यवस्था गर्न सकिन्छ :

१) **उद्योगलाई प्रदान गरिने छुट, सुविधा वा सहुलियत**

- महिला, दलित, सिमान्तकृत र 'ग' श्रेणी सम्मको अशक्तता भएका अपाङ्गता भएका उद्यमीको मात्र स्वामित्व रहने गरी उद्योग दर्ता गराएमा त्यस्तो उद्योग दर्ता गर्दा प्रचलित कानून बमोजिम लाग्ने उद्योग दर्ता दस्तुरमा छुट व्यवस्था,
- महिला, दलित, सिमान्तकृत र 'ग' श्रेणी सम्मको अशक्तता भएका अपाङ्गता भएका उद्यमीको मात्र स्वामित्व रहने गरी उद्योग दर्ता गराएमा त्यस्ता उद्योगलाई बिउ पुँजी (सिड क्यापिटल) को रूपमा स्थानीय सरकारले निर्णय गरी अनुदान उपलब्ध गराउने,
- अपाङ्गमैत्री भौतिक संरचनाहरू तयार गर्न प्रोत्साहित गर्ने व्यवस्था समावेश गर्ने ।

२) **स्थानीय उद्योग प्रवर्द्धन समितिको गठन**

स्थानीय उद्योगको व्यवस्थापनमा सम्बन्धमा नीति निर्माणका लागि गठन हुने स्थानीय उद्योग प्रवर्द्धन समितिमा महिला, सिमान्तकृत अपाङ्गता भएका व्यक्तिहरूको सम्मानजनक सहभाागिता सुनिश्चित गर्नुपर्दछ ।

३) **औद्योगिक जनशक्ति**

उद्योगलाई आवश्यक पर्ने जनशक्तिहरू कार्य प्रकृति हेरी महिला, सिमान्तकृत अपाङ्गता भएका व्यक्तिहरूलाई समेत नियुक्त गर्न प्रोत्साहित गर्नुपर्दछ ।

४) **कोष व्यवस्थापन**

अन्य विषयको कोषका अतिरिक्त महिला, सिमान्तकृत तथा अपाङ्गता भएका व्यक्तिहरूको उद्यमशीलताको लागि अलग्गै कोष निर्माणका ध्यान दिनु पर्दछ ।

५) **बजार प्रवर्द्धन**

महिला, सिमान्तकृत तथा अपाङ्गता भएका व्यक्तिहरू उद्यमी रहेको उद्योगहरूको उत्पादनको बजार प्रवर्द्धन गर्न सघाउने आवश्यक व्यवस्था गर्नुपर्दछ ।

# भाग - १३
# स्थानीय उद्योगको व्यवस्थापन र विज्ञापन

उद्यमीले आफ्नो व्यापार व्यवसाय प्रवर्द्धन गर्ने उद्देश्यले कुनै वस्तु सेवा, कार्यक्रम वा अवसरका सम्बन्धमा विभिन्न माध्यमद्वारा सार्वजनिक रूपमा प्रचार प्रसार गर्ने उद्देश्यले गर्ने कार्य विज्ञापन भनिन्छ । यस अन्तर्गत किताब, समाचारपत्र, समाचारपत्रिका, अन्य पत्रपत्रिका र लिखतपत्र समेतका कुनै पनि प्रकाशनका माध्यमद्वारा आफ्नो व्यापार व्यवसाय प्रवर्द्धन गर्ने, व्यापार व्यवसाय प्रवर्द्धन तथा सार्वजनिक हित सम्बन्धी विषयमा जानकारी गराउने उद्देश्यले तयार पारिएको शब्द, वाक्य, चित्र, तस्विर, सङ्केत, पोष्टर, पर्चा, प्रकाश, चिन्ह, संरचना वा जुनसुकै किसिमको श्रव्य, दृश्य, श्रव्यदृश्य वा यस्तै प्रकारका आम जनताले जानकारी पाउन सक्ने गरी छापा, विद्युतिय माध्यम, दुरसञ्चार सेवा, अनलाइन सामाजिक सञ्जाल, होडिङ्गबोर्ड, बेलुन वा कुनै संरचना लगायतका जुनसुकै माध्यमबाट गरिएको प्रचार प्रसार पर्दछन् सम्झनुपर्छ । स्थानीय उद्यमीले गर्ने गराउने विज्ञापनमा देहायका कुराहरू ख्याल गर्नुपर्दछ :

- प्रचलित कानूनको पालना गर्नुपर्दछ,
- विज्ञापन उत्पादन गर्दा मौलिकतलाई ध्यान दिनु पर्दछ,
- सृजनशीलतालाई प्रोत्साहन गर्ने नीति लिनु पर्दछ,
- अरुको नक्कल गरी निर्माण गर्ने अनि आफ्नो सृजना भन्ने गर्नु हुँदैन,
- विदेशी निःशुल्क टेमप्लेटहरूको प्रयोग गर्नु हुँदैन,
- श्रष्टा तथा सर्जकलाई उचित पारिश्रमिक उपलव्ध गराउनु पर्दछ,
- दोहोरो अर्थ लाग्ने वा भ्रम सृजना गर्ने विज्ञापन निर्माण तथा उत्पादन गर्न गराउनु हुँदैन,
- उपभोक्ताको हित संरक्षण नहुने खालका विज्ञापन निर्माण तथा उत्पादन गर्नु हुँदैन,
- महिला, बालबालिका, जेष्ठ नागरिक लगायत समाजका विभिन्न जात, जाति, भाषा, भाषी वर्ग र क्षेत्रलाई होच्याउने, अरुभन्दा कमजोर देखाउने वा उनीहरूको आत्म सम्मानमा ठेस लाग्ने खालका विज्ञापन उत्पादन गर्नु गराउनु हुँदैन,
- आधिकारिक र प्रामाणिक सूचना मात्र सम्प्रेषण गराउनु पर्दछ,
- आफ्नो उत्पादनको मात्र व्याख्या गर्ने अरुको बारेमा भ्रम सृजना हुने गरी विज्ञापन गर्न हुँदैन,
- विज्ञापनदाताले आफ्नो परिचय स्पष्ट खुल्नु पर्दछ,
- सचेत गराउनुपर्ने सूचनालाई स्पष्ट देखिने गरी प्रयोग गर्नु पर्दछ,
- वस्तु वा सेवाको गलत वा भ्रामक अष्पष्ट विज्ञापन वा प्रचार प्रसार गर्न हुँदैन,

# अनुसूची १

## असल तथा सफल उद्यमी व्यवसायीमा हुनुपर्ने गुण एवं विशेषताहरू

### १.१ गुणहरू

**(क) मध्यम खालको जोखिम लिन सक्ने**

उद्योग व्यवसाय गर्दा सफलै भइन्छ भन्ने कुनै ग्यारेन्टी हुँदैन । व्यवसायमा सफल वा असफल हुनु आ-आफ्नो खुबी क्षमता र अवस्थामा भर पर्दछ । भविष्यमा हुन सक्ने नाफालाई ध्यानमा राखी वर्तमान अवस्थामा गरिने उद्यमी व्यवसायीको लगानीमा जोखिम हुन्छ। कुनै व्यवसायमा बढी जोखिम हुन्छ भने कुनैमा कम र कुनैमा मध्यम जोखिम हुन्छ। बढी, घटी वा मध्यम जोखिम उद्यमीका आ-आफ्नै क्षमता अनुसार निर्धारण हुन्छ। यस्ता कार्यमा व्यक्तिको सीप क्षमता भन्दा बढी आत्मविश्वास जस्ता कुराहरूले प्रभाव पनि पारेको हुन्छ। समामान्यतया सफल उद्यमीहरू मध्यम खालको जोखिम लिने गर्दछन् । जसमा उनीहरूको खुबी क्षमता वा सीपको महत्वपूर्ण भूमिका रहन्छ ।

**(ख) आत्मविश्वास**

“आफैंमा विश्वास छैन भने अरु कसैले विश्वास गर्न सक्दैन” भन्ने भनाइ व्यवहारिक प्रचलनमा स्थापित छ । उद्यमीहरू आफ्नो खुबी र क्षमताप्रति बढी विश्वास गर्दछन् । उनीहरू अरुसँग प्रतिस्पर्धा गर्न डराउँदैनन् त्यसैले त अरुले कठिन देखेको काम पनि उद्यमीहरू सजिलैसँग गरिदिन्छन् । जोसँग आत्मविश्वास छैन, जो अरुको भरमा काम गर्छ त्यस्ता व्यक्तिहरू काम बिग्रेमा अरुलाई वा भाग्यलाई दोष दिने गर्दछन् तर उद्यमीहरू आफ्नो काम असफल हुनुको कारण खोज्दछन् र त्यो पत्ता लगाई अरु बढी आत्म विश्वासका साथ काम गर्दछन् । आत्म विश्वासिलो हुनमा विभिन्न कारणहरूले प्रभाव पारेको हुन्छ । विषयवस्तुको बारेमा जानकारी हुनु, अरुबाट हौसला वा समर्थन प्राप्त गर्नु जस्ता कुराहरूले आत्मविश्वास बढाएको हुन्छ ।

**(ग) लक्ष्य निर्धारण**

सफल उद्यमीले कुनै पनि कार्य गर्दा योजनाबद्ध रूपमा गर्दछ । सफल उद्यमीले आफूले के काम गर्ने, कहिले गर्ने, त्यो काम पूरा गर्न केके कार्यक्रम गर्नु पर्दछ भन्ने कुराहरूमा स्पष्ट रूपमा अल्पकालीन, मध्यम वा दीर्घकालीन लक्ष्य निर्धारण गरी कार्य गर्दछन् । लक्ष्य निर्धारण गरिसके पछि

त्यसलाई पूरा गर्ने योजना बनाउनु पर्ने हुन्छ भने सो प्राप्त गर्ने क्रममा को-कसबाट कसरी सहयोग लिनुपर्दछ भन्ने बारेमा पनि जानकारी हुन आवश्यक हुन्छ ।

**(घ) सूचनाको खोज**

आफ्नो उद्योग व्यवसायसँग सम्बन्धित सूचना वा जानकारीको बारेमा उद्यमीहरूले धेरै चासो राख्नु पर्दछ । आफ्नो ग्राहकहरू को हुन, उनीहरूको रुचि कस्तो वस्तुमा छ, बजारमा कस्ताकस्ता वस्तुहरूको प्रवेश हुँदैछ, कस्ता उद्योगहरू स्थापना हुँदैछन्, सरकारी नीति नियमले के प्रभाव पार्दैछ आदि कुराहरूका बारेमा एउटा सफल उद्यमी सधैं चनाखो हुनुपर्छ ।

**(ङ) सृजनशील**

एउटा उद्यमी सधैं आफूले गरेको कामप्रति सन्तुष्ट भएर बस्दैन । ऊ सधैं नयाँ नयाँ तरिका र हिजो भन्दा आज बढी राम्रो काम कसरी गर्ने भन्ने बारेमा सोच्दछ । तपाई हामी सबैले देखेको कुरा हो कि बजारमा नयाँ नयाँ वस्तुहरूको प्रवेश भइरहेको हुन्छ भने पूराना वस्तुहरू पनि विभिन्न रूपमा परिमार्जित गरिदै लगेका हुन्छन् । बदलिदो अवस्थामा ग्राहकहरूको इच्छा अनुसार वस्तुको उत्पादन गर्नु, अरुको भन्दा राम्रो बनाउने क्रममा नयाँ वस्तुको आविष्कार गर्नु र भइरहेको इच्छा अनुसार वस्तुको विकास गर्नु एउटा सफल उद्यमीका विशेषताहरू मध्ये मानिन्छन् । बजारमा त्यस्ता उद्यमी सफल हुन्छन्, जसले ग्राहकको रुचि अनुसार नयाँ वस्तुको सिर्जना गर्न सक्छ र भइरहेका वस्तु परिमार्जित गर्दै जान्छ । अर्थात् प्रतिस्पर्धात्मक बजारमा त्यस्ता उद्यमी बढी सफल हुन्छन् जो सृजनशील हुन्छन् ।

**(च) धैर्यता**

उद्योग व्यवसाय भनेको त्यस्तो पेसा हो, जसले रातारात धनी बनाउँदैन । यसबाट त लामो समयसम्म आफ्नो धैर्य, मेहनत र परिश्रम लगाएर मात्र धन र मान आर्जन गर्न सकिन्छ । उद्योग स्थापना गर्नासाथ सफल भइन्छ भन्ने ग्यारेन्टी नहुने हुँदा सुरुमा असफल भएपनि असफल हुनाका कारण खोज्दै धैर्यताका साथ अघि बढ्नुपर्ने हुन्छ । त्यसैले जोसँग धैर्यता छैन उसको लागि उद्योग व्यवसाय पेसा उपयुक्त नहुन पनि सक्दछ ।

**(छ) निर्णय लिने क्षमता**

एउटा उद्यमीलाई आफ्नो उद्योग व्यवसायको स्थापना र सञ्चालन गर्ने क्रममा विभिन्न समस्याहरू आइपर्दछन् र ती समस्याहरूको समाधानको लागि उचित समयमा उचित प्रकारको निर्णय गर्नुपर्ने हुन्छ । आफ्नो एउटै

निर्णयले उद्योगको भविष्य सपार्न वा बिगार्न सक्दछ। त्यसैले एउटा उद्यमीले समस्यादेखि डराउने होइन, निर्णय गर्न नसकी सोचेर मात्र समय खेर फाल्ने होइन, बरु समय अनुसार उचित प्रकारको निर्णय गर्न सक्नुपर्दछ।

**(ज) विगतको अनुभवबाट सिक्ने**

एउटा उद्यमी जो आफ्नो सेवा वा वस्तुको बिक्रीबाट मुनाफा आर्जन गर्न चाहन्छ, ऊ आफ्ना वस्तु वा सेवाको बारेमा धेरै गुनासावा सुझावहरू सुन्न हुनुपर्दछ। यस्ता गुनासा वा सुझावहरूबाट हतोत्साहित हुने भन्दा त्यसलाई मार्गदर्शनको रूपमा लिई कार्य गर्नुपर्ने हुन्छ। वस्तु वा सेवाको बारेमा प्राप्त हुने गुनासा र सुझाव मात्र हैन एउटा उद्यमीलाई आफूले विगतमा गरेका कामहरू, निर्णयहरू व त्यसका सफलता र असफलताले पनि भविष्यको मार्गदर्शन गरिरहेकै हुन्छ।

## १.२ एउटा सफल उद्यमी व्यावसायिका विशेषताहरू

- मेहनती
- अनुभवी
- मृदुभाषी
- सहनशील
- बफादारी
- बजार व्यवस्थापनको विचार गर्न सक्ने तथा समाजको मागपूर्ति गर्ने
- व्यवसायप्रति आत्मविश्वासको भावना भएको
- घाटा नाफाको लेखाजोखा गर्न सक्ने
- उद्देश्य अनुरूप काम गर्ने
- व्यवसायप्रति पूर्ण ज्ञान भएको
- सिर्जनशील विचार भएको
- व्यावसायिक रूपमा प्रतिस्पर्धा गर्न सक्ने
- जोखिममा मध्यम स्तर रोज्ने
- गुणस्तरप्रति सजग
- सूचनाको खोज गर्ने
- नरिसाउने र नझोक्किने बानी
- धैर्यता लिन सक्ने
- समय र परिस्थिति अनुसार वस्तुस्थितिको विश्लेषण गर्न सक्ने
- योजना बनाउन जान्ने
- समय सापेक्ष चल्न सक्ने

- सहयोगी भावना भएको
- अरुबाट सिक्न सक्ने
- आफ्नो क्षमताको पहिचान गर्न सक्ने
- जोखिम वहन गर्न सक्ने
- लक्ष्य निर्धारण गरी काम गर्ने
- समझदारी भावना भएको
- स्थानको पहिचान गर्न सक्ने
- व्यवसाय छनौट गर्न जान्ने
- कार्यप्रति दृढ भएको
- अरुबाट काम लिन र सम्बन्ध राख्न सक्ने ।

# अनुसूची २

## स्थानीय तहको संगठन संरचनामा उद्योग व्यवसायको प्रावधान र कार्य विवरण



स्थानीय तहहरूको संगठन संरचना अध्ययन गर्दा उद्योगको विषयलाई सम्बोधन गर्नको लागि छुट्टै महाशाखा वा शाखाको व्यवस्था भएको देखिदैन । उद्योगलाई कुनै स्थानीय तहमा पर्यटनसँग जोडेर संगठन संरचनामा समावेश गरिएको छ भने कुनै स्थानीय तहमा वाणिज्य र कुनैमा वाणिज्य तथा आपूर्तिसँग जोडेर राख्ने व्यवस्था गरिएको छ । प्रायः स्थानीय तहले उद्योगको विषयलाई कुनै तवरले समेटेको पाइन्छ, यस्लाई राम्रो पक्षको रूपमा लिनु पर्दछ ।

उद्योग हेर्ने शाखाका कार्य विवरण देहाय बमोजिम प्रस्तुत छ । यस कार्य विवरणलाई आधार मानी स्थानीय तहहरूले उद्योग सम्बन्धी विषयमा कार्य विवरण तयार गर्न सघाउ पुग्नेछ ।

- लघु, घरेलु तथा साना उद्योगको दर्ता, नवीकरण, खारेजी र नियमन सम्बन्धी कार्य,
- लघु, घरेलु तथा साना उद्योगको दर्ता, नवीकरण, खारेजी र नियमन तथा लघु, घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धन,
- 'घ' वर्गको लाइसेन्स उपलब्ध गराउने प्रक्रिया अगाडि बढाउन टिप्पणी लेख्ने र नवीकरण गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने,
- ढुङ्गा, गिटी, बालुवा, माटो, नुन, स्लेट, खरीढुङ्गा, फायरक्लेजस्ता खानीजन्य वस्तु सर्वेक्षण, अन्वेषण, उत्खनन्
- ढुङ्गा, गिट्टी, बालुवा, माटो, खरीढुङ्गा, फायरक्ले, स्लेट तथा नुन, आदि खानीजन्य वस्तुको संरक्षण, विकास, उत्खनन् र उपयोग सम्बन्धी दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन,
- खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन, अभिलेखन तथा व्यवस्थापन,
- लघु, घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धन सम्बन्धी कार्य,
- सीप विकास सम्बन्धी कार्यको प्रवर्द्धन सम्बन्धी कार्य,

- उपभोग्य उद्योगको उत्पादन तथा अत्यावश्यक वस्तु र सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमन सम्बन्धी नीति, कानून र मापदण्ड सम्बन्धी कार्य,
- सीप विकास सम्बन्धी उद्योगको स्थापना र प्रवर्द्धन सम्बन्धी कार्य,

# अनुसूची ३

**स्थानीय स्तरमा सञ्चालन हुन सक्ने उद्योग सम्बन्धी योजनाहरू विषयमा लिनुपर्ने नीतिहरू**



- उद्योग तथा वाणिज्य, स्थानीय श्रम, सीप र क्षमतामा आधारित आरन, सिलाइ कटाइ, डोको, डालो आदि जस्ता परम्परागत पेसाहरूलाई आधुनिकीकरण गरी व्यावसायिक बनाइने छ,
- उक्त व्यवसायको लागि व्यवस्थापकीय तालिम प्रदान गरिनेछ,
- वन पैदावारमा आधारित उद्योग सञ्चालनलाई प्रोत्साहन गरिनेछ,
- कृषि उपज प्रशोधन केन्द्रहरू स्थापना गरिनेछ, प्रशोधित उपभोग्य सामग्रीहरूको बजारीकरण गर्न आवश्यक पहल गरिनेछ,
- वैदेशिक रोजगारमा रहेका युवाहरूलाई कृषि तथा पशुपालनको क्षेत्रमा लगानीको लागि प्रोत्साहन गरिनेछ,
- औद्योगिक ग्राम स्थापना गरिनेछ । औद्योगिक ग्रामभित्र उद्यम व्यवसाय सञ्चालन गर्न चाहने व्यवसायीहरूलाई मेसिन औजारमा अनुदानको व्यवस्था गरिनेछ,
- घरेलु तथा साना उद्योग विकासका लागि आवश्यक प्रोत्साहन गरिने र स्थानीय उत्पादनको उपभोग र प्रवर्द्धनमा जोड दिइनेछ,
- घरेलु तथा साना उद्योग स्थापनाका लागि आवश्यक पर्ने मेसिन तथा औजारमा अनुदान दिइनेछ,
- परम्परागत रूपमा सञ्चालनमा रहेका आरन, सिलाइ कटाइ, जुत्ता सिलाई व्यवसायलाई प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ,
- परम्परागत रूपमा रहेको सिप प्रयोग गरी उत्पादित वस्तुहरू जस्तैः डोका, नाम्ला, नाङ्लो, डाला, मान्द्रा, थुङ्से, दाम्ला, हला, जुवा लगायत स्थानीय कच्चा पदार्थ प्रयोग गरी उत्पादित सम्पूर्ण सामग्री स्थानीय तहले खरिद गरी कोसेली घर मार्फत बजारिकरण गरिनेछ,
- स्थानीय तक भित्र खनिजजन्य उद्योग सम्भाव्यताको खोज अनुसन्धानका लागि नेपाल सरकार, प्रदेश सरकारसँग समन्वय गरिनेछ,



- फर्निचर र फर्निसिङ्गका सामग्रीहरू स्थानीय उत्पादनलाई प्राथमिकता दिइन्छ साथै नेपाली काठ प्रयोग गरेको फर्निचर सामग्री खरिदका लागि प्राथमिकता दिइनेछ,
- सम्भावित फलाम तथा तामा लगायतका खानीहरूको खोज अनुसन्धानका लागि प्रदेश तथा संघीय सरकारसँग आवश्यक समन्वय गरिनेछ ।
- लघु उद्यम विकास कार्यक्रम सञ्चालन गरी युवाहरूलाई बजारको माग र युवाको चाहना अनुसारको सिप विकास तालिम सञ्चालन गरिनेछ,
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमसँग साझेदारी गरिनेछ,
- दलित, महिला, अपाङ्ग र जनजातीहरूद्वारा सञ्चालिन घरेलु उद्योगहरूको लागि अनुदानमा प्राथमिकता दिईनेछ ।

# अनुसूची ४

## स्थानीयतहले वार्षिक योजनामा समेट्न सकिने उद्योग व्यवसाय

१) **घरेलु उद्योगहरू**

- ह्याण्ड लुम, पेडल लुम, सेमी - अटोमेटिक लुम, कपडा वार्पिङ, परम्परागत प्रविधिबाट गरिने रंगाइ, छपाइ, सिलाइ (तयारी पोसाक बाहेक) र बुनाइ,
- उन र रेशममा आधारित हाते बुनाइका राडी, पाखी, गलैंचा, पस्मिना, पोसाक, हाते कागज र सो मा आधारित वस्तु,
- परम्परागत कलामा आधारित वस्तु तथा परम्परागत मूर्तिकला,
- तामा, पित्तल, ढलौट, कांस र सिल्भर जस्ता धातुबाट हस्त निर्मित भाँडावर्तन तथा हस्तकला सामान,
- फलामबाट बनेका हस्त निर्मित भाँडावर्तन तथा घरायसी प्रयोगका चक्कु, चुलेसी, खुकुरी, हँसिया, कुटो, कोदालो जस्ता परम्परागत औजारहरू,
- सुन चाँदीबाट हस्त निर्मित गरगहना, वस्तु, भाँडावर्तनहरू (बहुमूल्य, अर्ध-बहुमूल्य तथा साधारण पत्थर जडान भएका समेत),
- स्वदेशमा उपलब्ध किमती, अर्ध किमती तथा साधारण पत्थर कटाई उद्योग, ग्रामीण छालाबाट हस्त निर्मित वस्तुहरू,
- जुट, घाँस, चोया, बाबियो, सुति धागो, अल्लो आदि प्राकृतिक रेशामा आधारित उद्योग,
- पत्थरकला (ढुङ्गा कुंदी बनाइएका सामानहरू),
- पौभा, थान्का चित्र र अन्य परम्परागत चित्रकला,
- मुकुण्डो (मास्क) तथा परम्परागत साँस्कृतिक दर्शाउने पुतली र खेलौना,
- परम्परागत संस्कृति, बाजागाजा र कला दर्शाउने विभिन्न प्रकारका हस्तकलाका वस्तु,
- काठ, हाड, सिङ् तथा माटो, चट्टान र खानिजका कलात्मक वस्तुहरू, सेरामिक्स तथा माटाका भाँडाकुँडा,
- हातले बनाउने इँटा उद्योग ।

२) **ऊर्जामुलक उद्योग**

- जलस्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल र इन्धन वा ग्यास, वायोमास वा अन्य स्रोतहरूबाट ऊर्जा उत्पादन गर्ने उद्योग, त्यस्तो ऊर्जा उत्पादन गर्न प्रयोग गरिने



मेसिन/उपकरण निर्माण गर्ने उद्योग,

३) **कृषि तथा वन पैदावार आधारित उद्योग**

- फलफुल खेती वा फलफुल प्रशोधन,
- खाद्यवस्तु प्रशोधन,
- पशुपालन, पंक्षीपालन (अस्ट्रिच समेत), पशुपंक्षी प्रजनन र मासु उत्पादन तथा प्रशोधन,
- मत्स्यपालन, माछाभुरा उत्पादन, प्रशोधन एवं प्याकेजिंग,
- रेशम खेती तथा रेशम प्रशोधन,
- चिया बगान, चिया प्रशोधन,
- कफी खेती, कफी प्रशोधन,
- तरकारी बिउ,



- तरकारी खेती, तरकारी प्रशोधन,
- हरित गृह स्थापना र सञ्चालन,
- मौरीपालन (मौरी प्रजनन्, मह उत्पादन र प्रशोधन)
- पुष्प खेती, पुष्प प्रशोधन (माला बनाउने, सजावट गर्ने, गुच्छा बनाउने र बिउ बिजन उत्पादन समेत, नर्सरी व्यवसाय,
- रबर खेती, रबरको प्रारम्भिक प्रशोधन र सञ्चालन, र शित भण्डार,
- नगदेबाली व्यावसायिक खेती तथा प्रशोधन (जस्तैः उखु, कपास, सनपट, सजीवन, स्विट सरघम, सुर्ती, जुट, अलैंची, अदुवा, केशर, तेलहन र यस्तै मसलाबाली, दलहन आदि बेत बाँस खेती र बेत बाँसजन्य उत्पादनहरू,
- वनस्पति उद्यान स्थापना र व्यवस्थापन, वनस्पति प्रजनन् व्यवसाय (टिस्यु कल्चर समेत), बिउबिजन प्रशोधन,
- अन्य गैर काष्ठजन्य वन पैदावारमा आधारित ।

४) **पर्यटन उद्योग**

- पर्यटन आबस, मोटेल, होटेल, रीजोर्ट तथा रेस्टुराँ,
- ट्राभल एजेन्सी, टुर अपरेटर, हिलिंग सेन्टर, क्यासिनो, मसाज स्पा,
- साहसिक पर्यटन (स्किंग, ग्लाईपडिङ्ग, ऱ्याफ्टिङ, हट एअर ब्यालुनिङ, क्यानोनिङ, प्यारा सेलिङ, घोडाचढी, बन्जी जम्पिङ, हिमाल आरोहङ र अवलोकन)
- गल्फ कोर्स, पोलो, पोनी ट्रेकिङ्ग, पदयात्रा,

- ग्रामीण पर्यटन; होम स्टे तथा पर्यावरणीय पर्यटन,
- मनोरञ्जन पार्क,
- माउन्टेन फ्लाइट सञ्चालन ।

**५) सूचना सञ्चार प्रविधिमा आधारित उद्योग**

**क) सूचना प्रविधि उद्योग**



- टेक्नोलोजी पार्क,
- आइ.टी. पार्क,
- बायोटेक पार्क,
- सफ्टवेयर विकास,
- कम्प्युटर तथा सम्बन्धित सेवाहरू,
- तथ्याङ्क प्रशोधन,
- साइबर क्याफे,
- डिजिटल म्यापिङ ।

**ख) सूचना, प्रसारण प्रविधिमा आधारित उद्योग**

- एफ.एम. रेडियो, डिजिटल रेडियो सेवा,
- डिजिटल भू-सतही टेलिभिजन, स्याटेलाईट टेलिभिजन, केबुल टेलिभिजन,
- अनलाईन सेवा,
- डिजिटल केबुल टिभी नेटवर्क,
- रेकोर्डिङ्ग स्टुडियो, प्रसारण स्टुडियो,
- प्रिन्ट मिडिया उद्योग, अडियो भिजुअल सामग्री उत्पादन उद्योग, विज्ञापन निर्माण उद्योग,
- सिनेमा उत्पादन, सिनेमाहल, मल्टिप्लेक्स सिनेमा हाल, फिल्म सिटी निर्माण, फिलम स्टुडियो निर्माण ।

**६) विविध**

केही स्थानीय तहहरूको वार्षिक योजनामा समावेश गरिएका उद्योग सम्बन्धी योजनालाई आधार लिई देहायका विविध योजनाहरू प्रस्तुत गरिएको छ ।

- छापाखाना उद्योग,
- स्वदेशी वस्त्र उद्योग एवं शोरुम,
- टायल उद्योग,
- कापी उद्योग,

- सिमेन्ट ब्लक उद्योग,
- इटा उद्योग,
- होजियारी उद्योग,
- कुटानी पिसानी मिल (ठूलो),
- कुटानी पिसानी मिल (सानो),
- जुत्ता उद्योग,
- भाडा उद्योग,
- स्टिल फर्निचर,
- तयारी पोसाक,
- फर्निचर तथा काष्ठ,
- पोल्ट्री फम,
- सः मिल,
- ग्रिल उद्योग,
- पाउरोटी उद्योग,
- ढुङ्गा गिट्टी बालुवा खानी ठूलो,
- ढुङ्गा गिट्टी बालुवा खानी सानो,
- फ्लेक्स प्रिन्टिङ्ग,
- पानी भट उद्योग,
- वहुउद्देश्य पेय पदार्थ उद्योग,
- हलुका पेय पदार्थ उद्योग (कोकाकोला, पेप्सीकोला बाहेक),
- डेरी उद्योग,
- जुत्ता, चप्पल उद्योग,
- खाद्यन्न सामग्री उद्योग, (चकलेट, मिश्री चाउचाउ, नुडल्स, पापड, चिप्स अचार समेत),
- कार्पेट, गार्मेन्ट, पस्मिना, हेनलुम, भ्कुल स्वीटर उद्योग,
- प्लाष्टिक उद्योग/ईलेक्ट्रिक सामग्री उद्योग,
- साना घरेलु उद्योग (हेण्डीक्राफ्ट),
- कापी किताब उद्योग,
- मास्क उद्योग ।

# अनसूची ५

## लघु उद्यम विकास मोडेल

यो मोडेल सम्भाव्य बजार, उद्यमीहरूको माग र उद्यम विकासको सम्भावनाको आधारमा उद्यम विकास गरिने अवधारणामा आधारित छ । यस मोडेल अनुसार कुनै पनि क्षेत्रमा उद्यम विकास गर्नका लागि तीनवटा पक्षहरूको विश्लेषण गरिनु पर्दछ, जस अन्तर्गत लक्षित समूहको चाहना, उनीहरूको चाहना बमोजिमको उद्यमको लागि आवश्यक स्रोत स्थानीय स्तरमै उपलब्धता र सम्भावित उद्यमबाट उत्पादन हुने वस्तुको बजारको सम्भाव्यता पर्दछन् । यस अवधारणामा मुख्यगरी बजार मागको अवस्थालाई विश्लेषण गरी बजारको सुनिश्चतताको आधारमा मात्र उद्यम विकासको लागि थप प्रक्रियाहरू गर्ने गरिन्छ । उद्यम विकासका लागि उद्यमीहरूको माग, बजार सम्भाव्यता, कच्चा पदार्थमा आधारित रहेर उद्यम विकासको सम्भाव्यता हेरेर मात्र उद्यम विकासको कार्यक्रमहरू सुरु गरिन्छ । विगतको अनभुवबाट प्रमाणित भइसकेका प्रक्रियाहरू जस्तै उद्यम विकासका लागि सामाजिक परिचालन, उद्यमशीलता विकास, सीपमलक तालिम, वित्तमा पहुँच, उपयुक्त प्रविधि, बजारीकरण, गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम र उद्यमको स्तरोन्नतिका साथै उद्यम विकासका लागि नीतिगत वातावरण निर्माणमा निरन्तर जोड दिन पर्नेछ ।

लघु उद्यम विकास मोडेल अनुसार उद्यमशीलता विकासका लागि चरणबद्ध रूपमा विभिन्न ६ वटा चरणहरूमा व्यावसायिक सेवा प्रदान गर्नुपर्ने हुन्छ । यी चरणहरूमा गरिने कार्यहरूको विवरण छोटकरीमा तल प्रस्तुत गरिएको छ ।

### क) उद्यम विकासका लागि सामाजिक परिचालन

यस चरणमा उद्यम गर्न इच्छुक समुदायका घर परिवारका सदस्यलाई उद्यमी समूहमा आबद्धता गराई उद्यमसँग सम्बन्धित पक्षहरूको बारेमा छलफल गर्ने, उद्यम स्थापनाको लागि उत्प्रेरित तथा क्षमतावान बनाउन सहयोग गरी नेतृत्व विकास गर्ने कार्य गरिन्छ । यसका अतिरिक्त उद्यम विकासका लागि सम्भाव्य स्रोतहरूको विश्षण गर्ने, सम्भावित उद्यमीहरू छनौट गर्ने तथा बजारका सम्भावनाका क्षेत्रहरूको पहिचान गर्ने जस्ता कार्यहरू समेत गरिन्छ ।

### ख) उद्यमशीलता विकास

सम्भावित उद्यमीहरूको छनौट पश्चात उनीहरूलाई उद्यम गर्नका लागि तत्परता ल्याउन, जोखिम लिन, उद्यमशील सोच विकास गर्न, उद्यम गर्नका लागि उत्प्रेरणा गराउने लगायत व्यवसायलाई सुरु तथा सञ्चालन गर्नका लागि व्यावसायिक सीप समेत प्रदान गरिन्छ । उद्यमशीलता विकासका लागि अन्तर्राष्ट्रिय

श्रम सङ्गठन ले तयार गरेको उद्यमशीलता विकास प्याकेज सम्बन्धी “आफ्नो व्यवसाय सुरु तथा सुधार गर्नुहोस (Start and Improve Your Business, SIYB) तालिम’’ प्रदान गरिन्छ । यस प्याकेज मा ४ प्रकारका तालिमहरू र क्रमशः Training of Starting Entrepreneurs (ToSE), Training of Existing Entrepreneurs (ToEE) / Training of Growth Enterprise (ToGE) प्रदान गरिन्छ । तालिमको अन्त्यमा सहभागिहरू उद्यम गर्नको लागि तयार भई उद्यमको छनौट गरी त्यसको सुरुवात तथा व्यवस्थापन गर्नको लागि प्रशिक्षित हुन्छ । साथै छनौट गरेको उद्यमको व्यावसायिक योजना समेत तयार गरिन्छ, जसमा उद्यमको बजारको सम्भावना, बजार योजना, उत्पादन योजना, खर्च, कूल पुँजीको यकिन र यसको स्रोतको व्यवस्थापन तथा उद्यमको नाफा नोक्सानको विश्लेषण गरिन्छ ।

**ग) प्राविधिक सीप विकास तालिम**

सम्भावित उद्यमीले उद्यमशीलता विकास तालिम पश्चात उद्यमको छनौट, आवश्यक कच्चा पदार्थको लेखाजोखा, व्यावसायिक योजनाको निर्माण र उद्यम गर्न चाहिने पुँजीको कसरी व्यवस्थापन गर्ने भन्ने सोचको विकास पश्चात मात्र प्राविधिक सीप विकासको तालिम प्रदान गरिन्छ । व्यावसायिक योजनाको आधारमा छनौट भएका उद्यमको लागि चाहिने आवश्यक प्राविधिक सीप विकास प्रदान गरिन्छ । नतिजामूलक सीप विकास तालिम प्रदान गरिने हुँदा तालिम पश्चात उद्यमीहरूमा गुणस्तरीय वस्तु तथा सेवाहरू उत्पादन गर्न सक्ने प्राविधिक सीप क्षमताको विकास हुन्छ । परम्परागत सीपमा आधारित उद्यमको छनौट गरेको अवस्थामा पनि थप सीप विकास तालिमको व्यवस्था गर्नुपर्ने हन्छ ।

**घ) वित्तमा पहुँच**

व्यावसायिक योजनाको आधारमा आवश्यक कूल पुँजीका लागि स्वलगानी तथा ऋणको समेत आवश्यकता हुन्छ । उद्यमशीलता विकास भनेको व्यावसायिक जोखिम समेत लिन सक्ने क्षमता हुनेभएकोले उद्यमीहरू ऋण प्राप्त गर्न इच्छुक हुन्छ । यसका लागि वित्तीय सेवा प्रदायकहरूसँग समन्वय गराई ऋणको व्यवस्थापन गर्न सहजीकरण गरिन्छ । उद्यमशीलता विकासको तालिम दिँदा नै उद्यमीहरूलाई व्यवसाय सञ्चालन गर्न ऋण लिन पर्छ र वस्तु वा सेवा उत्पादन गरेर ऋण तिर्ने वा नाफा आर्जन गर्ने कुरामा उत्प्रेरणा गरिएको हुन्छ ।

**ङ) उपयुक्त प्रविधिमा पहुँच**

उपयुक्त प्रविधिले उद्यमीको उत्पादकत्वमा वृद्धि गर्नु, प्रतिस्पर्धीहरूबीच गुणात्मक

रूपमा प्रतिस्पर्धा गर्न सक्नु तथा उत्पादन लागतमा कमी ल्याउने कार्य गर्दछ। तसर्थ उद्यमको प्रकृतिको आधारमा उद्यमीहरूलाई उपयुक्त प्रविधिहरूको बारेमा जानकारी, पहुँच तथा त्यसको सञ्चालनका लागि सहजीकरण गरिन्छ। प्रविधिहरू लागत साझेदारीमा हस्तान्तरण गरिन्छ। सरकारी अनुदानको उचित प्रयोगको लागि उपयुक्त प्रविधिमा लगानी गर्नु पर्दछ।

**च) बजारीकरण तथा व्यावसायिक परामर्श**

उद्यमीले उत्पादन सुरु गरे पश्चात उत्पादित वस्तुको बजारीकरण गर्नु सबैभन्दा महत्वपूर्ण पक्ष हो। यसका लागि उत्पादित वस्तुहरूको Buy Back Guarantee, Business to Business Linkage गर्ने लगायत बजार प्रवर्द्धनका लागि Grading, Packaging, Labeling, Branding जस्ता क्रियाकलापहरूमा समेत सहजीकरण गरिन्छ।

उल्लिखित छ वटा चरणहरूमा एकीकृत र क्रमबद्ध सेवा प्रवाह गरे पश्चात उद्यमशीलताको क्षमता विकास गरी सम्भाव्य लघु उद्यमीहरूलाई उद्यमीको रूपमा तयार गर्न सकिने मान्यता नै यस लघु उद्यम विकास मोडेलको उद्देश्य हो। नयाँ सिर्जना भएका उद्यमीहरूलाई उद्यमको सुरुवात पश्चात निरन्तर रूपमा अनुगमन गरी त्यसको आधारमा आवश्यक परामर्श तथा अन्य सेवाहरू प्रदान गर्दै उद्यमलाई स्तरोन्नति गरी दिगोपनको अवस्थामा पुर्‍याउन समेत यस मोडले सहयोग पुर्‍याँउदछ।

# अनसूची - ६

**.......................................................... नगरपालिका**

**स्थानीय उद्योग दर्ता, सञ्चालन, व्यवस्थापन र नियमन सम्बन्धी ऐनको ढाँचा**

**प्रस्तावना**

लघु, घरेलु र साना उद्योगको दर्ता नवीकरण, खारेजी, नियमन प्रबर्दधन र व्यवस्थापन संघीय तथा प्रदेश कानूनमा व्यवस्था भए बमोजिम स्थानीय तहले गर्ने सक्ने अधिकार भएकोले सो कानूनी व्यवस्थाको कार्यान्वयनको लागि स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को अधिकार प्रयोग गरी ............ नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद - १

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस ऐनको नाम "............ नगरपालिकाको स्थानीय उद्योग दर्ता, सञ्चालन, व्यवस्थापन र नियमन सम्बन्धी बिधेयक २०७८" रहेको छ ।

(२) यो ऐन नगर सभाबाट स्वीकृति भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "उद्योग नियमन शाखा" भन्नाले नगरपालिकाको स्थानीय उद्योग सम्बन्धी विषय हेर्ने शाखा वा इकाईलाई सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले ............ नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "घरेलु उद्योग" भन्नाले दफा ६ को उपदफा (१) खण्ड (ख) बमोजिमको उद्योगलाई सम्झनु पर्दछ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिएको बमोजिम सम्झनु पर्दछ ।

(ङ) “नगरपालिका” भन्नाले ............ नगरपालिकालाई सम्झनु पर्दछ ।

(च) “प्रमुख” भन्नाले नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(छ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ ।

(ज) “लघु उद्यम” भन्नाले दफा १६ को उपदफा (१) खण्ड (क) बमोजिमको उद्योगलाई सम्झनु पर्दछ ।

(झ) “वातावरणीय अध्ययन प्रतिवेदन” भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा यकिन गर्नुको साथै त्यस्तो प्रभावलाई कुनै उपायबाट निराकरण वा न्यूनीकरण गर्नका लागि अबलम्बन गरिने उपायको सम्बन्धमा विस्तृत रूपमा गरिने अध्ययन तथा मूल्यांकन सम्झनु पर्छ ।

(ञ) “स्थानीय उद्योग” भन्नाले स्थानीय तहले दर्ता, व्यवस्थापन र नियमन गर्ने उद्योगलाई जनाउँछ । सो शब्दले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेखित लघु, घरेलु तथा साना उद्योगलाई र संघीय तथा प्रदेश कानूनले स्थानीय तहले दर्ता, व्यवस्थापन र नियमन गर्ने भनि तोकेको उद्योगलाई समेत जनाउँछ ।

(ट) “समिति” भन्नाले दफा २८ बमोजिमको स्थानीय उद्योग प्रवर्द्धन समिति सम्झनु पर्छ ।

(ठ) “साना उद्योग” भन्नाले दफा १६ को उपदफा (१) खण्ड (ग) बमोजिमको उद्योगलाई सम्झनु पर्दछ ।

## परिच्छेद - २

## स्थानीय उद्योग दर्ता र नियमन

### ३. उद्योग दर्ता गर्नु पर्ने

(१) नगरपालिका भित्र स्थानीय उद्योगको स्थापना वा सञ्चालन गर्नका लागि यस ऐन बमोजिम दर्ता नगराई सञ्चालन गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित औद्योगिक व्यवसाय सम्बन्धी कानून बमोजिम दर्ता भइ नगरपालिका भित्र सञ्चालनमा रहेका स्थानीय उद्योग यस ऐन बमोजिम स्वतः दर्ता भएको मानिनेछ ।

(३) उपदफा (३) बमोजिम सञ्चालनमा रहेका उद्योगले यो ऐन प्रारम्भ भएको मितिले ६ महिनाभित्र उद्योग नियमन शाखामा अभिलेख गरी अद्यावधिक गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम दर्ता भएको उद्योगले नवीकरण गराउन उद्योग नियमन शाखामा निवेदन दिनु पर्ने छ ।

### ४. उद्योग दर्ता गर्न निवेदन दिनुपर्ने

(१) यस ऐन बमोजिम उद्योग स्थापना गर्न चाहने व्यक्तिले देहाय बमोजिमको विवरण र कागजात सहित तोकिएको ढाँचामा उद्योग नियमन शाखा समक्ष निवेदन दिनु पर्नेछ :-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) निवेदक फर्म वा कम्पनी भएमा फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) उद्योग रहने स्थानको नक्सांकन सहितको विवरण,

(घ) निवेदन दिन प्रतिनिधि नियुक्त गरेको भए सोको अख्तियारी पत्र,

(ङ) साझेदारी उद्योग स्थापना गर्न चाहेको भए साझेदार बीच भएको सम्झौताको प्रतिलिपि,

(च) उद्योग स्थापना गर्ने नगरपालिकाको सम्बन्धित वडाको सिफारिस,

(छ) तोकिएको अन्य आवश्यक कागजात ।

(२) उपदफा (१) बमोजिम निवेदन दिँदा उद्योग नियमन शाखाले निर्धारण गरे बमोजिम विद्युतीय माध्यमबाट समेत दिन सकिनेछ ।

### ५. उद्योग दर्ताको सिफारिस लिनुपर्ने

(१) स्थानीय उद्योग बाहेक अन्य उद्योग नगरपालिका भित्र दर्ता र सञ्चालन

गर्न चाहेमा त्यस्तो उद्योगले उद्योग दर्ता गर्ने निकायले तोकेको कागजात सहित उद्योग नियमन शाखामा सिफारिसका लागि तोकिए बमोजिम निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा कार्यपालिकाले तोकिए बमोजिम सिफारिस गर्न सक्नेछ ।

**६. उद्योग दर्ताको प्रमाणपत्र दिनुपर्ने**

(१) दफा ४ बमोजिम उद्योग दर्ताका लागि परेको निवेदन जाँचबुझ गर्दा आवश्यक विवरण तथा कागजात पूरा भएको देखिएमा निवेदन परेको १५ (पन्ध्र) दिनभित्र उद्योग नियमन शाखाले निवेदन माग भए बमोजिमको उद्योग दर्ता गरि तोकिए बमोजिमको ढाँचामा निवेदकलाई उद्योग दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन जाँचबुझ गर्दा थप विवरण वा कागजात आवश्यक देखिएमा सात दिनभित्र उद्योग नियमन शाखाले निवेदकलाई पेश गर्न लगाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम माग गरेको विवरण वा कागजात निवेदकले पेश नगरेमा वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको प्रक्रिया पूरा भएको नदेखिएमा उद्योग दर्ता गर्ने निकायले कारण खुलाई उद्योग दर्ताको निवेदन वा सिफारिस अस्वीकृत गर्न सक्नेछ र सोको जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम उद्योग दर्ताको प्रमाणपत्र दिँदा अन्य कुराका अतिरिक्त देहायका विवरणहरू समेत त्यस्तो प्रमाणपत्रमा खुलाउनु पर्नेछ;

(क) उद्योग दर्ताको प्रमाणपत्र जारी भएको मिति,

(ख) उद्योगले व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नुपर्ने अवधि,

(ग) उद्योगले पालना गर्नुपर्ने शर्तहरू,

(घ) उद्योगको प्रकृति अनुसार तोकिए बमोजिमका अन्य शर्तहरू ।

(५) उद्योग दर्ता गरेपछि प्रचलित कानून बमोजिम "वातावरणीय अध्ययन प्रतिवेदन" आवश्यक पर्ने भएमा सो कार्य सम्पन्न पछि मात्र उद्योग स्थापना, सञ्चालन, व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्नेछ ।

(६) यस दफा बमोजिम दर्ता भएको उद्योगले उद्योग दर्ता गर्ने निकायले समय समयमा दिएको निर्देशन तथा दर्ता प्रमाणपत्रमा उल्लेखित शर्तहरूको पालना गर्नु पर्नेछ ।

## ७. वातावरणमा प्रतिकूल असरको निराकरण गर्नुपर्ने

(१) उद्योग सञ्चालनको क्रममा वातावरणमा पर्न सक्ने प्रतिकूल असरको निराकरण गर्ने जिम्मेवारी सम्बन्धित उद्योगको हुनेछ ।

(२) उद्योग नियमन शाखाले वातावरण लगायतका सम्बन्धमा दिएको निर्देशनको पालना गर्नु सम्बन्धित उद्योगको दायित्व हुनेछ ।

## ८. व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको जानकारी दिनुपर्ने

(१) यस ऐन बमोजिम दर्ता भएको स्थानीय उद्योगले उद्योग दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधिभित्र उद्योग सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्नेछ र उद्योग नियमन शाखालाई तोकिए बमोजिमको ढाँचामा निवेदन दिई सोको जानकारी गराउनुपर्नेछ ।

(२) कुनै उद्योगले उपदफा (१) बमोजिमको अवधिभित्र निवेदन दिन नसकेको कारण खुलाई उद्योग दर्ता प्रमाणपत्र उल्लिखित अवधि समाप्त भएको मितिले १ महिनाभित्र त्यस्तो प्रमाणपत्रमा उल्लिखित अवधि बढाउनका लागि उद्योग नियमन शाखा समक्ष निवेदन दिन सक्नेछ । अनुमतिपत्र लिनु पर्ने बाहेकका यो ऐन लागू हुनु अगावै दर्ता भएका तथा यस अघि थपिएको म्याद भित्र समेत सञ्चालन वा उत्पादन वा कारोबार प्रारम्भ गर्न नसकेका अन्य उद्योगको हकमा समेत यो उपदफा प्रारम्भ भएको मितिले १ महिनाभित्र त्यस्तो निवेदन दिई सक्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त हुन आएमा र कारण मनासिब देखिएमा उद्योग नियमन शाखाले त्यस्तो उद्योगको सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि तोकिए बमोजिम बढाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम अवधि बढाउँदा उद्योग स्थापनाको लागि गर्नु पर्ने निर्माण लगायतको कामको प्रगति हेरी लघु उद्योगको हकमा पाँच हजार, घरेलु उद्योगको हकमा दश हजार र साना उद्योगको हकमा प्रति वर्ष पच्चीस हजारका दरले जरिवाना लिई उद्योग सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि बढाउन सकिनेछ ।

(५) उपदफा (३) बमोजिम अवधि बढाइएकोमा सम्बन्धित उद्योगले सो अवधिभित्र उद्योगको सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्नेछ ।

(६) उपदफा (१) बमोजिमको अवधिभित्र उद्योग सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ नगरेमा वा उपदफा (२) बमोजिम अवधि बढाउन निवेदन नदिएमा वा उपदफा (३) बमोजिम बढाइएको अवधिभित्र पनि त्यस्तो उद्योगले उद्योग सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन

वा कारोबार प्रारम्भ नगरेमा त्यस्तो उद्योगको दर्ता प्रमाणपत्र स्वतः खारेज हुनेछ ।

(७) उपदफा (६) बमोजिम उद्योगको दर्ता प्रमाणपत्र खारेज भएमा उद्योग दर्ता गर्ने निकायको अभिलेखमा रहेको त्यस्तो उद्योगको दर्ता प्रमाणपत्रमा कारण खुलाई खारेज भएको व्यहोरा जनाउनु पर्नेछ र सोको अभिलेख अद्यावधिक गर्नु पर्नेछ ।

## ९. अवधि थपको लागि निवेदन दिन सक्ने

(१) कुनै उद्योगले उद्योग दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधिभित्र उद्योग सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्न नसकी त्यस्तो अवधि बढाउनुपर्ने भएमा त्यसरी अवधि बढाउनुपर्ने आधार र कारण सहित उद्योग नियमन शाखा समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा उद्योग नियमन शाखाले प्राप्त निवेदनको सम्बन्धमा निवेदकबाट थप कुनै विवरण, कागजात वा जानकारी माग गर्नु पर्ने देखेमा सात दिनभित्र त्यस्तो विवरण, कागजात वा जानकारी माग गरि आवश्यक जाँचबुझ गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा त्यस्तो विवरण, कागजात वा जानकारी प्राप्त भएको पन्ध्र दिनभित्र उद्योगको प्रकृति, उद्योग सञ्चालनका लागि हालसम्म भएको प्रगति, अवधि थप गर्नु पर्ने औचित्य समेतको आधारमा उद्योग दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधिमा बढीमा एक वर्षको लागि त्यस्तो उद्योगको सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्न अवधि थप गर्न सकिनेछ ।

## १०. अनुगमन गर्ने

(१) उद्योग नियमन शाखाले उद्योग दर्ता प्रामाणपत्रमा उल्लिखित शर्तहरूको पालना गरे नगरेको सम्बन्धमा उद्योगको नियमित अनुगमन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुगमनको शिलशिलामा सम्बन्धित उद्योगबाट कुनै जानकारी वा विवरण माग गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिमको जानकारी वा विवरण उपलब्ध गराउनु सम्बन्धित उद्योगको कर्तव्य हुनेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको जानकारी वा विवरणबाट त्यस्तो उद्योग सञ्चालनमा कुनै किसिमको समस्या भएको देखिएमा सम्बन्धित उद्योगसँग परामर्श गरि उद्योग नियमन शाखाले त्यस्तो उद्योगलाई आवश्यक सहयोग उपलब्ध गराउन सिफारिस वा समन्वय गर्न सक्नेछ ।

**११. उद्योग स्थानान्तरणको लागि स्वीकृति लिनुपर्ने**

(१) कुनै एक ठाउँमा सञ्चालन गर्ने गरि दर्ता भएको उद्योग कुनै कारणले अन्यत्र स्थानान्तरण गर्नुपर्ने भएमा सो को कारण खुलाई देहायका विवरण र कागज सहित तोकिए बमोजिमको ढाँचामा उद्योग नियमन शाखामा निवेदन दिनु पर्नेछ :-

(क) अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र,

(ख) अघिल्लो आर्थिक वर्षसम्मको लेखापरिक्षण प्रतिवेदन,

(ग) उद्योग स्थानान्तरण गर्ने सम्बन्धित वडाको सिफारिस,

(घ) वातावरणीय अध्ययन प्रतिवेदन आवश्यक पर्ने भएमा सोको स्वीकृत प्रतिवेदन,

(ङ) उद्योग सञ्चालन गर्दा ऐन वा प्रचलित कानून बमोजिम कुनै छुट, सुविधा वा सहुलियत प्रदान गरेको भए त्यस्तो निकायको सहमति ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि कारण मनासिब देखिएमा तोकिए बमोजिमको उद्योग स्थानान्तरणको लागि नगर प्रमुखले स्वीकृति दिन सक्नेछ ।

(३) उपदफा(१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा उद्योग स्थानान्तरणको स्वीकृति दिन मनासिब नदेखिएमा उद्योग नियमन शाखाले सोको जानकारी सात दिनभित्र निवेदकलाई दिनु पर्नेछ ।

(४) उद्योग स्थानान्तरण सम्बन्धी अन्य व्यवस्था उद्योग नियमन शाखा र नगर कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

**१२. विवरण उपलब्ध गराउनुपर्ने**

(१) प्रत्येक उद्योगले व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेपछि देहाय बमोजिमको विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र उद्योग नियमन शाखा समक्ष पेश गर्नु पर्नेछ :-

(क) लेखापरीक्षण प्रतिवेदन,

(ख) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र,

(ग) स्वीकृत वा जडित क्षमता,

(घ) तोकिए बमोजिमको ढाँचामा तयार गरेको अद्यावधिक विवरण ।

(२) उपदफा (१) बमोजिम पेश गर्नुपर्ने विवरण तोकिए बमोजिम विद्युतीय माध्यमबाट समेत पेश गर्न सकिनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम विवरण वा कागजात प्राप्त भएपछि कार्यपालिकाले आफ्नो अभिलेख अद्यावधिक गरि सोको जानकारी सात दिनभित्र सम्बन्धित उद्योगलाई दिनु पर्नेछ ।

**१३. उद्योग बन्द गरेमा जानकारी दिनुपर्ने**

यस ऐन बमोजिम दर्ता भएको उद्योग कुनै कारणले बन्द भएमा वा उद्योगको व्यावसायिक उत्पादन वा कारोबार स्थगन गरेमा त्यसरी बन्द वा स्थगन भएको मितिले सात दिनभित्र उद्योग नियमन शाखालाई तोकिए बमोजिम जानकारी दिनु पर्नेछ ।

**१४. उद्योगको दर्ता खारेजी गर्न निवेदन दिन सकिने**

(१) कुनै कारणले उद्योग सञ्चालन गर्न नसकिने भएमा त्यस्तो उद्योगको दर्ता खारेजीको लागि उद्योग नियमन शाखा समक्ष देहाय बमोजिमको कागजात सहित तोकिएको ढाँचामा निवेदन दिन सक्नेछ :-

(क) मान्यता प्राप्त मूल्यांकनकर्ताबाट तयार गरिएको उद्योगको जायजेथा मूल्यांकन प्रतिवेदन,

(ख) उद्योगमा कार्यरत श्रमिक लगायतका सम्पूर्ण कर्मचारीको दायित्व फरफारक गरेको विवरण,

(ग) उद्योगको अन्य दायित्व फरफारक प्रतिवेदन,

(घ) लिक्विडेटर नियुक्ति गरेको भए त्यस्तो लिक्विडेटरले पेश गरको उद्योगको खारेजी सम्बन्धी प्रतिवेदन,

(ङ) अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र,

(च) उद्योग दर्ताको सक्कल प्रति,

(छ) अघिल्लो आर्थिक वर्षसम्मको लेखापरीक्षण प्रतिवेदन,

(ज) उद्योगको विरुद्ध कुनै अदालत वा न्यायिक निकायमा मुद्दा विचाराधीन नरहेको भनि सम्बन्धित उद्यमीले गरेको स्वः घोषणा ।

तर उद्योगले तिर्नु बुझाउनु पर्ने दायित्वको सम्बन्धमा कुनै अदालत वा न्यायिक निकायमा मुद्दा विचाराधीन रहेकोमा त्यस्तो मुद्दाको अन्तिम किनारा हुँदाको बखत ठहर्न सक्ने दायित्व बराबरको रकम कार्यपालिकामा धरौटीको रूपमा जम्मा गरेको प्रमाण पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा नगरपालिकाले सो उद्योगसँग कसैको कुनै प्रकारको लेनदेन बाँकी भए सो को प्रमाण सहित ३५ दिन भित्र उद्योग नियमन शाखामा लिखित दाबी पेश र नगरस्तरको दैनिक पत्रिकामा सार्बजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रकाशित सूचना अनुसार सो अवधिभित्र कसैको दाबी परि जाँचबुझ गर्दा त्यस्तो दाबी पूर्ण वा आंशिक रूपमा ठिक ठहरेमा ठहरे बमोजिमको दायित्व फरफारक गर्न कार्यपालिकाले सम्बन्धित उद्योगलाई

आदेश दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम जारी आदेश अनुसार सम्बन्धित उद्योगले दायित्व फराफारख गरेको देखिएमा उद्योग नियमन शाखाले सात दिन भित्र सो उद्योग दर्ता खारेज गरी लगतकट्टा गर्नु पर्नेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (३) बमोजिमको आदेश अनुसार फराफारकको कार्य सम्पन्न नभएसम्म त्यस्तो उद्योगको दर्ता खारेजी वा लगत कट्टा हुने छैन ।

**१५. उद्योगको स्थिर पुँजी वा क्षमता परिवर्तन गर्न स्वीकृति लिनुपर्ने**

(१) कुनै उद्योगले यस ऐन बमोजिम उद्योगको स्थिर पुँजी वा क्षमतामा परिवर्तन गर्न चाहेमा उद्योग नियमन शाखा समक्ष देहायका विवरण वा कागजात सहित तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ :-

(क) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(ख) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र,

(ग) तोकिए बमोजिमको उद्योगको अद्यावधिक विवरण,

(घ) उद्योगको प्रबन्धपत्र, नियमावली र कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ङ) साझेदारी फर्म भए साझेदारबीचको सम्झौताको प्रतिलिपि,

(च) अन्य कुनै निकायको सिफारिस आवश्यक पर्ने भएमा त्यस्तो सिफारिस पत्र ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा उद्योगको साबिकको स्थिर पुँजी परिवर्तन वा उद्योगको क्षमता परिवर्तन गर्न मनासिब देखिएमा उद्योग नियमन शाखाले आवश्यकता अनुसार उद्योगको स्थलगत निरीक्षण गरि वा गराई प्रतिवेदन लिइ उद्योगको हाल कायम रहेको स्थिर पुँजीमा परिवर्तन वा उद्योगको क्षमता परिवर्तन गर्न स्वीकृति दिन सक्नेछ ।

## परिच्छेद - ३

## उद्योगको वर्गीकरण

**१६. उद्योगको बर्गीकरण**

(१) यस ऐनको प्रयोजनको लागि स्थानीय उद्योगहरूलाई देहाय बमोजिम वर्गीकरण गरिएको छ :-

(क) लघु उद्यम : देहायको अवस्था भएको उद्योगलाई लघु उद्यम मानिनेछः-

(१) घर जग्गा बाहेक बढीमा पाँच लाख रूपैंयाँसम्मको स्थिर पुँजी रहेको,

(२) उद्यमी स्वयं उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको,

(३) उद्यमी सहित बढीमा नौ जनासम्म कामदार रहेको,

(४) वार्षिक कारोबार पचास लाख रूपैंया भन्दा कम रहेको, र

(५) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा इन्जिन उपकरण वा मेसिन खपत हुने विद्युतीय ऊर्जा, इन्धन वा अन्य तेल इञ्जिन क्षमता बीस किलोवाट वा सोभन्दा कम रहेको ।

(ख) घरेलु उद्योग : देहायको अवस्था भएको उद्योगलाई घरेलु उद्योग मानिनेछ :-

(१) परम्परागत सिप र प्रविधिमा आधारित,

(२) श्रममूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधि, कला तथा संस्कृतिमा आधारित,

(३) इञ्जिन, उपकरण वा मेशिनको प्रयोग गरेको भएमा बढीमा दश किलोवाटसम्मको क्षमताको विद्युतीय ऊर्जा प्रयोग गरेको, र

(४) अनुसूची -१ मा उल्लेख भए बमोजिमका उद्योगहरू ।

(ग) साना उद्योग : लघु उद्यम र घरेलु उद्योग बाहेकको दश करोड रूपैयाँसम्म स्थिर पुँजी भएको उद्योगलाई साना उद्योग मानिनेछ ।

(घ) प्रदेश कानून बमोजिम नगरपालिकामा दर्ता गरिने उद्योगहरू यस ऐन र तोकिए बमोजिम हुनेछ ।

(ङ) संघीय कानून बमोजिम नगरपालिकामा दर्ता गरिने उद्योगहरू यस ऐन र तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा उल्लेखित उद्योगलाई त्यस्ता उद्योगबाट उत्पादन हुने वस्तु वा सेवाको प्रकृतिको आधारमा देहाय बमोजिम वर्गीकरण गरिनेछ :-

(क) ऊर्जामुलक उद्योग : ऊर्जा उत्पादन गर्ने व्यवसायमा संलग्न अनुसूची-२ मा उल्लिखित उद्योगहरू ।

(ख) उत्पादनमुलक उद्योग : कच्चा पदार्थ, सहायक कच्चा पदार्थ वा अर्ध प्रशोधित कच्चा पदार्थको प्रयोग वा प्रशोधन गरि मालवस्तु उत्पादन गर्ने उद्योगहरू ।

(ग) कृषि तथा वन पैदावारमा आधारित उद्योग : कृषि वा वन पैदावारमा आधारित कच्चा पदार्थबाट कुनै वस्तु उत्पादन गर्ने वा कृषि वा वन पैदावारमा आधारित कच्चा पदार्थबाट कुनै वस्तु उत्पादन गर्ने वा कृषि वा वन पैदावारसँग सम्बन्धित अनुसूची-३ मा उल्लिखित उद्योगहरू ।

(घ) खनिज उद्योगहरू : ढुंगा, गिट्टी, बालुवा लगायत नदिजन्य र खनिज पदार्थ उत्खनन वा प्रशोधन गरि कुनै धातु वा धातु बाहेकका खनिज पदार्थ उत्पादन गर्ने उद्योगहरू ।

(ङ) पर्यटन उद्योग : पर्यटन सेवासँग सम्बन्धित अनुसूची-४ मा उल्लिखित उद्योगहरू ।

(च) सूचना, प्रसारण तथा सञ्चार प्रविधिमा आधारित उद्योग : सूचना संकलन प्रशोधन र प्रसारणका लागि प्रविधि प्रयोग गरी सूचना, सञ्चार वा सूचना प्रविधिको सेवा उपलब्ध गराउने अनुसूची-५ मा उल्लिखित उद्योगहरू ।

## परिच्छेद - ४

## उद्योगलाई प्रदान गरिने छुट, सुविधा वा सहुलियत सम्बन्धी व्यवस्था

**१७. कर सम्बन्धी छुट, सुविधा वा सहुलियत**

(१) यस ऐन अन्तर्गत दर्ता भएको उद्योगलाई संघीय कानून बमोजिम प्राप्त छुट, सुविधा वा सहुलियत अनतिक्रम्य हुनेछ ।

(२) यस ऐन अन्तर्गत दर्ता भएको उद्योगलाई कार्यपालिकाले थप छुट सुविधा वा सहुलियत प्रदान गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) मा उल्लेख भए बमोजिमको उद्योगलाई देहायका थप छुट, सुविधा वा सहुलियत उपलब्ध गराइनेछ :-

(क) नगर कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी तोकेको टेक्नोलोजी पार्क, बायोटेक पार्क र सूचना प्रविधि पार्कभित्र स्थापित सफ्टवेयर विकास, तथ्यांक, प्रशोधन, साइबर क्याफे, डिजिटल म्यापिंग सम्बन्धित उद्योगलाई पाँच वर्ष सम्म व्यवसाय कर पचास प्रतिशत छुट पाउनेछ ।

(ख) देहायको संख्यामा स्थानीय नागरिकलाई रोजगारी दिने देहायको उद्योगलाई देहाय बमोजिमको छुट सुविधा प्रदान गरिनेछः-

(१) बीस वा सो भन्दा बढी स्थानीय नागरिकलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी दिने उत्पादनमुलक उद्योग, सूचना तथा सञ्चार प्रविधि उद्योगलाई सो वर्षको व्यवसायमा लाग्ने करको चालिस प्रतिशत,

(२) २५ वा सो भन्दा बढी स्थानीय नागरिकलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी दिने उत्पादनमुलक उद्योग, सूचना तथा सञ्चार प्रविधि उद्योगलाई सो वर्षको व्यवसायमा लाग्ने करको तीस प्रतिशत,

(३) उपखण्ड (१) वा (२) बमोजिम रोजगारीप्राप्त स्थानीय नागरिकमध्ये कम्तिमा पचास प्रतिशत महिला, दलित वा अपाङ्गता भएका व्यक्तिहरू रहेमा त्यस्तो उद्योगलाई सो वर्षको व्यवसाय कर मा थप बिस प्रतिशत ।

(ग) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि महिला, दलित, सिमान्तकृत र 'ग' श्रेणी सम्मको अशक्तता भएका अपाङ्गता भएका उद्यमीको मात्र स्वामित्व रहने गरी उद्योग दर्ता गराएमा त्यस्तो उद्योग दर्ता गर्दा प्रचलित कानून बमोजिम लाग्ने उद्योग दर्ता दस्तुरमा पचास प्रतिशत छुट हुनेछ र तिन वर्ष सम्म व्यवसाय करमा पन्ध्र प्रतिशत छुट हुनेछ ।

(घ) यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका घरेलु र साना उद्योगलाई

यो ऐन जारी भएको मितिले र यस ऐन बमोजिम दर्ता भइ सञ्चालनमा आएको घरेलु तथा साना उद्योगलाई व्यवसाय वा कारोबार सुरु गरेको मितिले न्यूनतम तीन वर्षसम्म व्यवसाय कर बीस प्रतिशत छुट हुनेछ।

(ङ) कार्यपालिकाले तोकेको भौगोलिक क्षेत्र वा वर्गीकृत क्षेत्रमा उद्योग स्थापना गर्न सहकारी, लघु उद्यम, घरेलु र साना उद्योगलाई बिउ पुँजी (सिड क्यापिटल) को रूपमा कार्यपालिकाले निर्णय गरि तोकेबमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ।

(च) स्थानीय उद्योगले पाउने अन्य छुट सुविधा र सहुलियत कार्यपालिकाले तोके बमोजिम हुनेछ।

## १८. लघु उद्यमको लागि अन्य सुविधा एवं सहुलियत

प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम लघु उद्यम दर्ता गर्दा कुनै शुल्क वा दस्तुर लाग्ने छैन।

## १९. जग्गा सम्बन्धी व्यवस्था

यस ऐन वा प्रचलित कानून बमोजिम दर्ता भएका उद्योगका लागि आवश्यक जग्गा सम्बन्धित उद्यमीले प्रचलित कानून बमोजिम आफैले खरिद गर्नु पर्नेछ। तर तोकिए बमोजिमको उद्योग सञ्चालन गर्ने उद्यमीले उद्योगका लागि आवश्यक जग्गा खरिद गर्न नसकेमा सोही व्यहोरा खुलाई जग्गा खरिद गर्न वा जग्गा उपलब्ध गराइदिन अनुरोध गरेमा कार्यपालिकाले जग्गा खरिद वा जग्गा उपलब्ध गराइदिने सम्बन्धमा आवश्यक समन्वय वा सहजीकरण गर्न सक्नेछ।

## २०. लिजमा जग्गा उपलब्ध गराउने

(१) राष्ट्रिय वा स्थानीय प्राथमिकता प्राप्त उद्योग सञ्चालन गर्न नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा आवश्यक पर्ने भएमा त्यस्ता उद्योगले आफूलाई आवश्यक पर्ने जग्गाको क्षेत्रफल खुलाई उपलब्ध गराउन नगर प्रमुख समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा नगर कार्यपालिकाले उद्योगलाई आवश्यक पर्ने जग्गा उपलब्ध गराउने सम्बन्धमा आवश्यक कारबाही अगाडि बढाउन सम्बन्धित निकायमा पेश गर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा प्रचलित कानून बमोजिम त्यस्तो जग्गा उद्योग सञ्चालनको प्रयोजनको लागि सम्बन्धित उद्योगलाई लिजमा उपलब्ध गराउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा लिजमा

उपलब्ध गराए वापत उद्योगले तिर्नुपर्ने रकम र लिज सम्बन्धी अन्य शर्तहरू नेपाल सरकार र सम्बन्धित उद्योगबीच हुने सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(५) जग्गाको लिज सम्बन्धी अन्य व्यवस्था नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**२१. छुट, सुविधा वा सहुलियतको प्रत्याभूति**

यो ऐन प्रारम्भ हुँदाका बखत दर्ता भइ सञ्चालनमा रहेका स्थानीय उद्योगलाई यस ऐन र प्रचलित कानून बमोजिम प्रदान गरिएको छुट, सुविधा वा सहुलियतलाई सीमित गर्ने गरी कुनै व्यवस्था गरिने छैन ।

**२२. औद्योगिक सुरक्षा सम्बन्धी व्यवस्था**

प्रचलित कानून बमोजिम स्थापना भएको उद्योगको लागि आवश्यकता अनुसार औद्योगिक सुरक्षाको अतिरिक्त स्थानीयस्तरमा सुरक्षित सञ्चालनको वातावरण बनाइ राख्न नगर कार्यपालिकाले आवश्यक सहयोग, समन्वय वा सहजीकरण गर्नेछ ।

**२३. अनुदान दिन सक्ने**

कुनै स्थानीय उद्योगलाई विपद, बन्द हड्ताल जस्ता आपतकालीन अवस्थामा उद्योगले अकल्पनीय क्षति ब्यहोरेमा नगर कार्यपालिकाले अनुदान उपलब्ध गराउन सक्नेछ ।

**२४. छुट, सुविधा वा सहुलियतको दुरूपयोग गर्न नहुने**

यस ऐन बमोजिम उद्योगले प्राप्त छुट, सुविधा वा सहुलियत जुन प्रयोजनको लागि दिइएको हो सो प्रयोजनको लागि मात्र प्रयोग गर्नुपर्नेछ र त्यसको दुरूपयोग गर्न पाइने छैन ।

## परिच्छेद - ५

## एकल विन्दु सेवा केन्द्र सम्बन्धी व्यवस्था

### २५. एकल विन्दु सेवा केन्द्र स्थापना

(१) यस ऐन तथा प्रचलित अन्य कानून बमोजिम उद्योग वा लगानीकर्तालाई प्राप्त हुने छुट, सुविधा वा सहुलियत र उद्योगको लागि आवश्यक पर्ने पूर्वाधार सम्बन्धी सेवा समयमै सरल र सहज रूपमा एकै थलोबाट उपलब्ध गराउने सम्बन्धमा कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी उद्योग नियमन शाखाले एकल विन्दु सेवा केन्द्रको काम गर्ने गरी तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम एकल विन्दु सेवा केन्द्र स्थापना नभएसम्म वा नतोकिए सम्मका लागि यस ऐन बमोजिम उद्योगले पाउने छुट, सुविधा वा सहुलियत एकै थलोबाट समयमै उपलब्ध गराउने कार्य उद्योग नियमन शाखाले गर्नेछ ।

## परिच्छेद - ६
## सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था

### २६. सजाय सम्बन्धी व्यवस्था

(१) कसैले देहाय बमोजिमको कार्य गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ :-

(क) यस ऐन बमोजिम उद्योग दर्ता नगराई उद्योग स्थापना वा सञ्चालन गरेको पाइएमा,

(ख) दफा ७ बमोजिम वातावरण प्रतिकूल असरको निराकरण नगरेको पाइएमा,

(ग) दफा १२ बमोजिमको विवरण उपलब्ध नगरेको पाइएमा,

(घ) दफा १३ बमोजिमको विवरण तोकिएको अवधिभित्र जानकारी उपलब्ध नगरेमा,

(ङ) दफा २४ बमोजिम स्थानीय उद्योगलाई प्राप्त छुट, सुविधा वा सहुलियतको दुरूपयोग गरेको पाइएमा,

(च) दफा ३४ बमोजिम व्यावसायिक सामाजिक जिम्मेवारी पूरा नगरेमा ।

(२) उपदफा (१) बमोजिमको कार्य गरेको ठहरिएमा सम्बन्धित व्यक्ति वा उद्योगलाई प्रमुख प्रशासकीय अधिकृतले पचास हजारदेखि तीन लाख रूपैयाँ सम्म जरिवाना तोक्न सक्नेछ ।

### २७. पुनरावेदन सम्बन्धी व्यवस्था

(१) दफा २६ बमोजिमको सजायको आदेश उपर चित्त नबुझेमा त्यस्तो सजायको जानकारी पाएको मितिले पैंतीस दिनभित्र त्यस्तो व्यक्ति वा उद्योगले सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जिल्ला अदालतबाट भएको निर्णय अन्तिम हुनेछ ।

### २८. प्रशासकीय निर्णय सम्बन्धी व्यवस्था

(१) यस ऐन बमोजिम कसुर हुने निर्णय बाहेक अन्य सम्पूर्ण प्रशासकीय निर्णय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गरेको निर्णय चित्त नबुझेमा निर्णय भएको मितिले पन्ध्र दिन भित्र दफा २९ बमोजिमको समितिमा पुनरावेदन दिन सकिनेछ ।

(३) उपदफा (२) बमाोजिम पुनरावेदन परेमा समितिले सो उपर पन्ध्र दिन भित्र अन्तिम निर्णय गर्नेछ ।

(४) उपदफा (३) बमोजिम समितिबाट भएको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद - ७

## स्थानीय उद्योग प्रवर्द्धन समिति

### २९. स्थानीय उद्योग प्रवर्द्धन समितिको गठन

(१) नगरपालिका क्षेत्रमा लघु उद्यम, घरेलु उद्योग तथा साना उद्योगको प्रवर्द्धन सम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन देहाय बमोजिमको उद्योग प्रवर्द्धन समिति रहनेछ :-

(क) नगर प्रमुख - अध्यक्ष

(ख) नगर प्रमुखले नगर कार्यपालिका सदस्यहरू मध्ये बाट मनोनयन गरेको एक जना महिला सहित बढीमा दुइ जना - सदस्य

(ग) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय - सदस्य

(घ) नगरपालिका स्थित स्थानीय उद्योगसँग सम्बद्ध छातासंगठनका प्रतिनिधिहरू मध्येबाट कार्यपालिकाले मनोनयन गरेको कम्तिमा एक जना महिला सहित बढीमा दुइ जना - सदस्य

(ङ) प्रमुख, जिल्ला घरेलु तथा साना उद्योग कार्यालय/समिति - सदस्य

(च) उपभोक्ता हित संरक्षण सम्बन्धी कार्य गर्ने संस्थाहरू मध्यबाट कार्यपालिकाले मनोनयन गरेको एक प्रतिनिधि - सदस्य

(छ) शाखा प्रमुख, उद्योग नियमन शाखा - सदस्य सचिव

(२) समितिको बैठक समितिका अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ । समितिले बैठकमा आवश्यकता अनुसार विषय विज्ञ, सरोकारवाला निकाय एवं सम्बद्ध उद्योग व्यवसायी संघ संस्थाका प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको सचिवालयको काम उद्योग नियमन शाखाले गर्नेछ ।

(४) उपदफा (१) को खण्ड (घ) र (च) बमोजिमका मनोनित सदस्यको कार्य दुई वर्षको हुनेछ ।

### ३०. समितिको काम, कर्तव्य र अधिकार

(१) दफा २८ बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नगरपालिकाको औद्योगिक प्रवर्द्धन, लगानीको संरक्षण, अभिवृद्धि तथा औद्योगिक सम्बन्धमा देखा परेका समस्या समाधानका लागि आवश्यक पहल गर्ने,

(ख) नगरपालिकामा रहेका उद्योग सञ्चालनमा कुनै बाधा, अड्काउ वा दुविधा उत्पन्न भएमा त्यसको समाधानको लागि सहजीकरण गर्ने,

(ग) स्थानीय उद्योगको विकास प्रवर्द्धन गर्ने,

(घ) औद्योगिक प्रदूषण न्यूनीकरणका लागि आवश्यक पहल गर्ने,

(ङ) नगरपालिकाको औद्योगिक विकासको स्थितिको समग्र मूल्यांकन तथा समीक्षा गरि आवश्यक कदम चाल्न जिल्ला समन्वय समिति समक्ष सुझाव तथा सिफारिस गर्ने,

(च) प्रचलित कानून बमोजिम उद्योगले पाउने सेवा सुविधा सहुलियत उद्योगहरूलाई दिलाउन कुनै कठिनाइ आइपरेमा सोको निराकरणका लागि आवश्यक पहल गर्ने,

(छ) उद्योगीको गुनासो सुनुवाई गरी समस्या समाधान गर्ने वा गराउने तथा सम्बन्धित निकायलाई सिफारिस गर्ने,

(ज) नगरपालिकाको एकीकृत औद्योगिक सूचना व्यवस्थापन प्रणालीको विकास गरी प्रयोगमा ल्याउन सुझाव दिने,

(झ) सार्वजनिक, निजी र सहकारी क्षेत्रको प्रभावकारी, समन्वयात्मक र समन्व्ययपूर्ण सहकार्यमा नगरपालिकामा प्रतिस्पर्धात्मक औद्योगिक वातावरण निर्माण गर्न आवश्यक कार्य गर्ने वा गराउने,

(ञ) जिल्लामा औद्योगीकरणको गतिलाई तीब्रता दिन औद्योगिक पूर्वाधारको लागि आवश्यक कार्य गर्ने वा गराउने,

(ट) औद्योगिक ग्राम PPE (Public Private Partnership) सरकारी निजी सहकार्यता मोडेलमा स्थापना गर्न सहजीकरण गर्ने,

(ठ) उद्योग तथा लगानी प्रवर्द्धन सम्बन्धी स्थानीय तहमा कार्यान्वयन हुने कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक सहयोग गर्ने,

(ड) स्वदेशी वस्तुको प्रवर्द्धन सम्बन्धी कार्य गर्ने,

(ढ) उद्योग प्रवर्द्धनको लागि सम्बन्धित प्रदेश तथा संघीय मन्त्रालयमा आवश्यक पृष्ठपोषण दिने,

(ण) उद्योग क्षेत्रको विकास र प्रवर्द्धन लागि अन्य आवश्यक कार्य गर्ने ।

(२) समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

## परिच्छेद - ८

## बिबिध

### ३१. औद्योगिक जनशक्ति

(१) उद्योगलाई आवश्यक पर्ने जनशक्ति नेपाली नागरिकबाट पूर्ति गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरस्तरको पत्रिकामा विज्ञापन प्रकाशन गर्दा पनि उद्योगको लागि चाहिने कुनै खास सिप वा दक्षता भएको जनशक्ति नेपालि नागरिकमध्येबाट उपलब्ध हुन नसकेमा श्रम बिभागको सिफारिसमा श्रम स्वीकृति लिई बढीमा पाँच वर्षसम्मको लागि त्यस्तो उद्योगले बिदेशी नागरिकलाई नियुक्त गर्न सक्नेछ ।

(३) उद्योगमा कार्यरत कामदार तथा कर्मचारीले उद्योगको सञ्चालन तथा त्यसको उत्पादनमा बाधा अवरोध पुग्ने गरी बन्द हड्‌ताल जस्ता कुनै पनि काम कारबाही गर्न पाउने छैनन् ।

तर कामदार तथा कर्मचारीले आफ्ना जायज मागहरू शान्तिपूर्ण ढंगले व्यवस्थापन समक्ष राख्न र आपसी समझदारीमा विवादको समाधान गर्न यो उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।

(४) उपदफा (३) बमोजिम विवाद समाधान हुन नसकेमा विवाद समाधान गर्ने प्रयोजनका लागि कार्यपालिकामा त्यस्ता विवाद पेश गर्न सकिनेछ । कार्यपालिकाबाट यस सम्बन्धमा भएको निर्णय अन्तिम हुनेछ र दुवै पक्षले पालना गर्नु पर्नेछ ।

### ३२. रुग्ण उद्योगको पहिचान, वर्गीकरण र सुविधा, सहुलियत तथा छुट

(१) रुग्ण उद्योगको पहिचान संघीय सरकारको प्रचलित औद्योगिक व्यवसाय सम्बन्धी कानून तथा कार्यपालिकाको नियम अनुसार हुनेछ ।

(२) रुग्ण उद्योगलाई दिनुपर्ने छुट सुविधा, सहुलियत वा अनुदान कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

### ३३. करार गरी उत्पादन गर्न सक्ने

कुनै उद्योग वा कम्पनी वा फर्म वा प्रतिष्ठानले आपसमा करार (कन्ट्र्याक्ट) वा उपकरार (सब- कन्ट्र्याक्ट) गरी वस्तु वा सेवाको उत्पादन गर्न सक्ने कुनै निर्यातमूलक उद्योग वा निर्यात प्रवर्द्धन गृहको लागि देहाय बमोजिमको मापदण्ड पूरा गरि करार वा उपकरारका आधारमा निश्चित परिणाममा वस्तु वा सेवाको उत्पादन गरेमा त्यस्तो उद्योग वा कम्पनी वा फर्म वा प्रतिष्ठानलाई छुट, सुविधा वा सहुलियत तोकी स्थानीय सरकारले उपलब्ध गराउन सक्नेछ :-

(क) उद्योग नियमन शाखाले तोकेबमोजिम निश्चित परिणाममा वस्तु वा सेवा उत्पादन गरेको,

(ख) स्वदेशी कच्चा पदार्थ प्रयोग गरी उत्पादन गरेको वा आयातित कच्चा पदार्थ भए कम्तिमा तीस प्रतिशत मूल्य बृद्धि हुने गरी वस्तु वा सेवा उत्पादन गरेको,

(ग) उद्योगले आफ्नो उत्पादनको कम्तिमा चालिस प्रतिशत उत्पादन निर्यात प्रयोजनको लागि निर्यातमूलक उद्योग वा निर्यात प्रवर्द्धन गृहलाई उपलब्ध गराएको,

(घ) दर्ता भएको ट्रेडमार्क प्रयोग गरेको ।

**३४. कोष सम्बन्धी व्यवस्था**

(१) उद्योग नियमन शाखाले नगरपालिकाको औद्योगिक विकास, प्रवर्द्धन तथा संरक्षणका लागि निजी तथा सहकारी क्षेत्र समेतको सहभागितामा आवश्यकता अनुसार देहायका कुनै वा सबै कोष खडा गर्न सक्नेछ :-

(क) लघु, घरेलु तथा साना उद्यम विकास कोष,

(ख) जोखिम पुँजी कोष,

(ग) प्रविधि विकास कोष,

(घ) औद्योगिक लगानी संरक्षण तथा प्रवर्द्धन कोष,

(ङ) रूग्ण उद्योग पुनरुत्थान, पुनर्निर्माण तथा व्यवस्थापन कोष,

(च) महिला उद्यमशीलता कोष ।

(२) उपदफा (१) मा उल्लिखित कोषमा जम्मा हुने रकम, त्यस्ता कोषको व्यवस्थापन र सञ्चालन सम्बन्धी कार्यविधि र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत नगरपालिकाले उपदफा (१) मा उल्लेखित कुनै कोष सञ्चालन गरेको भए त्यस्तो कोष यसै ऐन बमोजिम स्थापना र सञ्चालन भएको मानिनेछ ।

**३५. व्यावसायिक सामाजिक जिम्मेवारी**

उद्योगले पूरा गर्नुपर्ने व्यावसायिक सामाजिक जिम्मेवारी प्रचलित कानून र नियममा तोकिए बमोजिम हुनेछ ।

**३६. पुरस्कृत गर्न सकिने**

कार्यपालिकाले स्थानीय उद्योगहरू मध्येबाट आवश्यक मानक तयार गरी उत्कृष्ट उद्योगलाई पुरस्कृत गर्न सक्नेछ ।

**३७. बजार प्रवर्द्धन गर्न सक्ने**

कार्यपालिकाले स्थानीय उद्योगहरूको उत्पादनको बजार प्रवर्द्धन गर्न आवश्यक कार्यहरू गर्न सक्नेछ ।

**३८. औद्योगिक करिडोर, औद्योगिक ग्राम तथा औद्योगिक क्लस्टर घोषणा गर्न सक्ने**

औद्योगिक विकासको लागि पर्याप्त सम्भावना र अवसर उपलब्ध रहेको नगरपालिकाको कुनै भाग वा स्थानलाई तोकिए बमोजिमको मापदण्डका अधिनमा रही कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी PPE (Public Private Engagement) सरकारी निजी सहकार्यतामा औद्योगिक करिडोर, औद्योगिक ग्राम तथा औद्योगिक क्लस्टर घोषणा गरी तोकिए बमोजिम सेवा, सुविधा तथा सहुलियत उपलब्ध गराउन सक्नेछ ।

**३९. स्थानीय उद्योगको गुनासो व्यवस्थापन गर्ने**

स्थानीय उद्योगलाई कुनै मर्का परेमा उल्लेखित फेहरिस्त सहितको गुनासो उद्योग नियमन शाखामा पेश गर्न सक्नेछ । उक्त गुनासो उपर कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

**४०. बाधा अड्काउ फुकाउने अधिकार**

यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरि त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

**४१. अनुसूचिमा हेरफेर वा थपघट गर्न सक्ने**

कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरि अनुसूचीमा आवश्यकता अनुसार हेरफेर, थपघट वा परिमार्जन गर्न सक्नेछ ।

**४२. नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउने अधिकार**

यस ऐनलाई कार्यान्वयन गर्न एवं उद्योगको दर्ता, नियमन सम्बन्धी काम कारबाहीलाई सरल बनाउन कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाइ लागू गर्न सक्नेछ ।

## अनुसूची - १

(दफा १६ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित )

**घरेलु उद्योगहरू**

१. ह्याण्ड लुम, पेडल लुम, सेमी - अटोमेटिक लुम, कपडा वार्पिङ, परम्परागत प्रविधिबाट गरिने रंगाई, छपाइ, सिलाई (तयारी पोशाक बाहेक) र बुनाइ,
२. उन र रेशममा आधारित हाते बुनाइका राडी, पाखी, गलैंचा, पश्मिना, पोशाक, हातेकागज र सो मा आधारित वस्तु,
३. परम्परागत कलामा आधारित वस्तु,
४. परम्परागत मूर्तिकला,
५. तामा, पित्तल, ढलौट, कांस र जर्मन सिल्भर जस्ता धातुबाट हस्तनिर्मित भाँडावर्तन तथा हस्तकला सामान,
६. फलामबाट बनेका हस्तनिर्मित भाँडा वर्तन तथा घरायसी प्रयोगका चक्कु, चुलेसी, खुकुरी, हँसिया, कुटो, कोदालो जस्ता परम्परागत औजारहरू,
७. सुन चाँदीबाट हस्तनिर्मित गरगहना, वस्तु, भाँडा वर्तनहरू (बहुमूल्य, अर्ध - बहुमूल्य तथा साधारण पत्थर जडान भएका समेत ),
८. स्वदेशमा उपलब्ध किमती, अर्ध किमती तथा साधारण पत्थर कटाई उद्योग, ग्रामीण छालाबाट हस्त निर्मित वस्तुहरू,
९. जुट, सवाई घाँस, चोया, बाबियो, सुति धागो, अल्लो आदि प्राकृतिक रेशामा आधारित उद्योग,
१०. पत्थरकला (ढुंगा कुँदी बनाइएका सामानहरू),
११. पौभा, थान्का चित्र र अन्य परम्परागत चित्रकला,
१२. मुकुण्डो (मास्क) तथा परम्परागत संस्कृतिक दर्शाउने पुतली र खेलौना,
१३. परम्परागत संस्कृति, बाजागाजा र कला दर्शाउने बिभिन्न प्रकारका हस्तकलाका वस्तु,
१४. काठ, हाड, सिङ् तथा माटो, चट्टान र खानिजका कलात्मक वस्तुहरू, सेरामिक्स तथा माटाका भाँडाकुँडा,
१५. हातले छाप्ने इँटा उद्योग ।

## अनुसूची - २

(दफा १६ को उपदफा (२) को खण्ड (क) संग सम्बन्धित)

**ऊर्जामुलक उद्योग**

१. जलस्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल र इन्धन वा ग्याँस, वायोमास वा अन्य स्रोतहरूबाट ऊर्जा उत्पादन गर्ने उद्योग, त्यस्तो ऊर्जा उत्पादन गर्न प्रयोग गरिने मेसिन/उपकरण निर्माण गर्ने उद्योग,

२. विद्युत प्रसारण लाईन,

३. विद्युत वितरण प्रणाली ।

## अनुसूची - ३

(दफा १६ को उपदफा (२) को खण्ड (ग) संग सम्बन्धित)

**कृषि तथा बन पैदावार आधारित उद्योग**

१. फलफुल खेती वा फलफुल प्रशोधन,
२. खाद्यवस्तु प्रशोधन,
३. पशुपालन, पंक्षीपालन (अस्ट्रिच समेत), पशुपंक्षी प्रजनन र मासु उत्पादन तथा प्रशोधन,
४. मत्स्यपालन, माछाभुरा उत्पादन, प्रशोधन एवं प्याकेजिङ,
५. रेशम खेती तथा रेशम प्रशोधन,
६. चिया बगान, चिया प्रशोधन,
७. कफी खेती, कफी प्रशोधन,
८. तरकारी बिउ,
९. तरकारी खेती, तरकारी प्रशोधन,
१०. हरित गृह स्थापना र सञ्चालन,
११. मौरीपालन (मौरी प्रजनन्, मह उत्पादन र प्रशोधन)
१२. पुष्प खेती, पुष्प प्रशोधन (माला बनाउने, सजावट गर्ने, गुच्छा बनाउने र बिउ बिजन उत्पादन समेत, नर्सरी व्यवसाय,
१३. रबर खेती, रबरको प्रारम्भिक प्रशोधन र सञ्चालन, र शित भण्डार,
१४. नगदेबाली व्यावसायिक खेती तथा प्रशोधन (जस्तैः उखु, कपास, सनपट, सजीवन, स्विट सरघम, सुर्ती, जुट, अलैंची, अदुवा, केशर, तेलहन र यस्तै मसलावाली, दलहन आदि बेत बाँस खेती र बेत बाँसजन्य उत्पादनहरू,
१५. बनस्पती उद्यान स्थापना र व्यवस्थापन, बनस्पती प्रजनन् व्यवसाय (टिस्यु कल्चर समेत), बिउबिजन प्रशोधन,
१६. अन्य गैर कास्ठजन्य वन पैदावारमा आधारित ।

## अनुसूची - ४

(दफा १६ को उपदफा (२) को खण्ड (ङ) सँग सम्बन्धित)

**पर्यटन उद्योग**

१. पर्यटन आवास, मोटेल, होटेल, रिजोर्ट तथा रेस्टुराँ,
२. ट्राभल एजेन्सी, टुर अपरेटर, हिलिङ्ग सेन्टर, क्यासिनो, मसाज स्पा,
३. साहसिक पर्यटन (स्किङ्ग, ग्लाईडीङ्ग, ऱ्याफ्टिङ, हट एअर ब्यालुनिङ्ग, क्यानोनिङ्ग, प्यारा सेलिङ्ग, घोडाचढी, बन्जी जम्पिंग, हिमाल आरोहण र अवलोकन)
४. गल्फ कोर्स, पोलो, पोनी ट्रेकिङ्ग, पदयात्रा,
५. ग्रामीण पर्यटन; होम स्टे तथा पर्यावरणीय पर्यटन,
६. मनोरञ्जन पार्क,
७. वन्यजन्तु आरक्ष,
८. माउन्टेन फ्लाइट सञ्चालन ।

## अनुसूची - ५

(दफा १६ को उपदफा (२) को खण्ड (च) सँग सम्बन्धित)

**सूचना सञ्चार प्रविधिमा आधारित उद्योग**

क. सूचना प्रविधि उद्योग

(१) टेक्नोलोजी पार्क,
(२) आइ.टी. पार्क,
(३) बायोटेक पार्क,
(४) सफ्टवेयर विकास,
(५) कम्प्युटर तथा सम्बन्धित सेवाहरू,
(६) तथ्यांक प्रशोधन,
(७) साइबर क्याफे,
(८) डिजिटल म्यापिङ,
(९) डाटा माइनिङ

ख. सूचना, प्रसारण प्रविधिमा आधारित उद्योग

(१) एफ.एम. रेडियो, डिजिटल रेडियो सेवा,
(२) डिजिटल भू-सतही टेलिभिजन, स्याटेलाइट टेलिभिजन, केबुल टेलिभिजन,
(३) अनलाइन सेवा,
(४) डिजिटल केबुल टिभी नेटवर्क,
(५) रेकोर्डिङ स्टुडियो, प्रसारण स्टुडियो,
(६) प्रिन्ट मिडिया उद्योग, अडियो भिजुअल सामग्री उत्पादन उद्योग, विज्ञापन निर्माण उद्योग,
(७) सिनेमा उत्पादन, सिनेमाहल, मल्टिप्लेक्स सिनेमा हाल, फिल्म सिटी निर्माण, फिल्म स्टुडियो निर्माण

# अनसूची - ७

## ................................... नगरपालिका

## स्थानीय उद्योग दर्ता, सञ्चालन, व्यवस्थापन र नियमन सम्बन्धी नियमावलीको ढाँचा

**प्रस्तावना:** स्थानीय तहमा लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी, नियमन, प्रवर्द्धन र व्यवथापन गर्न वाञ्छनीय भएकोले, ........................ नगरपालिकाको स्थानीय उद्योग दर्ता, सञ्चालन, व्यवस्थापन र नियमन ऐन, २०७८ को दफा ४२ ले दिएको अधिकार प्रयोग गरी .................नगरकार्यपालिकाले यी नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**

(१) यी नियमहरूको नाम "................... नगरपालिकाको स्थानीय उद्योग दर्ता, सञ्चालन, व्यवस्थापन र नियमन नियमावली, २०७८" रहेको छ।

(२) यो नियमावली तुरन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमा,-

(क) "ऐन" भन्नाले ..................... नगरपालिकाको स्थानीय उद्योग दर्ता, सञ्चालन, व्यवस्थापन र नियमन ऐन, २०७८ सम्झनु पर्छ।

(ख) "कोष" भन्नाले ऐनको दफा ३४ मा उल्लेख भए बमोजिमको कोष सम्झनु पर्छ।

३. **उद्योग दर्ता, अभिलेखीकरण र नवीकरणको लागि निवेदन दिनुपर्ने**

(१) ऐनको दफा ३ को उपदफा (१), (३) र (४) मा उल्लेख भएको क्रमशः उद्योग दर्ता, अभिलेखीकरण र नवीकरणको लागि अनुसूची-१ बमोजिमको ढाँचामा उद्योग नियमन शाखामा निवेदन दिनुपर्नेछ।

(२) दर्ता भएका उद्योगको नवीकरण गर्दा उद्योग सञ्चालनको म्याद समाप्त भएको मितिले ३५ दिन भित्र निवेदन दिनुपर्नेछ।

(३) उद्योग दर्ता, अभिलेखीकरण र नवीकरणको लागि क्रमशः रू.५०००/-, रू. ३०००/- र रू.२०००/- दस्तुर लाग्नेछ।

(४) उद्योगको दर्ता वा अभिलखीकरणको लागि निवेदन दिँदा ऐनको दफा ४ को उपदफा (१) मा उल्लेखित कागजातका अतिरिक्त देहायका कागजात एवं विवरण समेत संलग्न गर्नु पर्नेछ :

(क) निवेदक कम्पनी भए प्रवन्धपत्र र नियमावली,

(ख) उद्योग स्थापना हुने स्थानको ठेगाना,

(ग) उद्योगको आधिकारिक वेबसाइट, इमेल, टेलिफोन र मोबाइल नम्बर ।

**४. उद्योग दर्ता र सञ्चालनको लागि सिफारिस लिन निवेदन दिनुपर्ने**

(१) स्थानीय उद्योग बाहेक कसैले नगरपालिकाभित्र अन्य उद्योग दर्ता र सञ्चालन गर्न चाहेमा सिफारिसको लागि अनुसूची-२ बमोजिमको ढाँचामा उद्योग नियमन शाखामा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन दिँदा उद्योग नियमन शाखाले निर्धारण गरे बमोजिम विद्युतीय माध्यमबाट पनि दिन सकिनेछ ।

(३) यस नियम बमोजिमको निवेदन उपर आवश्यक जाँचबुझ गरी कार्यपालिकाले उद्योग दर्ता र सञ्चालनको लागि सिफारिस दिन सक्नेछ । सिफारिसको ढाँचा अनुसूची-३ मा उल्लेख भए बमोजिमको हुनेछ ।

**५. उद्योग दर्ताको प्रमाणपत्र:** ऐनको दफा ६ बमोजिम प्रदान गरिने उद्योग दर्ताको प्रमाणपत्रको ढाँचा अनुसूची-४ मा उल्लेख भए बमोजिमको हुनेछ ।

**६. व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ भएको जानकारी दिनुपर्ने**

(१) ऐन बमोजिम दर्ता भएका स्थानीय उद्योगले उद्योग दर्ताको प्रमाणपत्रमा उल्लेखित अवधिभित्र उद्योग सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेकोमा अनुसूची-५ बमोजिमको निवेदनबाट उद्योग नियमन शाखालाई सो को जानकारी गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम म्यादभित्र जानकारी गराउन नसकेको खण्डमा सो को कारण खुलाई उद्योग उद्योग दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधि नाघेको एक महिना भित्र त्यस्तो प्रमाणपत्रमा उल्लेखित अवधि बढाउनको निमित्त अनुसूची-६ बमोजिमको ढाँचामा निवेदन दिन सकिनेछ ।

**७. उद्योग स्थानान्तरणको निवेदन र स्वीकृति**

(१) ऐनको दफा ११ को उपदफा (१) बमाजिम उद्योग स्थानान्तरणको लागि दिनुपर्ने निवेदनको ढाँचा अनुसूची-७ मा उल्लेख भए बमोजिमको हुनेछ ।

(२) ऐनको दफा ११ को उपदफा (२) बमोजिम उद्योग स्थानान्तरणको लागि स्वीकृति दिँदा अनुसूची-८ बमोजिमको ढाँचामा दिनुपर्नेछ ।

**८. उद्योगको अद्यावधिक विवरण:** ऐनको दफा १२ बमोजिम उद्योगले प्रत्येक आर्थिक वर्ष समाप्त भएपछि उद्योग नियमन शाखामा पठाउनु पर्ने अद्यावधिक विवरणको ढाँचा अनुसूची- ९ मा उल्लेख भएमोजिमको हुनेछ ।

**९. उद्योगको दर्ता खारेजीको निवेदन:** ऐनको दफा १४ को उपदफा (१) बमोजिम उद्योगको दर्ता खारेजीको लागि निवेदन दिँदा अनुसूची- १० को ढाँचामा दिनु पर्नेछ।

१०. **उद्योगको स्थिर पूँजी वा क्षमता परिवर्तन गर्न निवेदन दिनुपर्ने:** ऐनको दफा १५ को उपदफा (१) मा उल्लेख भए बमोजिम उद्योगको स्थिर पूँजी वा क्षमता परिवर्तनको लागि उद्योग नियमन शाखामा अनुसूची-११ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

११. **जग्गा खरिद वा उपलव्ध गराउन समन्वय वा सहजीकरण गरिदिन सक्न:** अनुसूची-१२ मा उल्लेख भएका उद्योगबाट अनुरोध भइ आएमा उद्योगको लागि जग्गा खरिद वा उपलव्ध गराउन कार्यपालिकाले आवश्यक समन्वय वा सहजीकरण गरिदिन सक्नेछ ।

१२. **जग्गा लिजमा प्राप्त गर्न निवेदन दिनुपर्ने:** ऐनको दफा २० को उपदफा (१) बमोजिम जग्गा लिजमा प्राप्त गर्न चाहने उद्योगले क्षेत्रफल खुलाई अनुसूची-१३ बमोजिमको ढाँचामा नगर प्रमुख समक्ष निवेदन दिन सक्नेछ ।

१३. **कोष सम्बन्धी व्यवस्था:**

(१) कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ :

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) नगरपालिकाबाट प्राप्त रकम,

(ग) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट प्राप्त रकम,

तर यस खण्ड बमोजिम रकम प्राप्त गर्नुअघि नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(घ) नियम १६ को व्यवस्था अन्तर्गत प्राप्त हुन आएको रकम,

(ङ) स्वदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम ।

(२) कोषको सञ्चालन र व्यवस्थापनको लागि देहाय बमोजिमको कोष सञ्चालक समिति रहनेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत, नगरपालिका - अध्यक्ष

(ख) कार्यपालिकाका सदस्यहरूमध्येबाट प्रमुखले तोकेको एक जना - सदस्य

(ग) शाखा प्रमुख, उद्योग नियमन शाखा - सदस्य सचिव

(३) उपनियम (२) बमोजिमको समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(४) उपनियम (२) बमोजिमको समितिले आवश्यक्तानुसार कुनै संस्थाका प्रमुख, प्रतिनिधि वा विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) उपनियम (२) बमोजिमको समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गर्न सक्नेछ ।

(६) कोषको रकम देहायका कार्यक्रम सञ्चालनको लागि खर्च गर्न सकिनेछ :

(क) स्थानीय उद्योगको प्रवर्द्धन,
(ख) प्रविधिको विकास,
(ग) औद्योगिक लगानीको संरक्षण,
(घ) रुग्ण उद्योगको पुनरुत्थान,
(ङ) उद्यमशीलताको विकास

(७) कोषको खाता सञ्चालन कोषका अध्यक्ष र नगरपालिकाको लेखा सम्बन्धी कार्य गर्ने मुख्य कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

(८) कोषको आन्तरिक लेखा परीक्षण सम्बन्धित कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

१४. **उद्योगको व्यावसायिक सामाजिक जिम्मेवारी:** उद्योगले प्रचलित कानूनद्वारा निर्धारित व्यावसायिक सामाजिक जिम्मेवारी वहन गर्नुपर्नेछ ।

१५. **उद्योगलाई थप सेवा, सुविधा तथा सहुलियत उपलव्ध गराउन सकिने**

(१) ऐनको दफा ३८ मा उल्लेख भए बमोजिम कार्यापालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी सरकारी निजी सहकार्यतामा आवश्यक सुरक्षा प्रबन्ध सहितको औद्योगिक करिडोर, औद्योगिक ग्राम तथा औद्योगिक क्लस्टर घोषणा गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको क्षेत्रमा सञ्चालित उद्योगले प्रचलित कानूनमा उल्लेख भए बमोजिमका अतिरिक्त अन्य थप सेवा, सुविधा तथा सहुलियत प्राप्त गर्न सक्नेछ । यस प्रकारको थप सेवा, सुविधा तथा सहुलियत कार्यपालिकाले औद्योगिक करिडोर, औद्योगिक ग्राम तथा औद्योगिक क्लस्टर घोषणा गर्नको लागि स्थानीय राजपत्रमा सूचना प्रकाशन गर्दा नै उल्लेख गर्नु पर्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपनियम (२) बमोजिम उपलव्ध गराइएको सेवा, सुविधा तथा सहुलियत कार्यपालिकाले स्थानीय राजपत्रमा सूचाना प्रकाशन गरी समय समयमा हेरफेर गर्न सकिनेछ ।

१६. **सुविधा तथा सहुलियतको दुरूपयोग गर्न नहुने:** प्रचलित कानून बमोजिम उद्योगलाई प्राप्त छुट, सुविधा तथा सहुलियत जुन प्रयोजनको लागि दिइएको हो सोही प्रयोजनको लागि मात्र प्रयोग गर्नु पर्नेछ र त्यसको दुरूपयोग गर्न पाइने छैन ।

१७. **बाधा अड्काउ फुकाउने अधिकार:** यस नियमावलीको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो बाधा अड्का फुकाउन सक्नेछ ।

## अनुसूची - १

(नियम ३ को उपनियम (१) सँग सम्बन्धित)

उद्योग दर्ता, अभिलेखीकरण र नवीकरणको लागि दिइने निवेदनको ढाँचा

श्री उद्योग नियमन शाखा,

............................... नगरपालिका,

..............................................।

**विषय: उद्योग दर्ता/अभिलेखीकरण/नवीकरण गरि पाऊँ ।**

महोदय,

...... प्रदेश ...................... जिल्ला ...............................नगरपालिका/गाउँपालिका ........ नं वडामा.................. उद्देश्य रहेको ...................................... नामको उद्योग स्थापना/अभिलेखीकरण/नवीकरण गर्ने चाहना भएकोले देहाय बममोजिमको कागजात संलग्न राखी निवेदन गरेको छु/छौं । निवेदनमा उल्लेख भएको व्यहोरा साँचो छ । झुट्ठा ठहरेमा कानून बमाजिम सहुँला बुझाउँला ।

निवेदकको नाम, थर:

हस्ताक्षर:

नागरिकता प्रमाणपत्रको नम्बर : .... जारी मिति ............... जारी गरेको जिल्ला ................

निवेदकको ठेगाना: प्रदेश ............. जिल्ला ...................... नगरपालिका/गाउँपालिका .......................................वडा नं. ...... टोल/मार्ग ....................घर नम्बर ........ सम्पर्क फोन नं. ................ फ्याक्स नं. .................... इमेल ............................ ।

**संलग्न कागजात/विवरण:**

१. उद्योगको परियोजना प्रस्ताव,
२. नागरिकता प्रमाणपत्रको प्रतिलिपी (विदेशीको हकमा राहदानीको प्रतिलिपी),
३. कम्पनी दर्ताको प्रमाणपत्र, प्रवन्धपत्र, नियमावलीको प्रतिलिपी,
४. साझेदारी कबुलियतनामा (साझेदारी फर्म भएमा),
५. सम्वद्ध निकायको सहमति पत्र,
६. उद्योग रहने स्थानको नक्सांकन सहितको विवरण (उद्योगको ठेगाना सहित),
७. स्थानीय तहको सम्बन्धित वडाको सिफारिस,
८. उद्योगले प्रतिनिधि नियुक्त गरेको भए सो. को अख्तियारीपत्र,
९. उद्योगको आधिकारिक वेवसाइट, इमेल, टेलिफोन र मोबाइल नम्बर,
१०. अन्य कागजात ।

## अनुसूची - २

(नियम ४ को उपनिय (१) सँग सम्बन्धित)

### उद्योग दर्ता र सञ्चालनको सिफारिस माग गर्दा दिइने निवेदनको ढाँचा

श्री उद्योग नियमन शाखा,

......................... नगरपालिका,

...........................................।

**विषयः उद्योग दर्ता र सञ्चालनको सिफारिस पाऊँ ।**

महोदय,

...... प्रदेश ...................... जिल्ला ................................नगरपालिका/गाउँपालिका ........ नं वडामा................... उद्देश्य रहेको ....................................... नामको उद्योग स्थापना र सञ्चालन गर्ने चाहना भएकोले देहाय बममोजिमको कागजात संलग्न राखी सिफारिस पाउन निवेदन गरेको छु/छौं । निवेदनमा उल्लेख भएको व्यहोरा साँचो छ। झुट्ठा ठहरेमा कानून बमाजिम सहुँला बुझाउँला ।

निवेदकको नाम, थरः

हस्ताक्षरः

नागरिकता प्रमाणपत्रको नम्बर : .... जारी मिति .............. जारी गरेको जिल्ला ................

निवेदकको ठेगानाः प्रदेश ............. जिल्ला ...................... नगरपालिका/गाउँपालिका ........................................वडा नं. ...... टोल/मार्ग ....................घर नम्बर ........ सम्पर्क फोन नं. ................ फ्याक्स नं. .................... इमेल ............................ ।

**संलग्न कागजात/विवरणः**

१. उद्योगको परियोजना प्रस्ताव,
२. नागरिकता प्रमाणपत्रको प्रतिलिपी (विदेशीको हकमा राहदानीको प्रतिलिपी),
३. कम्पनी दर्ताको प्रमाणपत्र, प्रबन्धपत्र, नियमावलीको प्रतिलिपी,
४. साझेदारी कबुलियतनामा (साझेदारी फर्म भएमा),
५. सम्वद्ध निकायको सहमति पत्र,
६. उद्योग रहने स्थानको नक्सांकन सहितको विवरण (उद्योगको ठेगाना सहित),
७. स्थानीय तहको सम्बन्धित वडाको सिफारिस,
८. उद्योगले प्रतिनिधि नियुक्त गरेको भए सो. को अख्तियारीपत्र,
९. उद्योगको आधिकारिक वेवसाइट, इमेल, टेलिफोन र मोबाइल नम्बर,
१०. अन्य कागजात ।

**अनुसूची - ३**

(नियम ४ को उपनियम (३) सँग सम्बन्धित)

**उद्योग दर्ता र सञ्चालनको लागि दिइने सिफारिसको ढाँचा**

श्री .........................................
..............................................
.............................................. ।

**विषय: उद्योग दर्ता र सञ्चालनको सिफारिस ।**

महाशय,

तपाईले मिति ................ मा दिनु भएको निवेदन उपर कारबाही हुँदा .................... प्रदेश .................... जिल्ला ........................................ नगरपालिका/गाउँपालिका ......... वडा नं. मा तपाईको उद्योग दर्ता र सञ्चालन गर्न यो सिफारिस प्रदान गरिएको छ।

......................
नगर प्रमुख

## अनुसूची - ४
(नियम ५ सँग सम्बन्धित)

<u>**उद्योग दर्ताको प्रमाणपत्रको ढाँचा**</u>

| |
|---|
| सञ्चालकको फोटो |

श्री ............................ नगरपालिका
उद्योग दर्ताको प्रमाणपत्र ।

उद्योग दर्ता नं. .........                                        मिति : ..................

श्री ............................ नगरपालिका स्थानीय उद्योग दर्ता, सञ्चालन, व्यवस्थापन र नियमन सम्बन्धी ऐन, २०७८ को दफा ६ बमोजिम देहायको विवरण भएको उद्योग दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

१. उद्योग सञ्चालकको नामः
२. उद्योगको नामः
३. उद्योगको ठेगानाः
४. उद्योगको उद्देश्यः
५. उद्योगको कुल पूँजीः
   (क) स्थिर पूँजीः
   (ख) चालु पूँजीः
६. उद्योगको किसिमः लघु उद्यम/घरेलु उद्योग/साना उद्योग/मझौला उद्योग/ठूला उद्योग
७. उद्योग सञ्चालन हुने सिफ्ट संख्याः
८. आवश्यक विद्युत शक्तिः
९. उद्योग सञ्चालन दिन (प्रति वर्ष):
१०. उद्योगले उत्पादन गर्ने वस्तु वा सेवाको प्रकारः
११. आवश्यक पर्ने जनशक्तिः
१२. उद्योग सञ्चालन, व्यावसायिक उत्पादन वा कारोबार सुरु गर्नुपर्ने अवधिः
१३. उत्पादन क्षमताः
१४. अन्यः

............................
(अधिकृतको दस्तखत, नाम थर र पद)

(नोटः उद्योगले पालना गर्नु पर्ने शर्तहरू यस प्रमाणपत्रको पछाडि उल्लेख गरिएको छ)

## शर्तहरू:

प्रचलित कानूनमा तोकिएका शर्तहरूका अतिरिक्त उद्योगले देहायका शर्तहरूको पालना गर्नु पर्नेछ ।

१. उद्योगलाई आवश्यक पर्ने जनशक्ति नेपाली नागरिकबाट पूर्ति गर्नु पर्नेछ । विदेशी जनशक्ति आवश्यक पर्ने भएमा श्रम ऐन, २०७४ को अधीनमा रही विदेशी जनशक्ति राख्न सकिनेछ ।
२. उद्योगमा विदेशी पूँजी लगानी, प्रविधि उपयोग गर्नु परेमा नेपाल सरकार, उद्योग विभागको पूर्व स्वीकृति लिनु पर्नेछ ।
३. अनुमति लिनु नपर्ने उद्योगको पुनरुत्थान, आधुनिकीकरण वा विस्तार गर्दा नगरपालिकाको स्वीकृति लिनु पर्नेछ ।
४. उद्योग चालु भएपछि उद्योग नियमन शाखामा वार्षिक प्रतिवेदन, कार्य प्रगति र उत्पादन विवरण सम्बन्धी मासिक/चौमासिक प्रतिवेदन अनिवार्य पेश गर्नु पर्नेछ । कुनै कारणबस उद्योग बन्द रहेको भए सो को विवरण खुलाई जानकारी गराउनु पर्नेछ ।
५. वातावरण सम्बन्धमा विभागबाट दिइने निर्देशन तथा शर्तहरू पालना गर्नु पर्नेछ । उद्योगबाट उत्सर्जन हुने फोहोरको उचित व्यवस्थापन गर्नु पर्नेछ ।
६. प्रदूषण नियन्त्रण सम्बन्धमा वन तथा वातावरण मन्त्रालयले तथा अन्य सम्बन्धित निकायले तोकेको शर्तहरू र कार्यविधिको अनिवार्य रूपले पालना गर्नु पर्नेछ ।
७. उद्योगको नाम पहिले नै दर्ता भएका कम्पनी वा कसैको व्यापारिक नाम वा ट्रेडमार्कसँग मिलेमा नाम संशोधन गर्नु पर्नेछ । उद्योगबाट उत्पादन वा प्रदान गर्ने वस्तु वा सेवामा ट्रेडमार्क प्रयोग गर्ने भएमा प्रचलित औद्योगिक सम्पत्ति सम्बन्धी कानून बमोजिम दर्ता गराएर मात्र प्रयोग गर्नु पर्नेछ ।
८. उद्योगमा कार्यरत कर्मचारी वा श्रमिकलाई पारिश्रमिक दिंदा अनिवार्य बैंक खाता मार्फत भुक्तानी दिनु पर्नेछ ।
९. औद्योगिक प्रतिष्ठानमा कार्यस्थलमा हुने लैंगिक हिंसा विरुद्धको आचारसंहिता, २०६७ को पालना गर्नु पर्नेछ ।
१०. उद्योग वरिपरिका बसिन्दालाई हानी नोक्सानी नहुने गरी उद्योग सञ्चालन गर्नु पर्नेछ ।

**अनुसूची - ५**

(नियम ६ को उपनियम (१) सँग सम्बन्धित)

## उद्योग सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको जानकारी-पत्रको ढाँचा

श्री उद्योग नियमन शाखा, मितिः ....................

............................. नगरपालिका,

.............................................. ।

**विषयः उद्योग सञ्चालन/व्यावसायिक उत्पादन/कारोबार प्रारम्भ गरेको जानकारी गराएको बारे ।**

महोदय,

............ प्रदेश ................... जिल्ला ............................. नगरपालिका/गाउँपालिका ........ नं वडामा ........................... उद्देश्य रहेको यस उद्योगले मिति ................देखि सञ्चालनमा आएको/व्यावसायिक उत्पादन गरेको/आफ्नो कारोबार प्रारम्भ गरेको व्यहोरा जानाकारीको लागि अनुरोध गरेको छु/छौं ।

................................

(दस्तखत/नाम थर/पद)

## अनुसूची - ६

(नियम ६ को उपनियम (२) सँग सम्बन्धित)

**प्रमाणपत्रमा उल्लेखित अवधि बढाउनको निमित्त दिइने निवेदनको ढाँचा**

श्री उद्योग नियमन शाखा, मिति : ..................

............................ नगरपालिका,

............................................ ।

**विषय: उद्योग सञ्चालन/व्यावसायिक उत्पादन/कारोबार प्रारम्भ गर्ने अवधि थप गरिपाऊँ ।**

महोदय,

उपरोक्त विषयमा मिति .................... मा दर्ता भएको मेरो/हाम्रो .......................... उद्योगले देहायका कारणले उद्योग दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधि भित्र उद्योग सञ्चालन/व्यावसायिक उत्पादन/कारोबार प्रारम्भ गर्न नसकेकोले सो अवधि मिति ............ सम्मको लागि थप गरिदिनु हुन देहायको विवरण सहित निवेदन गर्दछु/गर्दछौं ।

१. उद्योग स्थापनाका लागि हालसम्म भए गरेको कार्यहरू:

(क)

(ख)

२. उद्योग सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ हुन नसक्नुका कारणहरू:

(क)

(ख)

३. उद्योग सञ्चालन, व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्न भएका पहलहरू:

(क)

(ख)

उद्योगको छापः- निवेदकको:-

हस्ताक्षर:

नाम थर:

ठेगाना:

पद:

मिति:

इमेल:

**अनुसूची - ७**

(नियम ७ को उपनियम (१) सँग सम्बन्धित)

**उद्योग स्थानान्तरणको लागि दिइने निवेदनको ढाँचा**

श्री उद्योग नियमन शाखा, मिति : ..................

............................ नगरपालिका,

............................................ ।

**विषय: उद्योग स्थानान्तरणको स्वीकृति बारे ।**

महोदय,

त्यस नगरपालिकामा मिति.................... मा दर्ता भएको ....... प्रदेश ....................... जिल्ला .......................... नगरपालिका/गाउँपालिका ....................... वडा नं. ........ मा स्थापना तथा सञ्चालन भइरहेको यस उद्योग देहायका कारणले गर्दा ................. प्रदेश. ........... जिल्ला ....................... नगरपालिका/गाउँपालिका ........................ वडा नं ........ मा स्थानान्तरण गर्नु पर्ने भएकोले देहायका कागजात/विवरण संलग्न राखी स्थानान्तरणको स्वीकृतिको लागि अनुरोध गर्दछु/गर्दछौं ।

**उद्योग स्थानान्तरण गर्नुपर्ने कारणहरू:**

१.

२.

३.

**संलग्न कागजातहरू:**

१. उद्योग स्थानान्तरण गर्ने सम्बन्धमा सञ्चालक समितिले गरेको निर्णय,
२. स्थानान्तरण हुने स्थानीय तहको सम्बद्ध वडाको सिफारिस,
३. प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन आवश्यक पर्नेको हकमा सो को सम्बन्धित निकायबाट स्वीकृत भएको प्रतिवेदन ।

उद्योगको छापः-

निवेदककोः-
हस्ताक्षरः
नाम थरः
पदः
ठेगानाः
ईमेलः

## अनुसूची - ८

(नियम ७ को उपनियम (२) सँग सम्बन्धित)

### उद्योग स्थानान्तरणको लागि दिइने स्वीकृतिपत्रको ढाँचा

श्री ...............................................

..................................................

.................................................. ।

**विषय: उद्योग स्थानान्तरणको स्वीकृति बारे ।**

महाशय,

तपाईले मिति ....................... मा दिनु भएको निवेदन उपर कारबाही हुँदा .................... प्रदेश ............ जिल्ला .................. नगरपालिका/गाउँपालिका ........................... वडा नं. ....... मा रहेको तपाईको .................................. नाउँको उद्योगलाई .............................. प्रदेश ................. जिल्ला ...................... नगरपालिका/गाउँपालिका ........वडा नं ..........................मा स्थानान्तरणको लागि देहायका शर्तहरूको अधीनमा रही स्वीकृति प्रदान गरिएको छ ।

.....................

नगर प्रमुख

**शर्तहरू:**

१. स्वीकृति प्राप्त भएको मितिले ६ महिनाभित्र उद्योग स्थानान्तरण गरिसक्नु पर्नेछ ।

२. वातावरण सम्बन्धी प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछ ।

३. अन्य शर्तहरू ।

## अनुसूची - ९

(नियम ८ सँग सम्बन्धित)

## उद्योगको अद्यावधिक विवरणको ढाँचा

१. उद्योगको नामः

उद्योग दर्ता मितिः

ठेगानाः

२. विवरण पेश गरेको अवधिः मिति ...................... देखि ...................... सम्म

आर्थिक वर्षः

३. प्रोप्राइटर/साझेदार/सञ्चालकको नामः

४. उद्योग सञ्चालन भएको जम्मा दिनः

उद्योग सञ्चालन सुरु भएको मितिः

५. उत्पादन तथा सेवाको विवरणः

| सि. नं. | बिवरण | परिमाण | | एकाइ | प्रति एकाइ मूल्य | विकी परिमाण (प्रतिशतमा) |
|---|---|---|---|---|---|---|
| | | स्वीकृत क्षमता | उत्पादन परिमाण | | | |
| | | | | | | |

६. कच्चा पदार्थ, केमिकल एवं प्याकेजिङ्ग सामग्रीः

| सि. नं. | विवरण | एकाइ | परिमाण | सरदर एकाइको मूल्य |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

७. उत्पादित सामग्री निर्यात गरेको भए:

(क) निकासी गरेको मुलुकको नाम:

(ख) निकासी परिमाण:

(ग) निकासी मूल्य:

८. प्रचलित कानून बमोजिम नेपाल सरकारबाट उद्योगले प्राप्त गरेको कुनै सहुलियत, छुट वा सुविधा:

९. उद्योगले प्रयोग गरेका अन्य आवश्यक्ताहरू:

| सि.नं. | विवरण | एकाइ | परिमाण | सरदर एकाइको मूल्य |
|---|---|---|---|---|
| १. | पानी | किलोलिटर | | |
| २. | विद्युत माग<br>विद्युत युनिट खपत | केभिए<br>किलोवाट आवर | | |
| ३. | इन्धन<br>(क) कोइला<br>(ख )डिजेल<br>(ग) फर्नेश आयल<br>(घ) एल.पी.ग्यास<br>(ङ) धानको भूस<br>(च) अन्य | मे. टन<br>किलोलिटर<br>लि.<br>मे. टन<br>मे. टन | | |

१०. उद्योगमा कार्यरत जनशक्ति:

| सि.नं. | विवरण | संख्या | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | कुल |
| १. | प्रशासनिक | | | |
| २. | प्राविधिक | | | |
| ३. | श्रमिक<br>(क) उच्च दक्ष<br>(ख) दक्ष<br>(ग) अर्धदक्ष<br>(घ) अदक्ष | | | |

११. उद्योग सञ्चालन गर्दा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभाव न्यूनीकरणको लागि अपनाइएका उपायहरू:

(क)

(ख)

(ग)

(घ)

| | |
|---|---|
| .......................... | .......................... |
| तयार गर्ने | स्वीकृत गर्ने |

उद्योगको छाप :-

सञ्चालक/व्यवस्थापक

## अनुसूची - १०

(नियम ९ सँग सम्बन्धित)

### उद्योगको दर्ता खारेजीको लागि दिइने निवेदनको ढाँचा

श्री उद्योग नियमन शाखा,

.................................... नगरपालिका,

.......................................................।

**विषय: उद्योग दर्ता खारेज गरिदिने सम्बन्धमा ।**

महोदय,

त्यस कार्यालयमा मिति .................. मा दर्ता भई .................. प्रदेश ................ जिल्ला ............................... नगरपालिका/गाउँपालिका ...... वडा नं. ......................... मा स्थापना भई मिति ................ देखि सञ्चालनमा रहेको यस उद्योग ......................... ......................... कारणले सञ्चालन गर्न नसकिने भएकोले श्री ............................... नगरपालिका स्थानीय उद्योग दर्ता, सञ्चालन, व्यवस्थापन र नियमन सम्बन्धी ऐन, २०७८ को दफा १४ को उपदफा (४) बमोजिम उद्योगको दर्ता खारेज गरिदिनु हुन देहायका कागजात/विवरण संलग्न गरी अनुरोध गर्दछु/गर्दछौं ।

**संलग्न कागाजात:**

१. उद्योगको जायजेथा मूल्यांकन प्रतिवेदन,

२. लिक्विडेटरको प्रतिवेदन,

३. कर चुक्ता प्रमाणपत्र,

४. अघिल्लो आ.व.को लेखा परीक्षण प्रतिवेदन,

५. उद्योगमा कार्यरत श्रमिक तथा कर्मचारीको दायित्व,

६. उद्योग विरुद्ध कुनै अदालत वा न्यायीक निकायमा मुद्दा विचाराधीन नरहेको स्वघोषणा।

उद्योगको छाप:-

निवेदकको:-

हस्ताक्षर:

नाम थर:

पद

**अनुसूची - ११**
(नियम १० सँग सम्बन्धित)

**उद्योगको स्थिर पूँजी वा क्षमता परिवर्तनको लागि दिइने निवेदनको ढाँचा**

श्री उद्योग नियमन शाखा,
.................................... नगरपालिका,
.......................................................।

**विषय: उद्योगको स्थिर पूँजी/क्षमता परिवर्तन सम्बन्धमा ।**

महोदय,

........ प्रदेश .................. जिल्ला ............................. गाउँपालिका/ नगरपालिका वडा नं. ......... मा ........................... उद्देश्य रहेको ............................................... नामको उद्योग ................ मितिमा स्थापना भई मिति ................ देखि सञ्चालन भएको र यस उद्योगको सम्बन्धमा देहाय बमोजिमको विवरणमा परिवर्तन वा हेरफेर गर्न आवश्यक भएकोले देहाय बमोजिमको विवरण र कागजात सहित यो निवेदन गरेको छु/छौं । निवेदनमा उल्लेख भएको व्यहोरा साँचो हो । झुट्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

**परिवर्तन गर्नुपर्ने विवरण:**

| क्र.सं. | हाल कायम रहेको | परिवर्तन तथा हेरफेर गर्नु पर्ने | कारण |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

उद्योगको छाप:-

निवेदकको:-
हस्ताक्षर:
नाम थर:
फोन नं.:
इमेल:

संलग्न कागजात:
१. अघिल्लो आ.व.को लेखापरीक्षण प्रतिवेदन,
२. कर चुक्ता प्रमाणपत्र,
३. अनुसूची ९ बमोजिमको अद्यावधिक विवरण,
४. नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
५. प्रबन्धपत्र, नियमावली र कम्पनी दर्ता प्रमाणपत्र (कम्पनी भए),
६. साझेदारी कवुलियतनामा (साझेदारी फर्म भए),
७. सम्बन्धित निकायको सिफारिस,
८. अन्य कागजात ।

## अनुसूची - १२

(नियम ११ सँग सम्बन्धित)

**जग्गा खरिद वा उपलव्ध गराउन अनुरोध भइ आएमा कार्यपालिकाले आवश्यक समन्वय सहजीकरण गरिदिने उद्योगहरू**

१. राष्ट्रिय/स्थानीय प्राथमिकता प्राप्त उद्योग,

२. आफ्नो उत्पादनको कम्तीमा पचास प्रतिशत विदेश निर्यात गर्ने उद्योग,

३. कम्तीमा १०० जना व्यक्तिलाई प्रत्यक्ष रोजगार दिने उद्योग,

४. स्थिर पूँजी एक करोड रूपैंया भन्दा बढी लगानी गर्ने उद्योग,

५. कम्तीमा पचास प्रतिशत स्वदेशी कच्चा पदार्थमा आधारित वा आयातित कच्चा पदार्थ भए कम्तीमा पचास प्रतिशत मूल्य अभिवृद्धि हुने उद्योग ।

## अनुसूची - १३

(नियम १२ सँग सम्बन्धित)

### जग्गा लिजमा प्राप्त गर्न चाहने उद्योगले दिनुपर्ने निवेदनको ढाँचा

श्री प्रमुखज्यू,

.................................. नगरपालिका,

......................................................।

विषयः लिजमा जग्गा उपलव्ध गराइदिने बारे ।

मैले/हामीले .................... प्रदेश ............................ जिल्ला ............................. गाउँपालिका/नगरपालिका वडा नं ......... मा ....................... (वस्तु) उत्पादन गर्न उद्योग स्थापना गर्न लागेको र उक्त उद्योग नेपाल सरकारबाट राष्ट्रिय प्राथमिकता प्राप्त उद्योग भएकोले सो उद्योग स्थापना एवं सञ्चालन गर्नको लागि .......... प्रदेश ........................ जिल्ला .................................. नगरपालिका/गाउँपालिका वडा नं ...... स्थित नेपाल सरकारको स्वामित्वमा रहेको कि.नं. ................. सरकारी जग्गा ............................ वर्गमिटर/रोपनी/विगाहा क्षेत्रफल मध्ये ......................... वर्गमिटर/रोपनी/विगाहा क्षेत्रफलको जग्गा नियमानुसार ...................... वर्षको लागि लिजमा उपलव्ध गराइदिनु हुन देहायका कागजात संलग्न गरी अनुरोध गर्दछु/गर्दछौं ।

**संलग्न कागजातः**

१. उद्योग दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

२. उद्योगले वस्तु उत्पादन गर्ने अनुमतिपत्रको प्रतिलिपि,

३. उद्योगको लागि आवश्यक पर्ने जग्गाको क्षेत्रफलको आधार,

४. उद्योगले लिजमा जग्गा लिनुपर्ने कारण,

५. स्थानीय तहको सिफारिस,

६. उद्योगको परियोजना प्रस्ताव ।

उद्योगको छापः-

निवेदकको हस्ताक्षर : ........................
नाम थर : ......................................
पद : ..........................................

# सन्दर्भ सूची


- नेपाल सरकार (२०७२), **नेपालको संविधान**, काठमाडौं : नेपाल कानून आयोग, कानून किताव व्यवस्था समिति ।
- नेपाल सरकार (२०७४), **स्थानीय सरकार सञ्चालन ऐन २०७४,** काठमाडौं: नेपाल कानून आयोग नेपाल सरकार ।
- नेपाल सरकार (२०७६), **औद्योगिक व्यवसाय ऐन २०७६,** काठमाडौं : नेपाल कानून आयोग नेपाल सरकार ।
- नेपाल सरकार (२०७६), **औद्योगिक व्यवसाय नियमावली २०७६,** काठमाडौं: नेपाल कानून आयोग नेपाल सरकार ।
- १ नं. प्रदेश सरकार (२०७७), **प्रदेश औद्योगिक व्यवसाय ऐन २०७७,** काठमाडौं : प्रदेश १ प्रदेश सभा ।
- लुम्बिनी प्रदेश सरकार (२०७७), **प्रदेश औद्योगिक व्यवसाय ऐन २०७७**, काठमाडौं : लुम्बिनी प्रदेश, प्रदेश सभा ।
- सुदूर पश्चिम प्रदेश सरकार १ नं. (२०७७), **प्रदेश औद्योगिक व्यवसाय ऐन २०७७,** काठमाडौं : सुदूर पश्चिम प्रदेश, प्रदेश सभा ।
- नेपाल सरकार (२०२२), **पेटेन्ट पडजायन र ट्रेडमार्क ऐन २०२२,** काठमाडौं: नेपाल कानून आयोग नेपाल सरकार ।
- नेपाल सरकार (२०६३), **कम्पनी ऐन २०६३,** काठमाडौं : नेपाल कानून आयोग नेपाल सरकार ।
- नेपाल सरकार (२०६४), **सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन २०६४,** काठमाडौं : नेपाल कानून आयोग नेपाल सरकार ।
- नेपाल सरकार (२०६४), **सुशासन (सञ्चालन तथा व्यवस्थापन) नियमावली २०६४,** काठमाडौं : नेपाल कानून आयोग नेपाल सरकार ।
- नेपाल सरकार (२०२०), **साझेदारी ऐन २०२०,** काठमाडौं : नेपाल कानून आयोग नेपाल सरकार ।
- नेपाल सरकार (२०६४), **सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन २०६४,** काठमाडौं : नेपाल कानून आयोग नेपाल सरकार ।
- नेपाल सरकार (२०२०), **साझेदारी ऐन २०२०,** काठमाडौं : नेपाल कानून आयोग नेपाल सरकार ।
- नेपाल सरकार (२०७४), **श्रम ऐन २०७४,** काठमाडौं : नेपाल कानून आयोग नेपाल सरकार ।
- ललितपुर महानगरपालिका (२०७६), **उद्यमशील स्वरोजगार कोष सञ्चालन कार्यविधि, २०७६ स्थानीय राजपत्र, भाग २,** ललितपुर : ललितपुर

महानगरपालिका नेपाल ।

- नेपाल सरकार (२०७६), **वातावरण ऐन २०७६,** काठमाडौं : नेपाल कानून आयोग, नेपाल सरकार ।
- पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय (२०६५), **पर्यटन नीति २०६५,** काठमाडौं : नेपाल सरकार ।
- उद्योग मन्त्रालय (२०६७), **औद्योगिक नीति २०६७,** काठमाडौंः नेपाल सरकार ।
- उद्योग मन्त्रालय (२०७३), **राष्ट्रिय बौद्धिक सम्पत्ति नीति २०७३,** काठमाडौंः नेपाल सरकार ।
- कृषि तथा सहकारी मन्त्रालय (२०६३), **कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३,** काठमाडौंः नेपाल सरकार ।
- उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (२०७७), **गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७,** काठमाडौंः नेपाल सरकार ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (२०७८), **गाउँपालिका/नगरपालिका लघु, घरेलु तथा साना उद्योग नियमन तथा प्रवर्द्धन सम्बन्धी कार्यविधि ऐन २०७८ (नमूना मस्यौदा),** नेपाल सरकार, काठमाडौं ।
- वीरेन्द्रनगर नगरपालिका (२०७७), **स्थानीय उद्योग दर्ता, सञ्चालन, व्यवस्थापन र नियमन सम्बन्धी विधेयक २०७७,** बीरेन्द्रनगर : सुर्खेत, नेपाल ।
- पोखरा महानगरपालिका (२०७७), **पोखरा महानगरपालिकाको पर्यटन विकास ऐन, २०७७ (स्थानीय राजपत्र),** पोखरा नेपाल ।
- राष्ट्रिय योजना आयोग (२०७७) । नवप्रवर्तनको परिचय विकासः **विकासको लागि जर्नल,** सिंहदरवार, काठमाण्डौ । वर्ष ३७ अंक १ (२०७७) पेज ३८-५४
- नेपाल नगरपालिका संघ (२०७५) । **नगरपालिकाका असल अभ्यासहरू,** नेपाल नगरपालिका संघ, काठमाडौं ।
- प्रेमराज पन्त, राजनविक्रम थापा, व्यवस्थापनको सिद्धान्त, २०७० ।

**WEBSITE**

1. https://www.adb.org/sites/default/files/publication/623281/adbi-wp1166.pdf.
2 https://www.unescap.org/sites/default/files/6.%20Mr.%20Rajan%20Sharma%20_%20NEFFA%20Nepal.pdf.
3. https://www.np.undp.org/content/nepal/en/home/sustainable-development-goals.html.
4. http:/www.doblin.com/tentypes




संयोजन तथा वितरण

**उपभोक्ता हित संरक्षण मञ्च नेपाल**
नयाँबानेश्वर, थापागाउँ, काठमाडौं
नेपाल, फोन नं. : ०१ ५२४४३२०
Email : fpcrn2051@gmail.com
website : www.consumerright.org.np

FPCRN